# नेपाली

## कक्षा ६

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

# नेपाली

## कक्षा ६

Curriculum Development Centre

नपाल सरकार
शिक्षा मन्त्रालय
पाठयकम विकास कन्द
सानाठिमी, भक्तपर

# हामा भनाइ

विद्यालय तहका शिक्षालाइ उद्देश्यमूलक, व्यावहारिक, समसामयिक र रोजगारमूलक बनाउन विभिन्न समयमा पाठ्यकम, पाठ्य पुस्तक विकास तथा परिमार्जन गन कार्यलाइ निरन्तरता दिइँद आएका छ। विद्यार्थीमा राष्ट, राष्ट्रिय एकता र लाकतान्त्रिक सस्कारका भावना पदा गराइ नैतिकता, अनशासन र स्वावलम्बन जस्ता सामाजिक एवम चारित्रिक गण तथा आधारभत भाषिक तथा गणितीय सिपका विकास गरी विज्ञान,पसा व्यवसाय, सचना पविधि, वातावरण र स्वस्थ्य सम्बन्धी आधारभूत ज्ञान र जीवनोपयोगी सिपका माध्यमल कला सान्दयपति अभिरुचि जगाउन, मानवीय मूल्य मान्यता, आदर्श र वशिष्ट्यहरूका संरक्षण, संवर्धन गराउनु, सिर्जनशील सिपका विकास गराउन र विभिन्न जातजाति, लिङ्ग, भाषा, धर्म, संस्कृति र क्षेत्रप्रति समभाव जगाइ समावशी समाजका निर्माणमा सहयोग पुऱ्याउन र मानव अधिकार तथा सामाजिक मूल्य मान्यतापति सचत भइ जिम्मेवारीपूण आचरण विकास गराउन आजका आवश्यकता बनेका छ। यही आवश्यकता पतिका लागि शिक्षा सम्बन्धी विभिन्न आयागका सझाव, शिक्षक तथा अभिभावकलगायत शिक्षासग सम्बदध विभिन्न व्यक्ति सम्मिलित गाष्ठी र अन्तरक्रियाका निष्कषबाट परिमाजन गरिएका आधारभत शिक्षा पाठयकम (कक्षा ६– ८ ) का २०६९ अनुसार तयार पारिएका यस पाठय पस्तकलाइ दशका विभिन्न विद्यालयमा परीक्षण गरी पाप्त सझावका आधारमा पनः परिष्कार गरी दशव्यापी रूपमा पयागगन उद्देश्यल यस रूपमा तयार पारिएका हा।

वि.सं. २०५१ मा गोविन्दप्रसाद भट्टराइ र द्रोण दाहालल लेख्नुभएका पाठ्य पुस्तकलाइ आधारभूत तहअन्तर्गत कक्षा ६– ८ का पाठयक्रम (२०६९) अनुसार डा. बद्रीविशाल भटटराइ, गणशपसाद भट्टराई, विष्णुपसाद अधिकारी, दवाकर चापागाइ, रजनी धिमाल र विष्णपसाद अधिकारीद्वारा लखन, परिमाजन तथा सम्पादन गरी यस रूपमा तयार पारिएका हा। यसका थप परिमाजन कायमा यस कन्दका कायकारी निदशक खगराज बरालका साथ पा.डा. हमाङगराज अधिकारी, पा.डा. दयाराम श्रेष्ठ, प्रा.डा. केदारप्रसाद शर्मा, धनञ्जय शमा र डा.गीता खरेलका विशेष योगदान रहेका छ। यस पाठ्य पुस्तकमा नपाल सरकारल स्वीकत गरेअनुसारका वण विन्यास पयाग गरिएका छ। यसकाविषयवस्त सम्पादन शम्भप्रसाद दाहालबाट, भाषा सम्पादन हरिप्रसाद निरालाबाट, लआउट डिजाइन श्रीहरि श्रेष्ठ तथा चित्राङ्कन गौतम मानन्धरबाट भएका हा। उहाहरूलगायत यस पाठय पस्तकका विकास तथा परिमाजन कायमा संलग्न सबप्रति पाठ्यक्रम विकास कन्द धन्यवाद प्रकट गर्दछ।

पाठ्य पुस्तकलाइ शिक्षण सिकाइका महत्त्वपण साधनका रूपमा लिइन्छ। अनुभवी शिक्षक र जिज्ञास विदयार्थील पाठ्यक्रमद्वारा लक्षित सिकाइ उपलब्धिलाइ विविध स्रोत र साधनका प्रयोग गरी अध्ययन अध्यापन गन सक्छन। यस पाठ्य पुस्तकलाइ सकेसम्म कियाकलापमखी र रुचिकर बनाउन पयत्न गरिएका छ तथापि यसमा भाषाशैली, विषयवस्त तथा पस्तुति र चित्राङ्कनका दष्टिल अझ कमी कमजोरी रहेका हन सक्छन। तिनका सुधारका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम सम्पण पाठकहरूका समेत महत्त्वपण भूमिका रहन हँदा सम्बदध सबका समीक्षात्मक सुझाव पाप्त भएमा यसलाइ स्तरीय पाठ्य पुस्तकका रूपमा उपयाग गन सकिन भएकाल रचनात्मक सुझावका लागि पाठ्यकम विकास कन्द हादिक अनरोध गदछ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

वि. स. २०७०

Curriculum Development Centre

# विषय सूची



| पाठ | शीषक | पष्ठसङ्ख्या |
|---|---|---|
| पाठ :१ | गुरु (कविता) | १–६ |
| पाठ :२ | युक्तिसाम शक्ति टिक्दैन (कथा) | ७–१५ |
| पाठ :३ | सामाजिक सद्भाव (प्रबन्ध) | १६–२३ |
| पाठ :४ | भविष्यका योजना (संवाद) | २४–३१ |
| पाठ :५ | साहित्यकार भवानी भिक्षु (जीवनी) | ३२–३८ |
| पाठ :६ | खोला (कविता) | ३९–४४ |
| पाठ :७ | सान र ठुल (कथा) | ४५–५२ |
| पाठ :८ | कृषिमलका प्रयोग (प्रबन्ध) | ५३–५९ |
| पाठ :९ | दाजुलाइ बहिनीका चिठी (चिठी) | ६०–६४ |
| पाठ :१० | युमादेवीका अवतरण (कथा) | ६५–७२ |
| पाठ :११ | सम्पत्तिभन्दा शिक्षा ठुला (वाद विवाद) | ७३–८० |
| पाठ :१२ | स्वाभिमानी मुख (कविता) | ८१–८५ |
| पाठ :१३ | युधिष्ठिरका परीक्षा (कथा) | ८६–९४ |
| पाठ :१४ | लुइ पास्चर (जीवनी) | ९५–१०२ |
| पाठ :१५ | वातावरणका रक्षा (प्रबन्ध) | १०३–१११ |
| पाठ :१६ | राष्ट्रिय विभूति शङ्खधर शाख्वा (जीवनी) | ११२–११८ |
| पाठ :१७ | मानिस न देवता (कथा) | ११९–१२५ |
| पाठ :१८ | कलाका महत्त्व (प्रबन्ध) | १२६–१३३ |
| पाठ :१९ | प्रधानाध्यापकलाइ निवेदन (निवेदन) | १३४–१३८ |
| पाठ :२० | श्रीकृष्णाका पराक्रम (कथा) | १३९–१४६ |


Curriculum Development Centre

पाठ : १

# गुरू

- देवी नेपाल



गुरुमा ज्ञानको ज्योति चम्किलो जब बन्दछ ।
धर्तीले जन्मको **सार** पूर्ण भो अनि भन्दछ ॥
एक एक गरी ज्ञान **शिष्य**मा सर्न थाल्दछ ।
त्यागको **तेज** हो कस्तो ! ढुङ्गो पनि पगाल्दछ ॥

आफू जलेर धर्तीमा उज्यालो गुरु छर्दछन् ।
आफू गलेर **मट्टी** झैँ मूर्ति निर्माण गर्दछन् ॥
जसको **स्नेह**का सामु अरूको स्नेह व्यर्थ छ ।
जसको त्याग देखेर धर्ती **माथ** झुकाउँछ ॥

Curriculum Development Centre

---

*सार* : अर्थ, मुख्य कुरा
*शिष्य* : चेलो, सिकारु
*तेज* : चमक
*मट्टी* : माटो
*स्नेह* : माया
*माथ* : शिर

उनी हुन् **रवि**का छाया उज्यालो **नित्य** छर्दछन् ।
मान्छे ! मानवका लागि बन मानव भन्दछन् ॥
दु:खकष्ट परे सामु जलाई **भस्म** पार्दछन् ।
**अपमान** सही लाखौँ मान्छेलाई सपार्दछन् ॥

गुरुका मनमा चोट परे हिमाल झुक्दछ ।
गुरुका **नेत्र**मा आँसु देखे समुद्र सुक्दछ ॥
गुरु शिष्य भए **द्वेषी** छातीमा चल्छ **हुन्डरी ।**
सिसा झैँ फुट्छ त्यो नाता फेरि जोडिन्न क्यै गरी ॥

गुरु रातसँगै लड्छन् उज्यालो दिन पार्दछन् ।
गुरु ढुङ्गासँगै खेल्छन् अनि माटो बनाउँछन् ॥
उजाड भूमिमा आई फूल रोप्छन् निरन्तर ।
गुरु हुन् सृष्टिका **गाथा** गुरु हुन् ज्ञान **सागर** ॥

गुरु हुन् कार्यले माझी डुङ्गा तार्छन् निरन्तर ।
छोड्दछन् पसिना धारा **यात्री उद्धार खातिर** ॥
माझी हो **वृद्ध** भै ढल्छ, डुङ्गा डुब्छ कुनै दिन ।
सम्झिनै पर्छ यात्रीले दियो सुन्दर जीवन ॥

---

| | | | | | |
|---|---|---|---|---|---|
| *रवि* | : | सूर्य | *गाथा* | : | कथा, वृत्तान्त |
| *नित्य* | : | सधैँ | *सागर* | : | समुद्र |
| *भस्म* | : | खरानी | *यात्री* | : | घुमफिर गर्ने मान्छे |
| *अपमान* | : | हेला | *उद्धार* | : | अप्ठ्यारो स्थितिबाट पार लगाउने काम |
| *नेत्र* | : | आँखा | *खातिर* | : | लागि |
| *द्वेषी* | : | शत्रु | *वृद्ध* | : | बुढो |
| *हुन्डरी* | : | हावाहुरी | | | |



Curriculum Development Centre

## *अभ्यास*

१. **शिक्षकले 'गुरु' कविता वाचन गरेको सुन र तिमी पनि त्यसरी नै वाचन गर ।**

२. **उत्तर भन :**

(क) कति खेर धर्तीले जन्मको सार पुरा भयो भन्छ ?

(ख) गुरुले के गरेर धर्तीमा उज्यालो छर्छन् ?

(ग) गुरु केका छाया हुन् ?

(घ) गुरुका मनमा चोट परे के हुन्छ ?

(घ) के हुँदा छातीमा हुन्डरी चल्छ ?

(ङ) यात्रीले गुरुलाई किन सम्झिनुपर्छ ?

३. **कविताका पङ्क्ति पुरा गरी सार :**

गुरु हुन् ..................................................निरन्तर ।

........................................................... खातिर ॥

माझी हो ........................................................ ।

सम्झिनै...................................................जीवन ॥

४. **उत्तर लेख :**

(क) गुरुको ज्ञान शिष्यमा सर्न थालेपछि के हुन्छ ?

(ख) गुरुले जलेर र गलेर के के गर्छन् ?

(ग) मानव कसरी बन्न सकिन्छ ?

(घ) किन गुरु र शिष्यबिच असल सम्बन्ध हुनुपर्छ ?

(ङ) गुरुलाई ज्ञानको सागर किन भनिएको हो ?

(च) गुरुले शिष्यका लागि के के गर्छन् ?

(छ) 'उजाड भूमिमा आई फुल रोप्छन् निरन्तर' भन्नुको अर्थ के हो ?

Curriculum Development Centre

५. **व्याख्या गर :**

उनी हुन् रविका छाया उज्यालो नित्य छर्दछन् ।

मान्छे ! मानवका लागि बन मानव भन्दछन् ॥

६. **तिम्रो विचारमा गुरुलाई शिष्यले किन सम्मान गर्नुपर्छ ? आफ्नो विचार लेख:**

## *शब्द भण्डार*

७. **उही अर्थ हुने शब्दसँग जोडा मिलाई कापीमा सार :**

| | |
|---|---|
| तेज | चमक |
| गुरु | माया |
| शिष्य | शिक्षक |
| स्नेह | आँखा |
| नेत्र | चेलो |
| | वृद्ध |

८. **तलका शब्दको अर्थ बताऊ :**

धर्ती, पूर्ण, निर्माण, मानव, नाता, द्वेषी, गाथा, पसिना

९. **तलका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गरेर कक्षामा सुनाऊ :**

जन्म, त्याग, मट्टी, छाया, चोट, उजाड, माझी, सुन्दर, डुङ्गा

## *उच्चारण र हिज्जे*

१०. **तलका शब्द शुद्धसँग उच्चारण गर र कापीमा सार :**

चम्किलो, ज्योति, धर्ती, पूर्ण, शिष्य, मट्टी, मूर्ति, व्यर्थ, कष्ट, द्वेषी, सृष्टि, उद्धार, यात्री, हुन्डरी, नित्य, वृद्ध, डुङ्गा

Curriculum Development Centre

११. **सच्याएर कापीमा सार :**

ग्यान, गुरू, समुन्द्र, शिशा, भुमि, माजी, जिवन, हीमाल

१२. **तल लेखिएका कुरा कापीमा सार र साथीलाई सुनाऊ :**

ज्ञानको ज्योति, जन्मको सार, त्यागको तेज, रविका छाया, गुरुका नेत्र, उजाड भूमि, सृष्टिका गाथा, सुन्दर जीवन

१३. **कविताको दोस्रो श्लोक कापीमा सार ।**

१४. **यस कविताबाट शब्दको अन्त्यमा 'छ' र 'न्' भएका शब्द टिप ।**

## *कार्यमूलक व्याकरण*

१५. **पढ, बुझ र गर :**

गुरु, ज्ञान, धर्ती, शिष्य, ढुङ्गो, मट्टी, मूर्ति, रवि, मान्छे, हिमाल, समुद्र, हुन्डरी, डुङ्गा, माझी, गाथा आदि शब्दले वस्तु वा चिजबिजलाई बुझाउँछन् । यी शब्दहरू नाम हुन् । वस्तु, व्यक्ति, भाव र पदार्थहरूलाई चिनाउने शब्दलाई नाम भनिन्छ ।

माथिका नाम शब्दहरू पढी त्यस्तै अन्य पाँच पाँच ओटा नाम शब्द कापीमा लेख ।

१६. **गुरु पाठमा प्रयोग भएका पाँच ओटा नाम शब्द टिपी अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर ।**

१७. **पढ, बुझ र गर :**

(क) गुरुमा ज्ञानको ज्योति चम्किलो बन्दछ ।

(ख) धर्तीले जन्मको सार पूर्ण भो भन्दछ ।

(ग) ज्ञान एक एक गरी शिष्यमा सर्न थाल्दछ ।

(घ) त्यागको तेजले ढुङ्गो पनि पगाल्दछ ।

माथिका वाक्यमा बन्दछ, भन्दछ, थाल्दछ, पगाल्दछ जस्ता क्रियापदहरू प्रयोग भएका छन् । यस किसिमका क्रियापदले वर्तमान समयमा काम हुने कुरालाई जनाउँछन् । वर्तमान समयमा कामको अवस्था दर्साउन प्रयोग हुने क्रियापदलाई वर्तमान कालिक क्रियापद भनिन्छ ।

माथिका कवितामा वर्तमान कालका क्रियापद प्रयोग भएका १० ओटा वाक्यहरू छानी कापीमा लेख ।



Curriculum Development Centre

### *सिर्जनात्मक अभ्यास*

१८. तलका खाली ठाउँमा ठिक शब्द राखेर शीर्षकसहित कविता पुरा गर र पढेर सुनाऊ :

म पढ्छु ..........तिन्को बन्नु छ देश ............ (जिन्दगी, तक्षक, रक्षक)

म हिँड्छु तिनकै .............चिन्नु छ को हो .......... (भक्षक, बाटो, तातो)

सहिद .............हुन् मेरा .............दु:ख दर्दमा (वास्ता, अप्ठ्यारा, आस्था)

मेरो ...............बनोस् ठाडो फेरी नि:श्वास .......... मा (हात, हर्ष, शिर)

म लेख्छु .......... को गाथा 'बन मानव'..............(कष्ट, राष्ट्र, शीर्षक)

म बन्छु.......... को स्रष्टा तिमी हौ नव .............(दर्शक, सुख, युग)


मेरा ...........का वर्ण बन्ने छन् .............. का कसी (खुसी, रण, मस्तिष्क)

मेरा कलमका .............बन्ने छन् सुखका ...............(असी, मसी, डोब)

१९. 'आमा' शीर्षकमा चार हरफको कविता लेख ।

Curriculum Development Centre

# पाठ : ३ सामाजिक सद्भाव



Curriculum Development Centre

मानिस सामाजिक प्राणी हो । त्यसैले उसलाई समाजको आवश्यकता पर्छ । जसरी **समाजविहीन** मानवको कल्पना गर्न सकिँदैन, त्यसै गरी मानवविहीन समाजको पनि अस्तित्व हुँदैन । मानिस मानिसबिचको आपसी प्रेम, विश्वास, मेल मिलापबाट नै सामाजिक **सद्भाव**को विकास हुन्छ । जसरी माटो र ढुङ्गा आपसमा मिल्दा बलियो गारो बन्छ, त्यसै गरी मानव मानवबिचको सम्बन्धबाट समाजको निर्माण हुन्छ । समाजमा विभिन्न जातजाति, भाषाभाषी, धर्म संस्कृतिका मानिसहरू बस्छन् । ती सबैसँग मित्रवत् व्यवहार गर्नु हरेक मानिसको कर्तव्य हो ।

सबैले सबैको अस्तित्व स्विकार्नु र कसैप्रति **असहिष्णु** नबन्नु नै सभ्य मानिसको चिनारी हो ।मानिस मानिसबिचको एकताको भावनाले समाज र राष्ट्रलाई बलियोएवम् विकसित बनाउन मद्दत गर्छ । त्यसैले हामीले आपसमा मिलेर सबैप्रति सद्भाव राखेर सामाजिक **उत्थान**मा जुट्नुपर्छ । आफ्नै साधन र स्रोतको **परिचालन** गरी समाज एवम् राष्ट्रको नवनिर्माण गर्नुपर्छ । कसैलाई अप्ठ्यारो पर्दा सहयोग गर्न हामी अग्रसर हुनुपर्छ हामीमा दया, माया, करुणा र **मैत्रीभाव** हुनुपर्छ । यी सबै गुणबाट नै सामाजिक सद्भावको विकास हुन्छ ।

---

| | | | | | |
|---|---|---|---|---|---|
| *समाजविहीन* | : | समाज नभएको | *उत्थान* | : | विकास, उन्नति |
| *सद्भाव* | : | राम्रो भावना | *परिचालन* | : | राम्ररी चलाउने काम |
| *असहिष्णु* | : | सहन नसक्ने | *मैत्रीभाव* | : | मित्रमा हुने भावना |

मानिस विवेकशील प्राणी हो । मानिस र अन्य प्राणीका बिचमा धेरै कुराहरू समान देखिन्छन् । पशुमा विवेक हुँदैन । त्यसैले मानिस पशुभन्दा धेरै माथि उठ्न सफल भएको प्राणी हो । भोक सबैलाई लाग्छ । निद्रा सबै प्राणीका लागि प्यारो हुन्छ । जन्मने र मर्ने प्रक्रिया सबै प्राणीमा हुन्छ । सबैको भलाइ चाहने, नराम्रा काम नगर्ने, ठिक बेठिक छुट्याउन सक्ने शक्ति भने मानिसबाहेकका अरू प्राणीमा पाइँदैन । मानिसको यस्तो **सामर्थ्य**लाई विवेक भनिन्छ । यही विशेष गुण भएकाले प्राणीहरूमा मानिस सबैभन्दा श्रेष्ठ मानिएको हो ।



अनेक जातजाति, धर्म, संस्कृति, वर्ग, **सम्प्रदाय**, **वेशभूषा**, भाषा, जीवन शैली, रीति रिवाज आदिको **सम्मिश्रण**बाट समाजको निर्माण हुन्छ । मानिस आफ्नो ज्ञान, सिप, क्षमता आदिले गर्दा समाजमा आफ्नो परिचय दिन चाहन्छ । मानिसको यस्तो भिन्न स्वभावले गर्दा नै समाज उन्नतितर्फ लम्कँदै गएको हो । मानिसमा विशेष योगदान दिने **उत्सुकता** रहेन भने त विकासको मुहान नै सुक्छ ।  संसार मरुभूमि जस्तै **निरस** र **उजाड** बन्न पुग्छ । मानिसको विशेषता भन्नु नै निरन्तर अगाडि बढ्नु हो । गतिशीलता भएन भने त मानव समाज मौलाउन सक्दैन । निरन्तर अगाडि बढ्ने र संसारलाई पनि अगाडि बढाउने शक्ति केवल मानव समाजसँग मात्र छ । हामीले सहिष्णुता, शान्ति, सहयोग, सद्भाव, मानवता र स्वतन्त्रताको रक्षा गर्दै अगाडि बढ्ने प्रयत्न गर्नुपर्छ ।

| | | | | | |
|---|---|---|---|---|---|
| *सामर्थ्य* | : | शक्ति, क्षमता | *उत्सुकता* | : | चासो, अभिरुचि, इच्छा |
| *सम्प्रदाय* | : | खास विचार वा धर्म मान्ने समूह | *निरस* | : | रस नभएको, उराठ |
| *वेशभूषा* | : | लवाइको ढङ्ग, शैली आदि | *उजाड* | : | उराठलाग्दो, दिक्कलाग्दो |
| *सम्मिश्रण* | : | मिसावट, मिश्रण | | | |



Curriculum Development Centre

राम्रा काम र बानी बेहोराले मानिस देवता जत्तिकै मान्न लायक हुन सक्छ । समाजमा **विविधता** हुन्छ । एकै विचार र **आचरण** भएका मानिसहरू पाउन कठिन हुन्छ । कोही असल त कोही खराब स्वभावका मानिसहरू समाजमा हुन्छन् । हामीले जहिले पनि असल मानिसकै **सिको** गर्नुपर्छ । यसबाट व्यक्तिमा नैतिकताको विकास हुन्छ । आपसी झैझगडा, हिंसा, हत्या, अशान्ति र कलह समाज विकासका बाधक तत्त्व हुन् । यस्ता कुराबाट समाजलाई मुक्त राख्न सके शान्ति र सद्भावको विकास हुन्छ । समाजमा गलत र सही कुरा छुट्याएर एकता र **भाइचारा** कायम गर्न सक्नुपर्छ । मानिस सरसङ्गतले सुध्रने प्राणी हो । जस्ताको सङ्गत गऱ्यो त्यस्तै बनिने भएकाले असल वा सत्यकै **अनुयायी** बन्नुपर्छ । हामीले सामाजिक वातावरण ठिक बनाउनुपर्छ । यसका लागि समाजका सदस्यबिच आपसी प्रेम र आदरको भाव तथा मर्यादित बानी बेहोराको आवश्यकता पर्छ । यस्ता कुराहरूमा हाम्रो विशेष ध्यान जानुपर्छ ।

मिलेर बस्ने बानी मानिसमा मात्र होइन पशुपन्छीमा पनिहुन्छ । हाम्रा पुराणहरूमा मानिस, देवता र पशुपन्छीहरू मिलेर काम गरेका कथाहरू पढ्न पाइन्छ । यसै गरी ऋषिमुनिहरूका आश्रममा जङ्गली जीवजन्तु ऋषिमुनिकै शिष्य वा सन्तान झैँ लुट्पुटिने गरेका प्रसङ्गहरू पूर्वीय काव्यहरूमा पाइन्छन् । यसबाट पनि तत्कालीन मानिसको मिलनसार र सद्भावपूर्ण बानीबेहोराको अनुमान गर्न सकिन्छ । पशुपन्छी र जनावरहरूलाई समेत आफ्नो प्रेम र सद्भावले आफूप्रति आकर्षित गर्न सक्ने मानिसले सबैसँग मेल मिलाप गर्न सक्नुपर्छ । **विभेद,** असमानता, स्वार्थ, **चुक्ली** जस्ता **तुच्छ** कुराहरूले मानव समाजमा उपद्रो मच्चिने गर्छन् । यस्ता कुराहरूबाट सामाजिक सद्भावमा **बाधा** पुग्ने भएकाले यस्तो हुन नदिन हामी सबै **सचेत** हुनुपर्छ ।

मानिसमा **परोपकार**को भावना हुनुपर्छ । यो उसको विशेष गुण हो । **स्वावलम्बीपन**ले मानिसलाई **आत्म निर्भर** बनाउँछ । उदार हृदय र त्यागको भावनाबाट मानिस महान् बन्न सक्छ । यस किसिमका मानवीय गुणहरू सामाजिक सद्भाव र मेल मिलापका लागि आवश्यक हुन्छन् । वास्तवमा मेल मिलाप र सद्भावले समाजलाई बस्न लायक बनाउँछन् । एक्लै बस्दा अनेक प्रकारका

---

| | | | | | |
|---|---|---|---|---|---|
| *विविधता* | : | विभिन्नता, अनेकता | *तुच्छ* | : | चुत्थो, निम्न, नीच |
| *आचरण* | : | व्यवहार | *बाधा* | : | कुनै काममा हुने अवरोध |
| *सिको* | : | अनुसरण | *सचेत* | : | चेतना भएको, होसियार |
| *भाइचारा* | : | दाजुभाइको नाता | *परोपकार* | : | अर्काको भलाइ |
| *अनुयायी* | : | अनुसरण गर्ने व्यक्ति | *स्वावलम्बीपन* | : | आफ्नो काम आफैँले गर्ने गुण |
| *विभेद* | : | भेदभाव | *आत्म निर्भर* | : | आफैँमा भर पर्ने |
| *चुक्ली* | : | भए नभएको कुरा लगाउने काम | | | |



Curriculum Development Centre

समस्या भोग्नुपर्ने भएकाले नै मानिसले समाजलाई आफ्नो **आश्रय स्थल** बनाएको हो । आफ्नो सुरक्षित आश्रय स्थललाई मानिस आफैँले सजाउनुपर्छ । यसका लागि कुनै रङ्गीचङ्गी **सजावट**का सामानको आवश्यकता पर्दैन । मानव समाजमा **समझदारी** र परस्परमा सहयोगको भावना आवश्यक हुन्छ ।

आपसी प्रेम र मित्रता तथा विचारको **कदर** गर्ने बानीले सामाजिक मेल मिलाप र सद्भावको विकासमा विशेष **महत्त्व** राख्छ । यस्तै सामाजिक सद्भाव र मेल मिलापका गुणहरूकै कारणले धेरै व्यक्तिहरू महान् भएका छन् । वास्तवमा मानिसलाई सभ्य र उन्नतिशील बनाउने विषय भनेकै सामाजिक सद्भाव नै हो । त्यसैले हामी सधैँ **स्वच्छ**, स्वस्थ र समुन्नत समाजको निर्माणमा लाग्नुपर्छ ।

---

| | | | | | |
|---|---|---|---|---|---|
| *आश्रय स्थल* | : | *बस्ने ठाउँ* | *कदर* | : | *प्रशंसा, सम्मान* |
| *सजावट* | : | *सजाउने वा सिँगार्ने काम* | *महत्त्व* | : | *कुनै कुराको विशेष आवश्यकता* |
| *समझदारी* | : | *होसियारी बुद्धिमानी* | *स्वच्छ* | : | *फोहोर नभएको* |

## *अभ्यास*

१. **तलका प्रश्नको एक वाक्यमा उत्तर भन :**

(क) मानिसलाई किन सामाजिक प्राणी भनिएको हो ?

(ख) मानिस र पशुमा के फरक छ ?

(ग) हामीले कस्ता मानिसको सिको गर्नुपर्छ ?

(घ) समाज विकासका बाधक तत्त्व के के हुन् ?

(ङ) कस्तो भावनालाई परोपकार भनिन्छ ?

(च) हामी केबाट आत्म निर्भर हुन सक्छौँ ?

२. **ठिक बेठिक छुट्याऊ :**

(क) मानिस सामाजिक प्राणी हो ।

(ख) मानिस र अरू प्राणीमा कुनै भिन्नता पाइन्न ।

(ग) मेल मिलाप गर्न नसकिने कुरा हो ।

(घ) मानिसको विशेषता भन्नु नै निरन्तर अगाडि बढ्नु हो ।

(ङ) राम्रो काम गरे पनि मानिस देवता बन्न सक्दैन ।

(छ) मानिसले आफ्ना समस्या मिलेर समाधान गर्न समाजलाई आश्रय स्थल बनाएको हो ।

Curriculum Development Centre

३. **तलका प्रश्नको उत्तर लेख :**

(क) सामाजिक सद्भावको विकास कसरी हुन्छ ?

(ख) मानिस अरू प्राणीभन्दा किन श्रेष्ठ मानिएको हो ?

(ग) समाजको निर्माण कसरी हुन्छ ?

(घ) असल र खराब मानिसमा के कस्ता भिन्नता पाइन्छन् ?

(ङ) समाजलाई सिँगार्न कस्ता गुणहरू आवश्यक हुन्छन् ?

४. **भाव स्पष्ट पार :**

(क) मानिस विवेकशील प्राणी हो ।

(ख) गतिशीलता भएन भने त मानव समाज मौलाउन सक्दैन ।

(ग) उदार हृदय र त्यागको भावनाबाट मानिस महान् बन्न सक्छ ।

५. **तिम्रो क्षेत्रमा 'सामाजिक सद्भाव' सम्बन्धी के कस्ता काम भएका छन् ? समुदायका मानिसहरूसँग सोधेर कक्षामा छलफल गर ।**

६. **तलका भनाइका सम्बन्धमा कक्षामा साथीहरूबिच छलफल गरी शिक्षकलाई सुनाऊ :**

(क) जसरी समाजविहीन मानवको कल्पना गर्न सकिँदैन, त्यसै गरी मानवविहीन समाजको पनि अस्तित्व हुँदैन ।

(ख) सबैसँग मित्रवत् व्यवहार गर्नु नै असल मानिसको पहिचान हो ।

***शब्द भण्डार***

७. **विपरीतार्थी शब्दसँग जोडा मिलाई कापीमा सार :**

| | |
|---|---|
| बलियो | साँचो |
| समान | सरल |
| कठिन | फरक |
| गलत | कमजोर |
| | सद्भाव |

Curriculum Development Centre

८. **मिल्दो शब्दसँग जोडा मिलाई कापीमा सारः**

| | |
|---|---|
| प्रेम | मेल मिलाप |
| व्यवहार | माया |
| एकता | आचरण |
| भावना | अस्तित्व |
| | सद्भाव |

९. **तलका शब्दको अर्थ लेख :**

सद्भाव, उत्थान, विवेक, सम्प्रदाय, गतिशीलता, आत्म निर्भर, सजावट, समुन्नत

१०. **वाक्यमा प्रयोग गर :**

मित्रवत्, अग्रसर हुनु, रीति रिवाज, सिको गर्नु, आचरण, सभ्य, उन्नतिशील

## *उच्चारण र हिज्जे*

११. **पाठका अनुच्छेदहरू पालैपालो सस्वर वाचन गरेर सुनाऊ ।**

१२. **तलका शब्दलाई शुद्धसँग उच्चारण गर :**

सहिष्णुता, स्वच्छ, छुट्याउन, सामर्थ्य, सम्मिश्रण, स्वच्छन्द, आश्रय स्थल, उच्छृङ्खलता, स्वावलम्बीपन, आत्म निर्भर

१३. **पाठको पहिलो र दोस्रो अनुच्छेद कापीमा सार ।**

१४. **पाठबाट 'ण' र 'न' प्रयोग भएका पाँच पाँच ओटा शब्दहरू टिप ।**

## *कार्यमूलक व्याकरण*

१५. **पढ, बुझ र गर :**

- मानिस सामाजिक प्राणी हो ।
- यो गाउँ रमाइलो छ ।
- नेपाल प्राकृतिक सम्पदामा धनी देश हो ।



Curriculum Development Centre

- हामी असल मानिस बन्नुपर्छ ।
- हाम्रो देशका हरिया पहाड र सेता हिमाल देख्दा पर्यटकहरू रमाउँछन् ।
- म परिश्रमी छु ।

माथिका वाक्यमा रेखाङ्कित शब्दहरूले नाम र सर्वनाम शब्दको विशेषता जनाएका छन् । त्यसैले ती शब्दहरू विशेषण शब्द हुन् ।

तल दिइएका केही विशेषण शब्दलाई ध्यान दिएर पढ :

राम्रो, नराम्रो, गुलियो, अमिलो, अग्लो, होचो, बाठो, लाटो, पाल्पाली, झापाली, ठुलो, सानो, जेठो नयाँ, पुरानो, पातलो, दुब्लो, सज्जन, दुर्जन, बदमास, चलाख, पहिलो, दोस्रो, धेरै, थोरै, चार, पाँच, सातौँ, आठौँ, परिश्रमी, गरिब, धनी, मूर्ख, नेपाली, हिमाली, पहाडी, गाउँले

पाँच ओटा विशेषण शब्द टिपेर शिक्षकलाई देखाऊ ।

१६. **खाली ठाउँमा मिल्ने विशेषण शब्द भर :**

(क) नेपाल ............देश हो ।

(ख) सगरमाथा सबैभन्दा ..............हिमाल हो ।

(ग) तिम्रो भाइ .............. छ ?

(घ) झापामा बसोवास गर्ने मानिसलाई .............भनिन्छ ।

(ङ) ..........बहिनी ज्ञानी छे ।

१७. **तलका शब्दहरूमध्ये कुन कुन विशेषण शब्द हुन् ? छानेर लेख :**

नेपाल, मेरो, मलाई, आफ्नो, विशाल, दानी, गुणी, सुन, चाँदी, टर्रो, हर्रो

१८. **पाठको पाँचौँ अनुच्छेदबाट विशेषण शब्द खोजी कापीमा लेख ।**

१९. **तलका विशेषण शब्दलाई वाक्यमा प्रयोग गर :**

असल, खराब, विवेकी, दयालु, ज्ञानी, धनी, धेरै, अग्लो, ठुलो, विशाल

२०. **तलका विशेषण शब्दको प्रयोग गरी आफ्नो कक्षाकोठाको बयान गर :**

सानो, ठुलो, सेतो, कालो, केही, राम्रो, सफा

Curriculum Development Centre

२१. **तलका जोडा शब्दबाट विशेषण र नाम छुट्याऊ :**

| | | | | | |
|---|---|---|---|---|---|
| दया | – | दयालु | कल्पना | – | काल्पनिक |
| शारीरिक | – | शरीर | प्रकृति | – | प्राकृतिक |
| सुन | – | सुनौलो | समाज | – | सामाजिक |
| मिठो | – | मिठाई | विशेष | – | विशेषता |
| नेपाल | – | नेपाली | राष्ट्रिय | – | राष्ट्र |
| किताबी | – | किताव | धन | – | धनी |
| घरेलु | – | घर | गरिबी | – | गरिब |
| भूगोल | – | भौगोलिक | परिश्रम | – | परिश्रमी |
| मानव | – | मानवीय | झापाली | – | झापा |
| सिपालु | – | सिप | महत्ता | – | महान् |

### *सिर्जनात्मक अभ्यास*

२२. **मानिस सामाजिक प्राणी हो भन्ने विषयमा कक्षामा छलफल गर ।**

२३. **विद्यालयमा सामाजिक सद्भाव बिग्रन नदिन शिक्षक विद्यार्थीहरूले के के गर्नुपर्छ ? छुट्टाछुट्टै सुझाव लेखी कक्षामा सुनाऊ ।**

Curriculum Development Centre

## पाठ : ३ सामाजिक सद्भाव



मानिस सामाजिक प्राणी हो । त्यसैले उसलाई समाजको आवश्यकता पर्छ । जसरी **समाजविहीन** मानवको कल्पना गर्न सकिँदैन, त्यसै गरी मानवविहीन समाजको पनि अस्तित्व हुँदैन । मानिस मानिसबिचको आपसी प्रेम, विश्वास, मेल मिलापबाट नै सामाजिक **सद्भाव**को विकास हुन्छ । जसरी माटो र ढुङ्गा आपसमा मिल्दा बलियो गारो बन्छ, त्यसै गरी मानव मानवबिचको सम्बन्धबाट समाजको निर्माण हुन्छ । समाजमा विभिन्न जातजाति, भाषाभाषी, धर्म संस्कृतिका मानिसहरू बस्छन् । ती सबैप्रति मित्रवत् व्यवहार गर्नु हरेक मानिसको कर्तव्य हो ।

सबैले सबैको अस्तित्व स्विकार्नु र कसैप्रति **असहिष्णु** नबन्नु नै सभ्य मानिसको चिनारी हो । मानिस मानिसबिचको एकताको भावनाले समाज र राष्ट्रलाई बलियो एवम् विकसित बनाउन मद्दत गर्छ । त्यसैले हामीले आपसमा मिलेर सबैप्रति सद्भाव राखेर सामाजिक **उत्थान**मा जुट्नुपर्छ । आफ्नै साधन र स्रोतको **परिचालन** गरी समाज एवम् राष्ट्रको नवनिर्माण गर्नुपर्छ । कसैलाई अप्ठ्यारो पर्दा सहयोग गर्न हामी अग्रसर हुनुपर्छ । हामीमा दया, माया, करुणा र **मैत्रीभाव** हुनुपर्छ । यी सबै गुणबाट नै सामाजिक सद्भावको विकास हुन्छ ।

---

*समाजविहीन* : समाज नभएको
*सद्भाव* : राम्रो भावना
*असहिष्णु* : सहन नसक्ने
*उत्थान* : विकास, उन्नति
*परिचालन* : राम्ररी चलाउने काम
*मैत्रीभाव* : मित्रमा हुने भावना

Curriculum Development Centre

मानिस विवेकशील प्राणी हो । मानिस र अन्य प्राणीका बिचमा धेरै कुराहरू समान देखिन्छन् । पशुमा विवेक हुँदैन । त्यसैले मानिस पशुभन्दा धेरै माथि उठ्न सफल भएको प्राणी हो । भोक सबैलाई लाग्छ । निद्रा सबै प्राणीका लागि प्यारो हुन्छ । जन्मने र मर्ने प्रक्रिया सबै प्राणीमा हुन्छ । सबैको भलाइ चाहने, नराम्रा काम नगर्ने, ठिक बेठिक छुट्याउन सक्ने शक्ति भने मानिसबाहेकका अरू प्राणीमा पाइँदैन । मानिसको यस्तो **सामर्थ्य**लाई विवेक भनिन्छ । यही विशेष गुण भएकाले प्राणीहरूमा मानिस सबैभन्दा श्रेष्ठ मानिएको हो ।



अनेक जातजाति, धर्म, संस्कृति, वर्ग, **सम्प्रदाय**, **वेशभूषा,** भाषा, जीवन शैली, रीति रिवाज आदिको **सम्मिश्रण**बाट समाजको निर्माण हुन्छ । मानिस आफ्नो ज्ञान, सिप, क्षमता आदिले गर्दा समाजमा आफ्नो परिचय दिन चाहन्छ । मानिसको यस्तो भिन्न स्वभावले गर्दा नै समाज उन्नतितर्फ लम्कँदै गएको हो । मानिसमा विशेष योगदान दिने **उत्सुकता** रहेन भने त विकासको मुहान नै सुक्छ । संसार मरुभूमि जस्तै **निरस** र **उजाड** बन्न पुग्छ । मानिसको विशेषता भन्नु नै निरन्तर अगाडि बढ्नु हो । गतिशीलता भएन भने त मानव समाज मौलाउन सक्दैन । निरन्तर अगाडि बढ्ने र संसारलाई पनि अगाडि बढाउने शक्ति केवल मानव समाजसँग मात्र छ । हामीले सहिष्णुता, शान्ति, सहयोग, सद्भाव, मानवता र स्वतन्त्रताको रक्षा गर्दै अगाडि बढ्ने प्रयत्न गर्नुपर्छ ।

| | | | |
|---|---|---|---|
| *सामर्थ्य* : | शक्ति, क्षमता | *उत्सुकता* : | चासो, अभिरुचि, इच्छा |
| *सम्प्रदाय* : | खास विचार वा धर्म मान्ने समूह | *निरस* : | रस नभएको, उराठ |
| *वेशभूषा* : | लवाइको ढङ्ग, शैली आदि | *उजाड* : | उराठलाग्दो, दिक्कलाग्दो |
| *सम्मिश्रण* : | मिसावट, मिश्रण | | |

Curriculum Development Centre

राम्रा काम र बानी बेहोराले मानिस देवता जत्तिकै मान्न लायक हुन सक्छ । समाजमा **विविधता** हुन्छ । एकै विचार र **आचरण** भएका मानिसहरू पाउन कठिन हुन्छ । कोही असल त कोही खराब स्वभावका मानिसहरू समाजमा हुन्छन् । हामीले जहिले पनि असल मानिसकै **सिको** गर्नुपर्छ । यसबाट व्यक्तिमा नैतिकताको विकास हुन्छ । आपसी झैँझगडा, हिंसा, हत्या, अशान्ति र कलह समाज विकासका बाधक तत्त्व हुन् । यस्ता कुराबाट समाजलाई मुक्त राख्न सके शान्ति र सद्भावको विकास हुन्छ । समाजमा गलत र सही कुरा छुट्याएर एकता र **भाइचारा** कायम गर्न सक्नुपर्छ । मानिस सरसङ्गतले सुध्रने प्राणी हो । जस्ताको सङ्गत गऱ्यो त्यस्तै बनिने भएकाले असल वा सत्यकै **अनुयायी** बन्नुपर्छ । हामीले सामाजिक वातावरण ठिक बनाउनुपर्छ । यसका लागि समाजका सदस्यबिच आपसी प्रेम र आदरको भाव तथा मर्यादित बानी बेहोराको आवश्यकता पर्छ । यस्ता कुराहरूमा हाम्रो विशेष ध्यान जानुपर्छ ।

मिलेर बस्ने बानी मानिसमा मात्र होइन पशुपन्छीमा पनि हुन्छ । हाम्रा पुराणहरूमा मानिस, देवता र पशुपन्छीहरू मिलेर काम गरेका कथाहरू पढ्न पाइन्छ । यसै गरी ऋषिमुनिहरूका आश्रममा जङ्गली जीवजन्तु ऋषिमुनिकै शिष्य वा सन्तान झैँ लुटपुटिने गरेका प्रसङ्गहरू पूर्वीय काव्यहरूमा पाइन्छन् । यसबाट पनि तत्कालीन मानिसको मिलनसार र सद्भावपूर्ण बानी बेहोराको अनुमान गर्न सकिन्छ । पशुपन्छी र जनावरहरूलाई समेत आफ्नो प्रेम र सद्भावले आफूप्रति आकर्षित गर्न सक्ने मानिसले सबैसँग मेल मिलाप गर्न सक्नुपर्छ । **विभेद,** असमानता, स्वार्थ, **चुक्ली** जस्ता **तुच्छ** कुराहरूले मानव समाजमा उपद्रो मच्चिने गर्छन् । यस्ता कुराहरूबाट सामाजिक सद्भावमा **बाधा** पुग्ने भएकाले यस्तो हुन नदिन हामी सबै **सचेत** हुनुपर्छ ।

मानिसमा **परोपकार**को भावना हुनुपर्छ । यो उसको विशेष गुण हो । **स्वावलम्बीपन**ले मानिसलाई **आत्म निर्भर** बनाउँछ । उदार हृदय र त्यागको भावनाबाट मानिस महान् बन्न सक्छ । यस किसिमका मानवीय गुणहरू सामाजिक सद्भाव र मेल मिलापका लागि आवश्यक हुन्छन् । वास्तवमा मेल मिलाप र सद्भावले समाजलाई बस्न लायक बनाउँछन् । एक्लै बस्दा अनेक प्रकारका

---

*विविधता* : विभिन्नता, अनेकता
*आचरण* : व्यवहार
*सिको* : अनुसरण
*भाइचारा* : दाजुभाइको नाता
*अनुयायी* : अनुसरण गर्ने व्यक्ति
*विभेद* : भेदभाव
*चुक्ली* : भए नभएको कुरा लगाउने काम
*तुच्छ* : चुत्थो, निम्न, नीच
*बाधा* : कुनै काममा हुने अवरोध
*सचेत* : चेतना भएको, होसियार
*परोपकार* : अर्काको भलाइ
*स्वावलम्बीपन* : आफ्नो काम आफैँले गर्ने गुण
*आत्म निर्भर* : आफैँमा भर पर्ने

Curriculum Development Centre

समस्या भोग्नुपर्ने भएकाले नै मानिसले समाजलाई आफ्नो **आश्रय स्थल** बनाएको हो । आफ्नो सुरक्षित आश्रय स्थललाई मानिस आफैँले सजाउनुपर्छ । यसका लागि कुनै रङ्गीचङ्गी **सजावट**का सामानको आवश्यकता पर्दैन । मानव समाजमा **समझदारी** र परस्परमा सहयोगको भावना आवश्यक हुन्छ ।

आपसी प्रेम र मित्रता तथा विचारको **कदर** गर्ने बानीले सामाजिक मेल मिलाप र सद्भावको विकासमा विशेष **महत्त्व** राख्छ । यस्तै सामाजिक सद्भाव र मेल मिलापका गुणहरूकै कारणले धेरै व्यक्तिहरू महान् भएका छन् । वास्तवमा मानिसलाई सभ्य र उन्नतिशील बनाउने विषय भनेकै सामाजिक सद्भाव नै हो । त्यसैले हामी सधैँ **स्वच्छ**, स्वस्थ र समुन्नत समाजको निर्माणमा लाग्नुपर्छ ।

---

| | | | | | |
|---|---|---|---|---|---|
| *आश्रय स्थल* | : | *बस्ने ठाउँ* | *कदर* | : | *प्रशंसा, सम्मान* |
| *सजावट* | : | *सजाउने वा सिँगार्ने काम* | *महत्त्व* | : | *कुनै कुराको विशेष आवश्यकता* |
| *समझदारी* | : | *होसियारी बुद्धिमानी* | *स्वच्छ* | : | *फोहोर नभएको* |

## *अभ्यास*

१. **तलका प्रश्नको एक वाक्यमा उत्तर देऊ :**

(क) मानिसलाई किन सामाजिक प्राणी भनिएको हो ?

(ख) मानिस र पशुमा के फरक छ ?

(ग) हामीले कस्ता मानिसको सिको गर्नुपर्छ ?

(घ) समाज विकासका बाधक तत्त्व के के हुन् ?

(ङ) कस्तो भावनालाई परोपकार भनिन्छ ?

(च) हामी केबाट आत्म निर्भर हुन सक्छौँ ?

२. **ठीक बेठीक छुट्याऊ :**

(क) मानिस सामाजिक प्राणी हो ।

(ख) मानिस र अरू प्राणीमा कुनै भिन्नता पाइन्न ।

(ग) मेल मिलाप गर्न नसकिने कुरा हो ।

(घ) मानिसको विशेषता भन्नु नै निरन्तर अगाडि बढ्नु हो ।

(ङ) राम्रो काम गरे पनि मानिस देवता बन्न सक्दैन ।

(छ) मानिसले आफ्ना समस्या मिलेर समाधान गर्न समाजलाई आश्रय स्थल बनाएको हो ।

Curriculum Development Centre

३. **तलका प्रश्नको उत्तर लेख :**

(क) सामाजिक सद्भावको विकास कसरी हुन्छ ?

(ख) मानिस अरू प्राणीभन्दा किन श्रेष्ठ मानिएको हो ?

(ग) समाजको निर्माण कसरी हुन्छ ?

(घ) असल र खराब मानिसमा के कस्ता भिन्नता पाइन्छन् ?

(ङ) समाजलाई सिँगार्न कस्ता गुणहरू आवश्यक हुन्छन् ?

४. **भाव स्पष्ट पार :**

(क) मानिस विवेकशील प्राणी हो ।

(ख) गतिशीलता भएन भने त मानव समाज मौलाउन सक्दैन ।

(ग) उदार हृदय र त्यागको भावनाबाट मानिस महान् बन्न सक्छ ।

५. **तिम्रो क्षेत्रमा 'सामाजिक सद्भाव' सम्बन्धी के कस्ता काम भएका छन् ? समुदायका मानिसहरूसँग सोधेर कक्षामा छलफल गर ।**

६. **तलका भनाइका सम्बन्धमा कक्षामा साथीहरूबिच छलफल गरी शिक्षकलाई सुनाऊ :**

(क) जसरी समाजविहीन मानवको कल्पना गर्न सकिँदैन, त्यसै गरी मानवविहीन समाजको पनि अस्तित्व हुँदैन ।

(ख) सबैसँग मित्रवत् व्यवहार गर्नु नै असल मानिसको पहिचान हो ।

## *शब्द भण्डार*

७. **विपरीतार्थी शब्दसँग जोडा मिलाई कापीमा सार :**

| | |
|---|---|
| बलियो | साँचो |
| समान | सरल |
| कठिन | फरक |
| गलत | कमजोर |
| | सद्भाव |

Curriculum Development Centre

८. **मिल्दो शब्दसँग जोडा मिलाई कापीमा सारः**

| | |
|---|---|
| प्रेम | मेल मिलाप |
| व्यवहार | माया |
| एकता | आचरण |
| भावना | अस्तित्व |
| | सद्भाव |

९. **तलका शब्दको अर्थ लेख :**

सद्भाव, उत्थान, विवेक, सम्प्रदाय, गतिशीलता, आत्म निर्भर, सजावट, समुन्नत

१०. **वाक्यमा प्रयोग गर :**

मित्रवत्, अग्रसर हुनु, रीति रिवाज, सिको गर्नु, आचरण, सभ्य, उन्नतिशील

## *उच्चारण र हिज्जे*

११. **पाठका अनुच्छेदहरू पालैपालो सस्वर वाचन गरेर सुनाऊ ।**

१२. **तलका शब्दलाई शुद्धसँग उच्चारण गर :**

सहिष्णुता, स्वच्छ, कुद्याउन, सामर्थ्य, सम्मिश्रण, स्वच्छन्द, आश्रय स्थल, उच्छृङ्खलता, स्वावलम्बीपन, आत्म निर्भर

१३. **पाठको पहिलो र दोस्रो अनुच्छेद कापीमा सार ।**

१४. **पाठबाट 'ण' र 'न' प्रयोग भएका पाँच पाँच ओटा शब्दहरू टिप ।**

## *कार्यमूलक व्याकरण*

१५. **पढ, बुझ र गर :**

- मानिस सामाजिक प्राणी हो ।
- यो गाउँ रमाइलो छ ।
- नेपाल प्राकृतिक सम्पदामा धनी देश हो ।



Curriculum Development Centre

- हामी असल मानिस बन्नुपर्छ ।
- हाम्रो देशका हरिया पहाड र सेता हिमाल देख्दा पर्यटकहरू रमाउँछन् ।
- म परिश्रमी छु ।

माथिका वाक्यमा रेखाङ्कित शब्दहरूले नाम र सर्वनाम शब्दको विशेषता जनाएका छन् । त्यसैले ती शब्दहरू विशेषण शब्द हुन् ।

तल दिइएका केही विशेषण शब्दलाई ध्यान दिएर पढ :

राम्रो, नराम्रो, गुलियो, अमिलो, अग्लो, होचो, बाठो, लाटो, पाल्पाली, झापाली, ठुलो, सानो, जेठो, नयाँ, पुरानो, पातलो, दुब्लो, सज्जन, दुर्जन, बदमास, चलाख, पहिलो, दोस्रो, धेरै, थोरै, चार, पाँच, सातौँ, आठौँ, परिश्रमी, गरिब, धनी, मूर्ख, नेपाली, हिमाली, पहाडी, गाउँले

पाँच ओटा विशेषण शब्द टिपेर शिक्षकलाई देखाऊ ।

१६. **खाली ठाउँमा मिल्ने विशेषण शब्द भर :**

(क) नेपाल ............देश हो ।

(ख) सगरमाथा सबैभन्दा ............हिमाल हो ।

(ग) तिम्रो भाइ ............... छ ?

(घ) झापामा बसोवास गर्ने मानिसलाई .............भनिन्छ ।

(ङ) ..........बहिनी सानो छे ।

१७. **तलका शब्दहरूमध्ये कुन कुन विशेषण शब्द हुन् ? छानेर लेख :**

नेपाल, मेरो, मलाई, आफ्नो, विशाल, दानी, गुणी, सुन, चाँदी, टर्रो, हर्रो

१८. **पाठको पाँचौँ अनुच्छेदबाट विशेषण शब्द खोजी कापीमा लेख ।**

१९. **तलका विशेषण शब्दलाई वाक्यमा प्रयोग गर :**

असल, खराब, विवेकी, दयालु, ज्ञानी, धनी, धेरै, अग्लो, ठुलो, विशाल

२०. **तलका विशेषण शब्दको प्रयोग गरी आफ्नो कक्षाकोठाको बयान गर :**

सानो, ठुलो, सेतो, कालो, केही, राम्रो, सफा

Curriculum Development Centre

२१. **तलका जोडा शब्दबाट विशेषण र नाम छुट्याऊ :**

| | | | | | |
|---|---|---|---|---|---|
| दया | – | दयालु | कल्पना | – | काल्पनिक |
| शारीरिक | – | शरीर | प्रकृति | – | प्राकृतिक |
| सुन | – | सुनौलो | समाज | – | सामाजिक |
| मिठो | – | मिठाई | विशेष | – | विशेषता |
| नेपाल | – | नेपाली | राष्ट्रिय | – | राष्ट्र |
| किताबी | – | किताव | धन | – | धनी |
| घरेलु | – | घर | गरिबी | – | गरिब |
| भूगोल | – | भौगोलिक | परिश्रम | – | परिश्रमी |
| मानव | – | मानवीय | झापाली | – | झापा |
| सिपालु | – | सिप | महत्ता | – | महान् |

***सिर्जनात्मक अभ्यास***


२२. **मानिस सामाजिक प्राणी हो भन्ने विषयमा कक्षामा छलफल गर ।**

२३. **विद्यालयमा सामाजिक सद्भाव बिग्रन नदिन शिक्षक विद्यार्थीहरूले के के गर्नुपर्छ ? छुट्टाछुट्टै सुझाव लेखी कक्षामा सुनाऊ ।**

Curriculum Development Centre

## पाठ : ४ भविष्यको योजना

(माछापुच्छ्रे उच्च माध्यमिक विद्यालयमा, कक्षा ६ मा भर्ना भएका विद्यार्थीहरूमध्ये नोर्बु शेर्पा, सरला गुरुङ, राजन शर्मा, अनिता परियार, अनिस अन्सारी र अनुष्का यादव नयाँ विद्यार्थी हुन् । उनीहरू विद्यालयमा भेट भएको पहिलो दिन हो । ( सबै चिटिक्क परेका छन् । आजको पढाइ सकिएपछि घर फर्कँदै गर्दा उनीहरूबिच भएको कुराकानी तल प्रस्तुत गरिएको छ : )



नोर्बु : ए ! तिमीहरूलाई नयाँ विद्यालय आउँदा कस्तो लागेको छ हँ ?

सरला: मलाई त रमाइलै लागेको छ । विद्यालयको वातावरण रमाइलो रहेछ, पछाडि फर्क्यो माछापुच्छ्रे हिमालकै काखमा बसे जस्तो, अगाडि फेवातालको **मन मोहक** दृश्य देखिने, वरिपरि हराभरा डाँडाकाँडा रहेछन् । निकै सुन्दर स्थलमा पढ्न पाउँदा मलाई त निकै खुसी लागेको छ ।

राजन : आहा ! साथी त निकै प्रभावित भए जस्तो छ नि ! मेरो घर नजिकैको गाउँमा भएकाले पनि होला, त्यस्तो नयाँ अनुभव त गरेको छैन । साथीले भने जस्तै विद्यालयको वातावरण भने **रोमाञ्चक** नै छ । कसो हँ ? साथीहरू ! (सबैले हो हो भन्छन् ।)

---

*मन मोहक* : मन लोभ्याउने
*रोमाञ्चक* : रमाइलो, हर्षित गराउने



Curriculum Development Centre

अनिता : हामी सबै नयाँ नयाँ साथी परेछौँ। विद्यालय पनि नयाँ, गाउँ, ठाउँ पनि नयाँ अनि सबैका विचार पनि नयाँ छन् कि क्या हो ?

अनिस : अनिताले त नयाँ कुरा पो सुरु गरिन् त साथीहरू । तपाईंहरू भोलि के कस्तो मान्छे बन्ने विचार छ त ?

अनुष्का : साथीहरू म त तराईमा बस्छु। बुबाको जागिर यतै भएकाले तपाईंहरूसँग भेटघाट हुने अवसर मिल्यो । मेरो त कृषि विषय पढेर तराईमा कृषि क्षेत्रमा सहयोग पुऱ्याउने विचार छ । नोर्बु के गर्ने नि ?(सबै फटाफट हिँड्छन् ।)

नोर्बु : मेरो पनि त हिमाली भेगमा **पर्यटन** विकास र जडीबुटी उद्योगमा लाग्ने विचार छ । नेपालको **बहुमूल्य** जडीबुटीको सही विकास गरेमा काम खोज्न विदेश जानै पर्दैन भन्ने लाग्छ, कि कसो सरला ?

सरला : अहो ! साथीहरूले त निकै घत लाग्दा कुरा पो गर्न लागे त। मेरो मनमा पनि एउटा योजना थियो। साथीहरूका कुरा सुन्दा त मेरा पनि योजनाका कुरा सुनाऊँ जस्तो लाग्यो।

राजन : सुनाऊ न त । कस्तो छ तिम्रो योजना ? (राजन मुसुक्क हाँस्छ ।)

सरला : हैन, मेरो विचारमा देशमा उद्योग, कल कारखाना राम्रोसँग विकास नहुनाले हाम्रा नेपाली दाजुभाइ सबै बिदेसिन बाध्य भएका हुन्। यही देशमा पर्याप्त मात्रामा उद्योग, कल कारखाना भए कोही पनि विदेश जानु पर्दैनथ्यो हैन र !

अनिता : अहो ! साथीहरू तपाईंहरूले त निकै राम्रा राम्रा योजना सोच्नुभएको रहेछ । म त देश विकास नहुनुमा राम्रो र दक्ष **जनशक्ति** उत्पादन हुन नसक्नु हो भन्ने ठान्छु । त्यसैले राम्रो शिक्षक भएर दक्ष जनशक्ति उत्पादनमा जीवन **समर्पण** गर्ने विचार छ मेरो त ।

राजन : साथीहरूका कुरा सुन्दा म त दङ्ग पो परेँ । म त राम्रोसँग पढेर १२ कक्षा पास गरेपछि विदेश पस्ने विचार छ । जमाना कहाँ पुग्यो, तिमीहरू त कुवाको भ्यागुतो भएर यहीँ बस्ने विचार पो गर्छौ बा ।

अनुष्का : धत् ! राजनलाई चाहिँ किन विदेशको हावाले छोएको होला नि ?

---

पर्यटन : महत्वपूर्ण ठाउँहरूको भ्रमण गर्ने काम
बहुमूल्य : धेरै मूल्य भएको
जनशक्ति : जनताको शक्ति, मानव शक्ति
समर्पण : सम्मानपूर्वक दिने काम, सुम्पने काम



Curriculum Development Centre

राजन : (राजन नाक खुम्च्याउँदै ) हैन साथीहरू ! तिमीहरू देशको परिस्थिति र विश्व परिवेशसँग परिचित छैनौ जस्तो छ । देशमा उद्योग, बिजुली, बाटोघाटो, जनशक्ति विकासलगायतका पूर्वाधारको कमी छ । त्यसैले मलाई यहाँ बसेर जीवन उन्नत होला जस्तो लाग्दैन ।

अनिता : अहो ! राजन तिमी किन यति **निराशावादी** ? तिमीले भने जस्तो सबै क्षेत्रमा आशा गर्नै नसकिने स्थिति कहाँ छ र ? देशको विकास गर्ने भनेको त तिमी, हामी नै त हो नि ! हामीले राम्रोसँग पढेर आआफ्नो तर्फबाट राम्रा कामहरू गरेर देशको विकास गर्नुपर्दछ । फेरि देश विकास गर्ने भनेको कुरा रातारात हुने पनि त होइन । ( अनिताको अनुहार मलिन हुन्छ ।)

नोर्बु : हो, अनिताले ठिक कुरा गरिन् । देश बनाउने नेताले मात्र पनि होइन नि । हरेक नागरिकले **नैतिकता र** इमानदारीका साथ आआफ्नो कर्तव्य पुरा गर्ने गरेमा देश अगाडि बढिहाल्छ नि ।

सरला : अहो ! कुरा त धेरै आए, राजन किन चुप बसेको ? सबै यही देशमा बसेर आफ्नो काम कर्तव्य पुरा गर्न सके त देश अगाडि बढ्छ नि । मैले अघि नै भने नि, देश विकासको मूल आधार उद्योग र कल कारखाना नै हो । त्यसैले कृषि, पर्यटन, ऊर्जा आदि सबै क्षेत्र उद्योगका रूपमा विकास गर्नुपर्छ । मेरो त त्यसैतर्फ लाग्ने विचार छ ।

अनिस : मलाई पनि विदेश जानु राम्रो कुरा होइन जस्तो लाग्छ । हामीले **प्राविधिक** ज्ञानको विकास गर्नुपर्छ । विदेश गएर अर्काको चाकरी गर्नुभन्दा त स्वदेशमै बसेर केही गर्नुपर्छ भन्ने लाग्छ । हाम्रा लागि हाम्रा अभिभावक र राज्यले गरेको **लगानी**को **प्रतिफल** विदेशमा दिनु राष्ट्रका लागि हित हुने कुरा होइन । हाम्रा लागि देशले गरेको **योगदान** देशका लागि नै फिर्ता गर्नुपर्छ । विदेश अनुभव बटुल्न जाने, नयाँ ज्ञान, सिप, प्रविधि सिक्न जाने कुरा ठिक छ । विदेशमै बस्ने कुरा **राष्ट्रभक्त** नेपालीका लागि सुहाउने कुरा होइन, कसो राजन ?

---

*निराशावादी* : जीवनमा आशा नगर्ने, उत्साह पैदा नगर्ने
*नैतिकता* : सही वा गलत छुट्याउने चेतना, विवेक
*प्राविधिक* : प्रविधि सम्बन्धी, व्यावहारिक, प्रयोगमूलक
*लगानी* : उद्योग, व्यापार आदिमा पैसा लगाउने काम
*प्रतिफल* : लगानीबाट आएको फल, मिहिनेतबाट प्राप्त फल
*योगदान* : महत्त्वपूर्ण सहयोग, विशेष भूमिका, देन
*राष्ट्रभक्त* : देशप्रति समर्पित, देशको माया गर्ने



Curriculum Development Centre

राजन : मैले पनि देशमै बस्नु हुँदैन भनेर त कहाँ भनेको हुँ र ? यहाँ बसेर केही काम गर्नै सकिँदैन भन्ने चिन्ता पो त ! तर सबैका कुरा सुन्दा मलाई यहीँ काम गर्ने जाँगर बढेको छ । हेरौँ , भविष्यमा के हुन्छ ?

अनिता : मलाई त अनिसको कुरा धेरै राम्रो लाग्यो । देशको लगानीबाट सेवा दिने बेलामा विदेश जाने कुरा राम्रो होइन । तसर्थ हामी जस्ता भोलिका **कर्णधार**हरूले यहीँ बसेर केही गर्ने विचार बनाउनुपर्छ । सबैले यही कुरामा **प्रण** गरौँ न ।

नोर्बु : हुन्छ त साथीहरू ! अब घर पनि आउन लाग्यो, छुट्टिने बेला पनि भयो । नयाँ साथीहरूसँग यति गहन कुरा भएकामा धेरै खुसी लाग्यो । हामी सबै यसै देशमा बस्नुपर्छ । कसैले शिक्षक भएर दक्ष जनशक्ति उत्पादन गर्नुपर्छ । कसैले उद्योग, कल कारखाना खोल्नुपर्छ । कसैले पर्यटन व्यवसाय गर्ने, कसैले जडीबुटी उद्योग गर्नेलगायतका कार्य गरेर देशलाई उज्ज्वल भविष्यमा लैजानुपर्छ । राजन पनि आफ्नो विचार परिवर्तन गर ल !

राजन : साथीहरूका असल विचारबाट म पनि प्रभावित भएँ । मैले पनि यो देशमै गर्नै सकिन्न भन्ने कुरा त गरेको होइन । विदेश जाँदा चाँडो उन्नति, प्रगति गर्न सकिन्छ कि भन्ने विचार पो राखेको हुँ । ठिकै छ, विदेश गए पनि उन्नत ज्ञान, सिप, प्रविधि सिकेर स्वदेश मै फर्केर देशको सेवा गरौँला नि ।

अनिता : ल त राजनको पनि विचार परिवर्तन भए जस्तो छ । यसबारेमा हाम्रो कक्षामा पनि छलफल गर्नुपर्छ । गुरुलाई यस (मेरो भविष्यको योजना) विषयमा विद्यार्थी साथीहरूलाई आफ्नो विचार प्रस्तुत गर्ने कार्यक्रम सञ्चालन गर्न अनुरोध गर्नुपर्छ । अनि सबैका कुरा पनि त थाहा हुन्छ । कसो साथीहरू ! ल त आज बिदा होऔँ । सबैलाई नमस्कार !

(नमस्कार भन्दै सबै आपसमा बिदा हुन्छन् । )

---

*कर्णधार* : समस्याबाट मुक्ति दिने

*प्रण* : प्रतिज्ञा, अठोट, दृढ निश्चय

Curriculum Development Centre

## अभ्यास

१. **तलका प्रश्नको उत्तर भन :**

(क) यस पाठमा जम्मा कति जना पात्र छन् ?

(ख) अनिता परियारको जीवनको लक्ष्य के हो ?

(ग) नोर्बु शेर्पाको भविष्यको योजना कस्तो छ ?

(घ) अनिताको विचारमा देश विकास नहुने कारण के हो ?

(ङ) तिमीले भविष्यमा के गर्ने विचार गरेका छौ ?

२. **पाठका आधारमा ठिक बेठिक छुट्याऊ :**

(क) नोर्बुले पर्यटन विकास र जडीबुटी उद्योगमा लाग्ने विचार राखे ।

(ख) हामीले प्राविधिक ज्ञानको विकास गर्नु हुँदैन ।

(ग) राज्यले गरेको लगानीको प्रतिफल विदेशमा दिनुपर्छ ।

(घ) उन्नत ज्ञान, सिप र प्रविधिको प्रयोग गरी देशको विकास गर्नुपर्छ ।

३. **तलका भनाइ कसका हुन् ? पत्ता लगाई लेख :**

(क) मेरो त तराईमा कृषि क्षेत्रमा सहयोग पुऱ्याउने विचार छ ।

(ख) मेरो पनि त हिमाली भेगमा पर्यटन विकास र जडीबुटी उद्योगमा लाग्ने विचार छ ।

(ग) जनताका छोराछोरी राजनीतिक नेतृत्वमा पुगेका छन् ।

(घ) देश विकासको मूल आधार उद्योग, कल कारखाना नै हो ।

(ङ) विदेश गएर अर्काको चाकरी गर्नुभन्दा त स्वदेशमै बसेर केही गर्नुपर्छ ।

४. **तलका प्रश्नको छोटो उत्तर लेख :**

(क) 'भविष्यको योजना' भन्नाले के बुझिन्छ ?

(ख) हरेक नागरिकले के गरेमा आआफ्नो कर्तव्य पुरा गरेको मानिन्छ ?

(ग) अनिताले किन शिक्षक हुने विचार गरेकी होलिन् ?

(घ) विदेश जाने राजनको विचार तिमीलाई कस्तो लाग्यो ?

(ङ) देशको भविष्य उज्ज्वल बनाउने उपाय के के हुन् ?

Curriculum Development Centre

## शब्द भण्डार

५. उस्तै अर्थ हुने शब्दसँग जोडा मिलाई कापीमा सार :

| | |
|---|---|
| रोमाञ्चक | योग्य |
| विकास | उत्साह |
| दक्ष | उन्नति |
| व्यवसाय | पेसा |
| जाँगर | रमाइलो |
| | जनशक्ति |

६. मिल्दो शब्दसँग जोडा मिलाई कापीमा सार :

| | |
|---|---|
| चिटिक्क | हिँड्नु |
| फटाफट | पर्नु |
| मुसुक्क | आउनु |
| टुप्लुक्क | बस्नु |
| थचक्क | हाँस्नु |
| | उफ्रनु |

७. अर्थ बताऊ :

सुन्दर, भण्डार, पर्यटन, योजना, विकास, सक्षम, दक्ष, नेतृत्व

८. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :

वातावरण, काख, अनुभव, कृषि, उत्पादन

## उच्चारण र हिज्जे

९. पाठमा प्रयोग भएका पात्रहरूको संवाद हाउभाउ सहित पढेर सुनाऊ ।

१०. तलका शब्द शुद्धसँग उच्चारण गर :

भविष्य, नोर्बु, वातावरण, प्रभावित, कृषि, उद्योग, उज्ज्वल



Curriculum Development Centre

११. **बोलाइ र लेखाइको फरक बुझ :**

| बोलाइ | लेखाइ |
|---|---|
| रोमान्चक | रोमाञ्चक |
| सन्चालन | सञ्चालन |

१२. **तलका शब्दहरू शुद्ध गरेर मिल्यो मिलेन साथीलाई देखाऊ :**

परेटन, कर्नधार, दाजूभाई, नैतीकता, परण

## *कार्यमूलक व्याकरण*

१३. **तलका वाक्यहरू पढेर नाम शब्द टिप :**

माछापुच्छ्रे उच्च माध्यमिक विद्यालयमा कक्षा ६ मा भर्ना भएका विद्यार्थीहरूमध्ये नोर्बु शेर्पा, सरला गुरुङ, राजन शर्मा, अनिता परियार, अनिस अन्सारी र अनुष्का यादव नयाँ विद्यार्थी हुन् । उनीहरू स्वदेशमा नै परिश्रम गर्न राम्रो ठान्दछन् ।

१४. **पढ, बुझ र गर :**

(क) यो हाम्रो विद्यालय हो ।

(ख) छ कक्षामा धेरै विद्यार्थी छन् ।

(ग) नोर्बु, सरला र राजन मुसुक्क हाँसे ।

(घ) राजनले भन्यो, "अनितालाई थाहा भएन ।"

(ङ) ए ! तिमीहरूलाई नयाँ विद्यालय आउँदा कस्तो लागेको छ हँ ?

(च) आहा ! साथी त निकै प्रभावित भए जस्तो छ ।

(छ) धत् ! राजनलाई किन विदेशको हावाले छोएको होला नि ?

(ज) तिमीहरूलाई विद्यालयको वातावरण कस्तो लागेको छ ?

(झ) तिम्रो झोला कस्तो छ ?



Curriculum Development Centre

माथिका वाक्यमा पूर्ण विराम (।), अल्प विराम (,), उद्गार चिह्न (!) र प्रश्न चिह्न (?) को प्रयोग गरिएको छ ।

वाक्य पुरा भएपछि पूर्ण विराम चिह्न प्रयोग गरिन्छ । पदहरू र वाक्यका बिचमा छोटो अडिनका लागि अल्प विराम चिह्नको प्रयोग गरिन्छ । हर्ष, विस्मात, घृणा, आश्चर्य आदि मनको भाव बुझाउन र सम्बोधनको सन्दर्भमा उद्गार चिह्नको प्रयोग गरिन्छ । कुनै विषयको जानकारीका लागि प्रश्न गर्दा प्रश्न चिह्नको प्रयोग गरिन्छ ।

पाठ पढेर पूर्ण विराम, प्रश्न चिह्न, उद्गार चिह्न र अल्प विरामको प्रयोग गरिएका दुई दुई ओटा वाक्य टिप ।

**१५. तलका चिह्न प्रयोग गरी दुई दुई ओटा वाक्य बनाऊ :**

| | |
|---|---|
| पूर्ण विराम चिह्न | । |
| प्रश्न वाचक चिह्न | ? |
| अल्प विराम चिह्न | , |
| उद्गार चिह्न | ! |

### *सिर्जनात्मक अभ्यास*

**१६. शिक्षकले दिएको विषयमा आधारित भई हाउभाउसहित दुई दुई जनाबिचमा संवाद गरी कक्षामा सुनाऊ र आफ्नो बोलाइको सुधार गर्न सुझाव माग ।**

**१७. पत्रपत्रिका अध्ययनको महत्त्व शीर्षक राखी दुई जनाबिचको एक संवाद लेख ।**

**१८. बिदाका दिन घुम्न जाँदा साथीहरूसँग भएको कुराकानीका आधारमा संवाद लेख ।**

Curriculum Development Centre

# पाठ : ५ साहित्यकार भवानी भिक्षु

भवानी भिक्षु नेपाली साहित्यमा **सुपरिचित** नाम हो । 'भिक्षु' उनको उपनाम हो । उनको वास्तविक नाम भवानीप्रसाद गुप्ता हो ।



उनको जन्म वि.सं. १९६६ साल जेठ २१ गते कपिलवस्तु जिल्लाको तौलिहवामा भएको हो । उनी पिता इन्द्रप्रसाद गुप्ता र माता यशोदादेवीका माहिला छोरा थिए । तिन चार वर्षको उमेरमा उनलाई बिफरले झन्डै मृत्युको मुखमा पुऱ्याएको थियो ।

त्यति बेला बिफरको औषधी पत्ता लागेको थिएन । गाउँलेहरू गाउँमै साधारण उपचार गर्थे । तराईमा बिफर लागेका बच्चालाई भवानीको मन्दिरमा लगेर बचाइदेऊ भन्ने **पुकारा** गरिन्थ्यो । यही अन्ध विश्वासमा परी उनकी आमाले पनि मन्दिरमा लगिन् र छोरो बचाइदेऊ भनी **भिक्षा** मागिन् । आमाले उनलाई बेलुका मन्दिरमै छाडेर देवीको उपासना गरिन् । बिहान जाँदा उनी मरेका थिएनन् । आमाले घरमा ल्याएर उपचार गरेपछि उनी बाँचे । त्यसपछि उनकी आमाले उनको नाम नै भिक्खा राखिदिइन् । यसै आधारमा भवानीप्रसाद गुप्ताले भवानी 'भिक्षु' भनेर आफ्नो साहित्यिक नाम रोजे । त्यही नाम नै नेपाली साहित्यमा एउटा **अविस्मरणीय** नाम रहन पुग्यो ।

इन्द्रप्रसाद गुप्ता तौलिहवाका **जमिनदार** थिए । त्यसकारण भिक्षुको बाल्यकाल सुखमै बित्यो । राम्रो पालन पोषण र शिक्षादीक्षामा उनी हुर्कँदै गए । उनले भारतको विद्यालयमा अध्ययन गर्न सुरु गरे । औपचारिक रूपमा उच्च शिक्षा हासिल गर्ने मौका उनलाई मिलेन । अध्ययनशील स्वभावले गर्दा उनी **स्वाध्ययन**मा लागिरहे । फलस्वरूप उनी सफल साहित्यकारका रूपमा स्थापित हुन सके ।

---

*सुपरिचित* : राम्रोसँग परिचय भएको, राम्रोसँग चिनेको
*पुकारा* : प्रार्थना
*भिक्षा* : भिख, माग्नेलाई दिइने दान
*अविस्मरणीय* : बिर्सन नसकिने
*जमिनदार* : प्रशस्त जग्गा जमिन भएको व्यक्ति
*स्वाध्ययन* : शिक्षकबिना आफैँ अध्ययन गर्ने काम



Curriculum Development Centre

'हुने बिरुवाको चिल्लो पात' भने झैँ भवानी भिक्षुले सानै उमेरदेखि साहित्य सेवामा रुचि देखाए । भिक्षुमा अवधी, हिन्दी, उर्दु, अङ्ग्रेजी, संस्कृत, बङ्गाली र नेपाली भाषाको राम्रो ज्ञान थियो । उनको मातृभाषा चाहिँ अवधी हो । आरम्भमा उनी हिन्दी साहित्यतर्फ आकर्षित भएका थिए । बार वर्षकै उमेरमा 'प्रताप' भन्ने पत्रिकामा उनले आफ्नो हिन्दी कविता पनि छपाएका थिए । उनले 'उर्दु' भाषामा पनि कविता र कहानीहरू लेखेका थिए । केही कथा र प्रशस्त कविताहरू पत्रपत्रिकामा प्रकाशित गरेर कम उमेरमै भिक्षु हिन्दी साहित्यका पाठकहरूका बिचमा परिचित भएका थिए ।

वि.सं. १९८७ मा भिक्षु प्रथम पटक काठमाडौँ भित्रिएका थिए । त्यहाँ रहँदा साहित्यसेवी ऋद्धिबहादुर मल्ल र कवि सिद्धिचरण श्रेष्ठसँग उनको सम्पर्क बढ्यो । उनीहरूले भिक्षुलाई नेपाली साहित्य रचना गर्न उत्प्रेरित गरे । हिन्दी साहित्यको **मोह**मा परिसकेका भिक्षुले नेपाली साहित्यका क्षेत्रमा प्रवेश गरे । उनी नेपाली साहित्य साधनामा संलग्न भए । त्यही सम्पर्क नै नेपाली साहित्यको सेवा गर्न उनका निम्ति सुनौलो अवसर साबित भयो । वि.सं. १९९३ मा 'शारदा' पत्रिकामा 'वियोगरात्रि' **शीर्षक**को कविता छपाएर भिक्षु नेपाली साहित्यमा प्रवेश गर्न पुगे । उनले लगभग ४० वर्षसम्म नेपाली साहित्यको सेवा गरे । त्यसपछि उनले गरेको कामले सबैलाई प्रेरणा दिन्छ । नेपाली भाषा दोस्रो भाषा नहुनेहरूका निम्ति त उनी **अनुकरणीय** नै रहे ।

जस्तोसुकै सङ्कटको अवस्थामा पनि भिक्षुको साहित्यिक प्रतिभा कहिल्यै शिथिल देखिएन । उनी फुर्किएर उत्ताउलो हुने र रोएर दु:ख मनाउ गर्ने स्वभावका थिएनन् । भिक्षु सरल जीवन बिताउन चाहन्थे । **भावुक** व्यक्तित्व भएका भिक्षु सबैसँग मिठो बोल्थे । उनको स्वभाव मिजासिलो थियो । उनी प्रेमपूर्ण भावनामा सधैँ रमाउँथे । उनका सम्पर्कमा आउने व्यक्ति उनको व्यवहारबाट प्रभावित हुन्थे । उनी साथीभाइ भनेपछि हुरुक्क हुन्थे र उनीहरूलाई आफू कहाँ बोलाएर मिठा मिठा कुराहरू सुनाउथे । 'मेरो सानो साथी' का कथाकार भिक्षुमा केटाकेटीलाई पनि साथीसरह व्यवहार गर्ने **विशेषता** थियो ।

भिक्षु मुख्य रूपमा नेपाली कविता, उपन्यास र कथा साहित्यका **त्रिवेणी** हुन् । उनी कवितामा भन्दा उपन्यासमा र उपन्यासमा भन्दा कथामा बढी सफल देखिन्छन् । आफ्ना रचनामा मानिसका सहज बानी बेहोराको चित्र उतारेर उनले नेपाली साहित्यलाई नयाँ बाटो देखाएका छन् ।

---

*मोह* : आसक्ति, प्रेम
*शीर्षक* : कुनै पनि लेख रचनाका लागि दिइएको नाम
*अनुकरणीय* : सिको गर्न लायक
*भावुक* : भावनामा बहने
*विशेषता* : लक्षण, विशेष किसिमको गुण
*त्रिवेणी* : तिन नदीको मेल वा सङ्गम

Curriculum Development Centre

उनको साहित्यिक विशेषता पनि यही हो । उनले आफ्ना कथामा मानिसको मनभित्र गुम्सिएर रहेका इच्छा र आकङ्क्षाहरूको चित्रण गरेका छन् ।

भिक्षुका छाया, प्रकाश र परिष्कार कविता सङ्ग्रह प्रकाशित छन् । पाइप नं. २, सुभद्रा बज्यै र आगत उनका उपन्यास हुन् । गुनकेशरी, मैयाँ साहेब, आवर्त र अवान्तर उनका कथा सङ्ग्रह हुन् । आगत उपन्यासका निमित्त उनलाई साझा पुरस्कार र मदन पुरस्कार प्रदान गरिएको थियो । वि.सं. २०३६ सालको त्रिभुवन प्रज्ञा पुरस्कारले समेत उनलाई सम्मानित गरिएको थियो । उनी तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको स्थापना काल वि.सं. २०१४ देखि नै त्यसका सदस्य थिए । वि.सं. २०२८ सालदेखि उनी त्यस संस्थाका आजीवन सदस्यका रूपमा सम्मानित भएका थिए । प्रज्ञा प्रतिष्ठानमा रहँदा उनी साहित्य विभागको संयोजक समेत भए र साहित्यको सेवा गरे ।

भिक्षु वि.सं. २०३८ साल वैशाख ४ गते फोक्सोको क्यान्सरले परलोक भए । नेपाली साहित्यका एक **साधक**को अन्त्य हुँदा सबैले नमिठो अनुभव गरे । उनी मरेर गए पनि उनका रचनाले उनलाई अमर बनाएको छ । नेपाली साहित्यको विकासमा **अमूल्य** योगदान पुऱ्याउने भिक्षुको सँधै कदर गर्नु हामी सबैको कर्तब्य हो ।

---

*साधक* : लामो समयसम्म निरन्तर अभ्यास गर्ने व्यक्ति

*अमूल्य* : मोलमा बदल्न नसकिने, महत्त्वपूर्ण

## *अभ्यास*

१. **उत्तर भन** :

(क) भिक्षुको जन्म कहिले र कहाँ भएको थियो ?

(ख) भिक्षुको वास्तविक नाम के हो ?

(ग) भिक्षुलाई कुन कुन भाषाको ज्ञान थियो ।

(घ) भिक्षुलाई कुन कुन पुरस्कारले सम्मानित गरिएको थियो ।

Curriculum Development Centre

२. **खाली ठाउँ भर :**

(क) भवानीप्रसाद गुप्ताको साहित्यिक नाम ................. हो ।

(ख) भिक्षुको जन्म वि.सं............................... मा भएको हो ।

(ग) भिक्षुको मातृभाषा ................. थियो ।

(घ) काठमाडौँ आएपछि साहित्यसेवी.................. सँग भिक्षुको सम्पर्क बढ्यो ।

(ङ) ......................... शीर्षकको कविता शारदामा प्रकाशित गरी भिक्षु नेपाली साहित्यमा प्रवेश गरेका हुन् ।

(च) भिक्षुले २०३६ सालको......................... पुरस्कार पाए ।

३. **ठिक बेठिक छुट्याऊ :**

(क) भिक्षुको जन्म कपिलवस्तु जिल्लाको तौलिहवामा भएको हो ।

(ख) भिक्षुको बोलाउने नाम भवानीप्रसाद गुप्ता थियो ।

(ग) भिक्षुले साझा पुरस्कार र मदन पुरस्कार पनि पाएका थिए ।

(घ) भिक्षुले सुरुदेखि नै नेपाली साहित्यको सेवा गरे ।

(ङ) भिक्षुका रचनामा मानिसका स्वाभाविक बानी बेहोराको चित्र उतारिएको हुन्छ ।

४. **तलका प्रश्नको उत्तर लेख :**

(क) भिक्षुको बाल्यकाल कसरी बित्यो ?

(ख) भिक्षु नेपाली साहित्यतर्फ कसरी आकर्षित भए ?

(ग) भिक्षुको जीवनीबाट कस्तो प्रेरणा पाउन सकिन्छ ?

(घ) भिक्षुका कथामा के विशेषता पाइन्छ ?

(ङ) भिक्षुको साहित्य सेवाको कदर कसरी गरिएको छ ?

(च) भिक्षुका कृतिहरूका नाम के के हुन् ?

५. **भाव विस्तार गर :**

(क) 'हुने बिरुवाको चिल्लो पात' भने झैँ भिक्षुले सानै उमेरदेखि साहित्य सेवामा रुचि देखाए ।

(ख) उनी फुर्किएर उत्ताउलो हुने र रोएर दुःख मनाउ गर्ने स्वभावका थिएनन् ।

Curriculum Development Centre

## शब्द भण्डार

६. मिल्दो शब्दसँग जोडा मिलाई कापीमा सार :

| | |
|---|---|
| माता | इच्छा |
| बेला | आमा |
| स्वभाव | समय |
| चाहना | उपासना |
| अमूल्य | बानी |
| | महत्त्वपूर्ण |

७. तलका शब्दको अर्थ लेख :

प्यारो, उपनाम, स्वभाव, प्रयास, मौका, पाठक, प्रशस्त, कदर

८. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :

मिजासिलो, अनुभव, सङ्कट, मातृभाषा, आजीवन, शिथिल, उपासना

## उच्चारण र हिज्जे

९. साहित्यकार भवानी भिक्षुको जीवनी पालैपालो पढेर कक्षामा सुनाऊ ।

१०. तलका शब्द शुद्धसँग उच्चारण गर :

भिक्षु, तौलिहवा, चित्रण, शीर्षक, पत्रपत्रिका, भावुक, त्रिवेणी

११. शुद्ध पारेर कापीमा सार :

अनुकरनीय, रिद्धिबहादुर मल्ल, अध्यनसील, महतोपुर्न, तृवेनी

१२. पाठबाट दीर्घ इकार हुने शब्द खोजेर लेख ।

## कार्यमूलक व्याकरण

१३. पढ, बुझ र गर :

(क) भिक्षुको वास्तविक नाम भवानीप्रसाद गुप्ता हो ।

(ख) उनको जन्म तौलिहवामा भएको थियो ।

(ग) उनले साहित्यमा ठुलो योगदान दिएका थिए ।



Curriculum Development Centre

माथिका वाक्यहरूमा हो, थियो, थिए जस्ता क्रियापद आएका छन् । यी क्रियापदले वाक्यको काम जनाएका छन् । पाठमा प्रयोग भएका देखाए, थिए, गर्थे, लगिन्, पुग्यो आदि पनि क्रियापद हुन् । पाठमा प्रयोग भएका अन्य १० ओटा क्रियापद टिपेर शिक्षकलाई देखाऊ ।

**१४. तल दिइएको ढाँचा राम्ररी पढेर क्रियापदका बारेमा जान :**

| धातु प्रत्यय | मूल शब्द | क्रियापद | |
|---|---|---|---|
| गर् | नु | गर्नु | गर्छ, गर्छे, गर्छन्, गर्छिन्, गर्छौं<br>गर्छस्, गर्छौ, गर्छ्यौ, गर्नुहुन्छ |
| पढ् | नु | पढ्नु | पढ्यो, पढी, पढे<br>पढिस्, पढ्यौं, पढ्नु भयो |
| बस् | नु | बस्नु | बस्ने छ, बस्ने छे, बस्ने छेस्, बस्ने छस्, बस्ने छौ, बस्ने छ्यौ<br>बस्ने छु, बस्ने छौं |
| हाँस् | नु | हाँस्नु | हाँस्ला, हाँस्ली, हाँस्लान्<br>हाँस्लास्, हाँसौला |

**उल्लिखित तालिकामा जस्तै गरी तल दिइएका धातुबाट एक एक ओटा क्रियापद बनाऊ :**

माग्, पुग्, बढ्, गर्, हुन्

**१५. मिल्दो क्रियापद राखी खाली ठाउँ भर :**

(क) भिक्षुको वास्तविक नाम भवानीप्रसाद गुप्ता ......................।

(ख) भिक्षुका पिता जमिनदार ......................।

(ग) भिक्षु भावुक स्वभावका ......................।

(घ) भिक्षु कथामा सफल ......................।

(ङ) हामी सबैले भिक्षुको कदर ......................।



Curriculum Development Centre

१६.  उदाहरणमा देखाए जस्तै गरी तलका क्रियालाई वाक्यमा प्रयोग गर :

*उदाहरण : आउनु = दाजु घर आउनुहुन्छ ।*

| | | | |
|---|---|---|---|
| दिनु = | बोल्नु = | घुम्नु = | जानु = |
| बस्नु = | खेल्नु = | पढ्नु = | आउनु = |

## *सिर्जनात्मक अभ्यास*

१७. **दिइएका बुँदाहरूका आधारमा छोटो जीवनी लेख :**

| | | |
|---|---|---|
| नाम | : | लेखनाथ पौडेल |
| जन्मस्थान | : | गण्डकी अञ्चल, कास्की जिल्ला, अर्घौअर्चले |
| जन्मिति | : | वि.सं.१९४१ पौष २६ गते |
| पिता | : | दुर्गादत्त पौडेल |
| माता | : | वसुन्धरादेवी |

- १५ वर्षको उमेरमा तिनधारा संस्कृत पाठशालामा भर्ना भई संस्कृत व्याकरणमा मध्यमासम्मको औपचारिक अध्ययन
- वि.सं. १९५६ देखि संस्कृत र नेपालीमा कविता लेखन आरम्भ
- नेपाली साहित्यमा आधुनिक कालका आरम्भकर्ता
- कविता काव्यबाहेक नाटक क्षेत्रमा पनि प्रसिद्ध
- २००८ सालमा राजा त्रिभुवनबाट शिरोमणिको उपाधि
- तरुण तपसी, ऋतु विचार, बुद्धि विनोद, सत्यकलि संवाद आदि कृतिहरूको रचना
- वि.सं. २०२२ साल फागुन ७ गते निधन


१८. **आफ्ना गाउँठाउँका कुनै एक सम्मानित व्यक्तिको जीवनी लेखी शिक्षकलाई देखाऊ ।**

Curriculum Development Centre

पाठ : ६

# खोला

*– सत्यमोहन जोशी*



डाँडा काँडा वन सब डुली, भीरका **खोँच**बाट ।
बाटो खोज्दै हुनुहुनु गरी, फार्छु है झारपात ॥
ठक्कर् खाए यदि **बगरमा**, भर्छु **गाना** रमाई ।
डल्ला पाए पनि नजिकमा, लान्छु बाटो बनाई ॥१॥

हाँगा बीँगाहरु सब झरे, फ्याँक्छु दायाँ र बायाँ ।
साना ताराहरु तल झरे, जान्छु खेलाई छाया ॥
घुम्दा डाँडा वरिपरि डुली, **मोति**को बन्छु माला ।
झर्दा नाच्तै तलतिर बगी, सर्प झैँ गर्छु चाला ॥२॥

ठूला साना फनन **भुमरी, घट्ट** जस्तै घुमाई ।
साना फोका फरफर उसै, फुट्ट राम्रो उठाई ॥
माछा कीराहरु पनि सबै, भित्रभित्रै नचाई ।
सर्दै लड्दै हररर गरी, बग्छु नाची कराई ॥३॥

---

*खोँच* : दुई पहाडका बिचको गहिरो र साँघुरो ठाउँ
*बगर* : नदीका दायाँबायाँ किनाराको बलौटे जमिन
*गाना* : गीत
*मोती* : एक प्रकारको बहुमूल्य सेतो रत्न
*भुमरी* : खोला, नदी आदिको पानी घुमेको ठाउँ वा अवस्था
*घट्ट* : पानीको धारले काठको पङ्खा घुमाई पिठो पिँध्ने ठूलो खालको जाँतो जस्तो साधन



Curriculum Development Centre

साथी खोजी पुलहरु डुली, खेल्छु हाँसेर नाची ।
बारीलाई मलजल दिई, जान्छु **शोभा** बनाई ॥
साथी देखे परतिर यतै, **हर्ष**ले सास फेरी ।
नाची हाँसी सहज यसरी, हिँड्छु कैले नफर्की ॥४॥

---

*शोभा* : सुन्दरता
*हर्ष* : प्रसन्नता, खुसी

## *अभ्यास*

१. **शिक्षकले 'खोला' कविता वाचन गरेको सुन र तिमी पनि त्यसरी नै वाचन गर ।**

२. **उत्तर भन :**

(क) खोला कहाँबाट बहन्छ ?

(ख) खोला डाँडा वरिपरि घुम्दा केको माला बन्छ ?

(ग) खोला भुमरी पर्दा के जस्तै घुम्छ ?

(घ) खोलाले माछालाई कहाँ नचाउँछ ?

(ङ) खोलाले साथी देखे केको सास फेर्छ ?

३. **तलका पङ्क्ति पुरा गरेर कापीमा सार :**

डाँडा काँडा ................................ ।
बाटो खोज्दै ................................ ॥
...................................**गाना** रमाई ।
...................................बाटो बनाई ॥

४. **ठिक भनाइ आफ्नो कापीमा सार :**

(क) भिरका खोँचबाट मात्र खोला बहन्छ ।

Curriculum Development Centre

(ख) खोला डाँडा वरिपरि घुम्दा मोतीको माला जस्तै बन्छ ।

(ग) खोला बाटो बनाउँदै बहँदैन ।

(घ) खोलाले शोभा बढाउँछ ।

(ङ) खोला कहिल्यै नफर्की बग्छ ।

(च) खोलाले बारीलाई मलजल दिँदैन ।

५. **तलका प्रश्नको छोटो उत्तर लेख :**

(क) कविका विचारमा खोला कसरी बहन्छ ?

(ख) खोलालाई मोतीको माला भन्नुको कारण के हो ?

(ग) घट्ट जस्तै घुमाई भनेर कविले केलाई भन्न खोजेका छन् ।

(घ) खोलाले किन हर्षले सास फेरे जस्तै गर्छ ?

(ङ) कविताका आधारमा खोलाका विशेषताहरू के के हुन् ? लेख ।

६. **व्याख्या गर :**

(क) घुम्दा डाँडा वरिपरि डुली, मोतीको बन्छु माला ।
झर्दा नाच्तै तलतिर बगी, सर्प झैँ गर्छु चाला ॥

(ख) साथी खोजी पुलहरू डुली, खेल्छु हाँसेर नाची ।
बारीलाई मलजल दिई, जान्छु शोभा बनाई ॥

७. **कवितामा बताइएका कुराहरू क्रम मिलाएर आफ्ना शब्दमा लेख ।**

८. **खोलाको महत्त्व विषयमा आफ्नो विचार लेखेर ल्याऊ र कक्षामा सुनाऊ ।**

## ***शब्द भण्डार***

९. **उल्टो अर्थ दिने शब्दसँग जोडा मिलाऊ :**

| | |
|---|---|
| नजिक | नराम्रो |
| तल | सानो |
| ठुलो | टाढा |



Curriculum Development Centre

| | |
|---|---|
| राम्रो | बिस्मात |
| हर्ष | माथि |
| | दु:ख |

१०. **तल दिइएका शब्दको अर्थ लेख :**

भिर, झारपात, माला, शोभा

११. **अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :**

वन, हाँगा, बाटो, फोका, पुल, मलजल

## *उच्चारण र हिज्जे*

१२. **शुद्धसँग तलका शब्द उच्चारण गर :**

खोँच, फ्याँक्छु, नाच्तै, तलतिर, फुट्ट, हर्ष, डाँडा, भित्रभित्रै

१३. **सच्याएर कापीमा सार :**

नजीक, वरीपरी, सोभा, नाचि, नर्फकी वारी, सवै

१४. **कविताको पहिलो र दोस्रो हरफ कापीमा सार ।**

## *कार्यमूलक व्याकरण*

१५. **पढ, बुझ र गर :**

| | शुद्ध | अशुद्ध |
|---|---|---|
| इ | कविता | कवीता |
| ई | डुली | डुलि |
| उ | घुम्दा | घूम्दा |
| ऊ | ऊर्जा | उर्जा |
| य | यदि | एदि |

Curriculum Development Centre

| | | |
|---|---|---|
| ए | खाए | खाय |
| ब | बाटो | वाटो |
| व | वकिल | बकिल |
| श | शोभा | सोभा |
| ष | हर्ष | हर्स |
| स | साथी | शाथी |
| ज्ञ | अज्ञान | अग्यान |
| ण | पाखण्ड | पाखञ्ड |
| न | आजन्म | आजण्म |
| पदयोग | पुलहरू | पुल हरू |
| पद वियोग | प्राण दियौ | प्राणदियौ |

शब्दमा रहने वर्णको रखाइलाई वर्ण विन्यास भनिन्छ। वर्ण विन्यासलाई अर्को शब्दमा हिज्जे पनि भनिन्छ। वर्णको उचित किसिमको विन्यासले भाषालाई शुद्ध र अनुचित किसिमको विन्यासले भाषालाई अशुद्ध बनाउँछ। यसैले शब्दमा ह्रस्व, दीर्घ, श, ष, य, ए, ब, व, पदयोग, पद वियोग आदिको ठिक ढङ्गले प्रयोग हुनु आवश्यक छ।

१६. **तलका शब्दलाई सच्याएर लेख :**

भुमरि, पूल, बन्छु, नफर्कि, साथि, वरीपरि, यसरि, बारि

१७. **हिज्जे सच्याएर कापीमा सार :**

वाटो, हागा, सरप, वगी, षास, सोभा, हर्ष, षाथी

१८. **ब र व को प्रयोगमा भएको गल्ती सच्याऊ :**

वगी, वाटो, वाट, वायाँ, कबिता, बातावरण, विबरण, वकुल्लो, बकवक

१९. **शुद्ध शब्द छानेर लेख :**

| | | | |
|---|---|---|---|
| रिस/रीस | बारी/बारि | कुन/कून | गर्छू/गर्छु |
| गएर/गयर | बगर/वगर | शान्त/सान्त | पोषण/पोसन |
| शास/सास | ज्ञानी/ग्यानी | मञ्च/मन्च | कल्यान/कल्याण |

Curriculum Development Centre

२०. पाठमा प्रयोग भएका डाँडा, भिर, बाटो जस्ता अन्य पाँच ओटा नामहरू कापीमा टिप ।

***सिर्जनात्मक अभ्यास***

२१. तलका खाली ठाउँमा ठिक शब्द राखेर कविता पुरा गर र पढेर सुनाऊ :

कहाँ जाने ...........साथी ? पर्ख एकैछिन (होला, खोला, झोला)

.........खेल्ने साथीलाई बिर्सिएको किन ? (सँगै, एक्लै, खेल)

पढ्न लेख्न भनीकन बोकी आएँ........ (कलम, कापी, झोला)

छुट्टिएर गयो भनी उठ्यो ...........होला (रिस, माया, दया)

२२. आफ्नो विद्यालय वरिपरिको वातावरणको बारेमा कविता लेखेर कक्षामा सुनाऊ ।

Curriculum Development Centre

**पाठ : ७**

# साने र ठुले



कुनै एउटा गाउँमा मानबहादुर भन्ने मानिस बस्थ्यो । आफ्ना दाजुभाइमा ऊ माहिलो भएकाले गाउँलेहरू उसलाई माहिला भनेर बोलाउँथे । दाजुभाइका बिचमा **अंशबन्डा** गर्दा उसको भागमा **मतान** घर पऱ्यो । ऊ त्यहीँ घरमा बस्न थाल्यो । गाउँलेहरूले उसलाई मताने माहिला भनेर बोलाउन थाले । मताने माहिलाका दुई छोरा थिए । जेठा छोरालाई ठुले र कान्छालाई साने भनेर सानैदेखि बोलाउने गरिन्थ्यो । त्यसैले गाउँभर ती दुवै ठुले र साने भनेर चिनिएका थिए । दुई वर्षको उमेर फरक भए तापनि दुवै **दौँतर** मिलेका साथी जस्तै थिए ।

साने चार वर्षको हुँदा मताने माहिलाकी **जहान** बितिन् । दुई छोराको हेरचाह बाबुको जिम्मामा आयो । **हिम्मती** र **मिहिनेती** मताने माहिलाले दुवै छोरा हुर्कायो । उसले छोराहरूलाई सधैँ मिलेर

---

*अंशबन्डा* : बाबु बाजेको धनको बाँडफाँड, पुर्ख्यौली सम्पत्तिको भागबन्डा

*मतान* : मूल घरको सामुन्ने वा आसपासमा बनाइएको सानो घर

*दौँतर* : एकै उमेरका, सँगसँगै हुर्केका

*जहान* : स्वास्नी, श्रीमती

*हिम्मती* : हिम्मत भएको, आँटिलो, साहसी

*मिहिनेती* : मिहिनेत गर्ने, लगनशील



Curriculum Development Centre

बस्नुपर्छ, **इमानदार** हुनुपर्छ भनेर अर्ती उपदेश दिन्थ्यो । बाबुले भने झैँ साने **मिलनसार,** इमानदार, **फुर्तिलो** र मिहिनेती भयो । दाजु ठुले चाहिँ अलि अल्छी र **डाढे** भयो ।

मताने माहिलो दुवै छोरालाई साथमा लिएर खेतबारीमा काम गर्न जान्थ्यो । काम गर्न सिकाउँथ्यो । उनीहरूले एउटा **पाडी** पालेका थिए । ठुले र साने पालो पालो पाडी चराउँथे । बिहान बेलुका घाँस काटेर पाडीलाई खुवाउँथे । गर्मीको बेलामा पानीले नुहाइदिन्थे । गोठ सफा गर्थे । पाडी पनि सलक्क परेको चिल्लो र बलियो थियो । पाडी ठुले र सानेको पछि पछि हिँड्थ्यो ।

एक दिनको कुरा हो मताने माहिलालाई **अकस्मात्** ज्वरो आयो । ठुले र साने आत्तिए । गाउँमा बौधमान नामका एकजना बुढा थिए । ठुले र सानेले बौधमानलाई बोलाए । बौधमानको सल्लाहअनुसार बाबुको उपचार गर्न धामी झाँक्री लगाए  तर ज्वरो रोकिएन । अन्त्यमा एक साताको ज्वरोले मताने माहिलो यस संसारबाट बिदा भयो । ठुले र साने आमाबाबु नभएका टुहुरा भए तर दुवै हुर्केका थिए । आफ्नै मिहिनेतले खेती किसानी गरेर बाँच्न सक्ने भइसकेका थिए । दुवैको विवाह पनि भइसकेको थियो ।

ठुले अलि **अल्छी** र कामचोर थियो। दाजु भएकाले भाइलाई अलि हेप्थ्यो। कहिलेकाहीँ दुवैबिच सानोतिनो कुरामा पनि झगडा पर्थ्यो। यस्तै सानोतिनो झगडाले दुवैलाई सँगै बस्न नसक्ने टुङ्गोमा पुऱ्यायो । अंशबन्डा गर्दा **अन्नपानी,** भाँडाहरू र जग्गा जमिन आधा आधा भाग छुट्याउन गाह्रो भएन । उनीहरूले सानैदेखि माया गरेर पालेको पाडी माउ भैँसी भइसकेको थियो। त्यो माउ भैँसी भाग लगाउन भने गाह्रो भयो किनभने यसलाई आधा आधा पार्न सकिँदैनथ्यो । भैँसी दुई **बेत** बियाइसकेको थियो । यति बेला पनि लैनो थियो । बिहान बेलुका गरेर एक पाथी दुध दिन्थ्यो । अंशबन्डा गरिदिने बौधमानले भैँसी बेचेर आधा आधा पैसा बाँड्नु ठिक हुन्छ भन्ने सल्लाह दिए। सानैदेखि स्याहारेर हुर्काएकाले दुवैले भैँसी बेच्न चाहेनन्। बौधमानले एउटाले एक बेत, अर्कोले अर्को बेत पाल्ने र दुध खाने भन्ने कुरा गरे। ठुलेले यो प्रस्ताव पनि मानेन। ऊ भाइलाई काम लगाएर आफू  दुध खाने सोचाइमा थियो ।

---

*इमानदार* : इमान भएको, विश्वासिलो
*मिलनसार* : जोसँग पनि मिल्ने, सबैसँग घुलमिल हुने
*फुर्तिलो* : जाँगरिलो
*डाढे* : डाहा गर्ने, अर्काको ईर्ष्या गर्ने
*पाडी* : भैँसीको पोथी बच्चा
*अकस्मात्* : अचानक
*अल्छी* : काममा निष्क्रिय, काम नगर्ने
*अन्नपानी* : खाने र पिउने वस्तु
*बेत* : पशुको बियाउने पटक



Curriculum Development Centre

अन्त्यमा भैँसीको शरीर नै आधा आधा भाग लगाएर स्याहार गर्ने र फाइदा पनि लिने टुङ्गो भयो । टाउकापट्टिको भाग एउटाले र पुच्छरपट्टिको भाग अर्काले लिने भए । भाग रोज्न कान्छो भएकाले सानेलाई लगाइयो । सानेले टाउकापट्टि रोज्यो । बाठो ठुले खुसी भयो किनभने पुच्छरपट्टिबाट दुध र गोबर पाइन्थ्यो । पुच्छरपट्टिको भाग लिनेले घाँस काट्नु पर्दैनथ्यो । दाम्लो फुकाएर चराउन लानु पनि पर्दैनथ्यो ।

मतान घरलाई आधा आधा बारेर दुवै दाजुभाइ सँगै बसे । गोठ भने एउटै थियो । भैँसी पनि एउटै थियो । पाडो सानो भएकाले त्यसलाई छुट्टै गोठ चाहिँदैनथ्यो । ठुलेलाई भैँसीले फाइदै फाइदा भयो । घाँस काट्नुपर्दैनथ्यो । भैँसी फुकाएर चराउन पनि लानुपर्दैनथ्यो । बिहान गोबर सोहोरेर दुध दुहे काम पुरा हुन्थ्यो । साने भने मरी मरी घाँस काट्थ्यो । भैँसी चराउन लैजान्थ्यो । भैँसीलाई नुहाइधुवाइ गरिदिन्थ्यो । यी काम गर्दा उसले न दुध पाउँथ्यो न त बारीमा हाल्ने गोबर नै पाउँथ्यो ।

दाजु दुध खाएर **हृष्टपुष्ट** भएको थियो । बारीमा पर्याप्त गोबर मल एक्लौटी हाल्न पाएकाले उसको बालीनाली पनि लहलह सप्रेको थियो । साने मिहिनेत गर्थ्यो तर दुध दहीबिना निस्तो भात खानुपर्थ्यो । मल नहुनाले बारी रुखिएको थियो । बालीनाली पनि किक्रिक्क परेको थियो । छोराछोरीले दुध खान पनि पाउँदैनथे । उनीहरू दुब्ला र ख्याउटे थिए ।

एक दिन सानेले मनमनै सोच्यो, 'दुध खानेले घाँस पनि त काट्नुपर्ने हो नि । भैँसीलाई कुँडो पकाएर दिनुपर्ने पनि हो । मैले घाँस कुँडो खुवाएकाले भैँसीले दुध र गोबर दिएको हो । दुध दुहुन र गोबर फाल्न धेरै समय पनि लाग्दैन । म भने दिनभर काम गर्छु तर काम गर्ने कालु मकै खाने भालु भने जस्तै भएँ । अब म घाँस पनि काट्दिनँ, भैँसी पनि चराउँदिन, कुँडो पनि दिन्नँ । दुध खानेले गर्नुपर्छ नि यो सारा काम । हेरौँ न ! कति दुध आउँदो रहेछ घाँस, खोले नखुवाएपछि कत्तिको गोब्र्याउँदो रहेछ ।' सानेले बेलुका भैँसीलाई कुँडो, घाँस केही दिएन ।

ठुले बिहानै उठ्यो । उसलाई गोबर सोर्न अलि घिन लाग्थ्यो । त्यस दिन गोबर एक थाप्रो मात्र थियो । उसले थोरै गोबर देखेर खुसी हुँदै गोबर फाल्यो । ठुलेले भैँसी दुहुने बाल्टी ल्यायो । उसले पाडी छोडिदियो र दुध दुहुन बस्यो । हिजो अस्ति एक बाल्टी दुध दिने भैँसीले आज एक माना जति मात्र दुध दियो । **लैनो** भैँसीको दुध किन घट्यो भनेर ठुलेले एकछिन सोच्यो ।

---

*हृष्टपुष्ट* : बलियो र मोटो


*लैनो* : भर्खर बियाएको



Curriculum Development Centre

दिनभर ठुले गाउँमा गएर गफिन्थ्यो । त्यस दिन पनि गाउँतिर लाग्यो । यता सानेले भैँसीलाई दिउँसो चराउन पनि लगेन, घाँस, कुँडो पनि दिएन । साँझ परेपछि ठुले घर आयो । भैँसी आइँ आइँ गर्दै कराउँदै थियो । ऊ पहिले गोबर सोर्छु अनि दुध दुहुन्छु भनी बाल्टी लिएर गोठभित्र छिऱ्यो । भैँसीले अलिकति गोब्र्याएको रहेछ । भोकाएर **फनफन** घुम्दा त्यो गोबर कुल्चेर जतातत्तै छरिएको रहेछ । ठुलेले गोबर टिपेर फाल्यो, पाडी छोड्यो र दुध दुहुन बस्यो । भोको भैँसीले किन दुध दिन्थ्यो । यता र उति हिड्न थाल्यो । ठुलेलाई भैँसीसँग रिस उठ्यो । नजिकै बाँसको घोचो थियो । त्यही टपक्क टिपेर ठुलेले भैँसीलाई पिट्यो । भैँसी जोडले बल गर्दै फनफन घुम्दा बाल्टी लिएर उभिएको ठुले भैँसीको धक्काले मल खाल्डोमा पछारियो । उसको लुगामा गोबर लाग्यो । ठुले झन् रिसायो । उसले फेरि भैँसीलाई पिट्यो । भैँसी दाम्लो चुँडाएर उफ्रँदै बारीतिर लाग्यो ।

हल्लाखल्ला सुनेर साने बाहिर निस्कियो । अघि अघि भैँसी पछि पछि हातमा बाँसको भाटो लिएर दाइ हिँडेको देखेर साने भैँसी समात्न बारीतिर लाग्यो । बल्लतल्ल सानेले भैँसी बाँध्यो । बाँधेको भैँसीलाई पनि ठुलेले पिट्न आँटेको थियो, सानेले रोक्यो । भैँसीले किन दुध दिएन भन्ने कुरा सानेलाई थाहा थियो । उसले दाइलाई भन्यो, "दु:ख गरेर घाँस कुँडो दिने र चराउने काम पनि मैले गरेकाले भैँसीले दुध दिएको थियो । भाइले यस्तो दु:ख गरेको छ भनेर तपाईंले कहिल्यै सोच्नुभएन । न दुध न गोबर मैले भैँसीको स्याहार मात्र गर्नुपऱ्यो । त्यसैले फाइदा लिनेले काम पनि गर्नुपर्छ भनेर मैले भैँसीलाई घाँस, कुँडो दिइनँ । भैँसीले दुध नदिनुको कारण त्यही हो । भैँसी कुटेर दुध आउँदैन, गोबर पनि झर्दैन । घाँस काटेर दिनुहोस्, अनि मात्र दुध, मल दुवै पाइन्छ । म त अब भैँसीको स्याहार गर्दिनँ ।"



*फनफन* : वेगले घुम्ने तरिका



Curriculum Development Centre

भाइका कुराले ठुले **वाल्ल** पऱ्यो । भैँसीले दुध नदिनुको कारण थाहा पायो । उसले एकछिन सोचेर भन्यो, "साने हामी दुवै मिलेर भैँसीको स्याहार गरौँ । दुध र गोबर पनि दुवैले बराबर बाँडौँ ।"

दाजुको कुरामा साने मन्जुर भयो । उसले भन्यो, "स्वर्ग हुने बेलामा बाले भनेको कुरा पनि यही त हो, मिलेर काम गरी मिलेर फाइदा लिनू । तपाईँले एक्लै बठ्याइँ देखाएकाले यो समस्या आएको हो ।"

त्यस दिनदेखि दुवैले मिलेर भैँसीको हेरचाह गर्न थाले । दुवै पहिले झैँ मिलेर बस्न थाले ।

---

*वाल्ल* : जिल्ल पर्ने काम

## *अभ्यास*

१. **शिक्षकले पढेको सुनेर कथाको पाँचौँ, छैटौँ र सातौँ अनुच्छेदमा आधारित तलका प्रश्नको उत्तर भन :**

(क) बौधमानले भैँसीको भागबन्डा गर्ने के के युक्ति निकाले ?

(ख) साने र ठुलेले किन भैँसी बेच्न चाहेनन् ?

(ग) किन सानेलाई दाजुभन्दा पहिले भाग रोज्न लगाइयो ?

(घ) कसले काम मात्र गर्नुपऱ्यो ?

(ङ) ठुलेको भागमा परेका काम र फाइदा के के हुन् ?

२. **पाठका आधारमा ठिक बेठिक छुट्याऊ :**

(क) मताने माहिलाका दुई छोरा थिए ।

(ख) ठुले मिलनसार र मिहिनेती थियो ।

(ग) दाजु दुध खाएर हृष्टपुष्ट भएको थियो ।

(घ) सानेले भैँसीलाई पिट्यो ।

३. **तलका प्रश्नको उत्तर लेख :**

(क) मानबहादुरलाई गाउँलेहरूले किन मताने माहिलो भनेका हुन् ?

(ख) ठुले र साने कस्ता कस्ता स्वभावका थिए ?

(ग) मताने माहिलाको उपचार कसरी गरियो ?

Curriculum Development Centre

(घ) भैँसी बाँड्न किन कठिन भयो ?

(ङ) सानेले किन भैँसीको टाउकोपट्टिको आधा भाग रोज्यो ?

(च) बठ्याइँ देखाउने ठुलेलाई सानेले कसरी ठिक पाऱ्यो ?

(छ) यस कथाले दिन खोजेको शिक्षा के हो ?

**४. पाठका आधारमा कक्षामा छलफल गर ।**

(क) साने मिलनसार, इमानदार र फुर्तिलो र मिहिनेती थियो ।

(ख) मिलेर काम गरी मिलेर फाइदा लिनुपर्छ ।

**५. यस कथाका पात्रहरूमध्ये तिमीलाई को जस्तै बन्न मन लाग्यो ? लेख ।**

## *शब्द भण्डार*

**६. मिल्दो अर्थसँग जोडा मिलाई कापीमा सार :**

| | |
|---|---|
| टपक्क | निल्नु |
| फनफन | फड्कनु |
| घुटुक्क | घुम्नु |
| फटक्क | टिप्नु |
| | पर्नु |

**७. तलका शब्दको अर्थ लेख :**

परिश्रम, अल्छी, बालीनाली, दौँतर, हृष्टपुष्ट

**८. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :**

वाल्ल, स्याहार, मिलनसार, जहान, लैनो

## *उच्चारण र हिज्जे*

**९. माथिको पाठ पालैपालो पढेर साथीहरूलाई सुनाऊ ।**

**१०. प्रस्टसँग उच्चारण गर :**

भैँसी, अंशबन्डा, दौँतर, फुर्तिलो, उपाय, स्याहार

Curriculum Development Centre

११. **सच्याएर लेख :**

वर्स, पाढी, कुडो, समसया, मनजुर

१२. **यस कथाको पहिलो अनुच्छेद शिक्षकले भनेको सुनेर लेख ।**

१३. **पाठबाट य/ए प्रयोग भएका पाँच पाँच ओटा शब्द टिप ।**

## *कार्यमूलक व्याकरण*

१४. **पढ, बुझ र गर :**

- मताने माहिलालाई अकस्मात् ज्वरो **आयो** ।
- ठुले अल्छी **थियो** ।
- ठुले दुध ख्याएर हृष्टपुष्ट भएको **थियो** ।
- भैँसीले एक माना दुध **दिन्थ्यो** ।
- उनीहरू आपसमा मिलेर बस्न **बस्थे** ।

माथिका वाक्यमा आयो, थियो, दिन्थ्यो, बस्थे, थाले जस्ता क्रियापदहरू प्रयोग भएका छन् । यस किसिमका क्रियापदले बितेको समयमा काम भएको जनाउँछन् । बितेको समयलाई भूत काल भनिन्छ । बितेको समयमा काम भएको जनाउने क्रियापदलाई भूत कालको क्रियापद भनिन्छ ।

पाठबाट भूत कालका क्रियापद प्रयोग भएका पाँच ओटा वाक्यहरू कापीमा लेख ।

१५. **धातुबाट भूत कालिक क्रियापद बनाऊ :**

जा, खा, लेख्, पढ्, बोल्, खेल्, नाच्

१६. **तलका धातुबाट भूत कालका क्रियापद बनाऊ :**

उदाहरण : सोच् + यो = सोच्यो ।
राख् + एँ = राखेँ ।
लेख् + यौ = लेख्यौ ।
जान्, भन्, हिँड् सक्, रोज्, बस्, लाग्, उठ्

Curriculum Development Centre

१७. **तल दिइएका क्रियापदलाई वाक्यमा प्रयोग गर :**

झऱ्यो, गऱ्यो, कराई, हाऱ्यो, राखेँ, टिपिन्, डाके

१८. **तलका क्रियापदलाई भूत कालमा बदलेर वाक्यमा प्रयोग गर :**

*उदाहरण : सम्झन्छु - मैले साथीलाई सम्झेँ ।*

बिर्सन्छौँ, हाँस्छिन्, झुक्छन्, पाल्छ, जान्छ

१९. **भूत कालका क्रियापद प्रयोग गरेर तिमीले हिजो गरेका कामहरू लेख ।**

२०. **पढ, बुझ र गर :**

दाजुभाइ**का** बिच**मा** अंशबन्डा गर्दा उस**को** भाग**मा** मतान घर पऱ्यो । ऊ त्यही घर**मा** बस्न थाल्यो । गाँउलेहरू**ले** उस**लाई** मताने महिला भनेर बोलाउन थाले । मताने महिला**का** दुई छोरा थिए ।

माथिका गाढा अक्षर प्रयोग भएका विभक्ति हुन् । ले, लाई, द्वारा, बाट, को, का, की, रो, रा, री, नो, ना, नी विभक्ति हुन् । वाक्यमा प्रयोग भएका शब्दहरूलाई एक अर्कामा छुट्याउन वा सम्बन्ध देखाउनका लागि शब्दहरूमा लाग्ने चिह्नलाई विभक्ति भनिन्छ ।

पाठबाट विभक्ति प्रयोग भएका १० ओटा वाक्यहरू छानेर लेख ।

## सिर्जनात्मक अभ्यास

२१. **तल दिइएका निर्देशनको सहयोग लिई एउटा कथा लेखेर कक्षामा सुनाऊ :**


कुनै तलाउमा दुई ओटा भ्यागुता बस्नु ............ तलाउ सुक्न थाल्नु ......... तलाउको खोजीमा हिँड्नु ............. एउटा इनार भेट्नु ........... एउटा भ्यागुतो खुसी भई इनारमा पसौँ भन्नु ................ अर्को भ्यागुताले इनार पनि तलाउ जस्तै सुकेमा कसरी बाहिर निस्कने भन्नु ................ भ्यागुताले जवाफ दिन नसक्नु ।

२२. **आफ्नो टोल वा गाँउमा चलेका कुनै एक कथा लेखेर कक्षामा सुनाऊ ।**

Curriculum Development Centre

पाठ : ८

# कृषिमलको प्रयोग



खेतबारीमा लगाइएका बालीनालीलाई हुर्काउन, बढाउन र फलाउन किसानहरूले प्रयोग गर्ने मल नै **कृषिमल** हो । यसको सन्तुलित प्रयोगबाट बोट बिरुवा सप्रन्छन् भने असन्तुलित प्रयोगबाट टाक्सिन्छन् । त्यसैले कति जमिनको कुन बालीमा कति मात्रामा मल प्रयोग गर्ने भन्ने ज्ञान पनि किसानहरूलाई हुनु अत्यावश्यक छ । यस कुरामा सचेत नहुँदा नोक्सानी बेहोर्नुपर्ने हुन सक्छ । खेतीपाती गर्दा कुनै जग्गामा राम्रो उब्जनी हुन्छ भने कुनैमा हुँदैन । माटो, पानी, बिउ, मल र मिहिनेत सबै कुरा मिलेको जमिनमा नै बढी उब्जनी हुन्छ । राम्रो उब्जनीका लागि उन्नत बिउ, मलजल, गोडमेल, उर्वर माटो, घामपानी आदिको आवश्यकता पर्छ । जसरी मानिसलाई पौष्टिक आहाराको आवश्यकता पर्छ त्यसरी नै बोट बिरुवालाई मलको खाँचो पर्छ । कृषिमल खेतीपातीका लागि नभई नहुने तत्त्व हो ।

**प्राङ्गारिक मल** र **रासायनिक मल** गरी कृषिमल मुख्य दुई प्रकारका हुन्छन् । माटोको उर्वरा शक्ति बढाउन यी दुवै थरी मलको प्रयोग गरिन्छ । उर्वरा शक्ति भनेको बोट बिरुवाका लागि

---

*कृषिमल* : बालीनालीमा प्रयोग गरिने मल


*टाक्सिनु* : फस्टाउन नसक्नु

*प्राङ्गारिक मल* : पात पतिङ्गर खाडलमा कुहाएर गाउँघरमै तयार गरिएको मल, घरेलु मल

*रासायनिक मल* : कारखानाबाट उत्पादित विकासे मल

Curriculum Development Centre

चाहिने **खाद्य पदार्थ** उपलब्ध गराउने तत्त्व हो । माटोमा त्यो तत्त्व कायम राख्नकै लागि कृषिमलको प्रयोग गरिन्छ । प्राङ्गारिक मल भन्नाले गोबर मल, कम्पोस्ट मल, हरियो मल, जैविक मल भन्ने बुझिन्छ । यस्तो मललाई गोठेमल पनि भनिन्छ । गोबर मल गाईभैँसीको गोबर मूत्रमा **सोत्तर** मिलाएर बनाइन्छ । बोट बिरुवाका पात पतिङ्गर र खेर जाने पदार्थहरू कुहाएर बनाइने मललाई कम्पोस्ट मल भनिन्छ । यसै गरी खेतबारीमा लगाइएको **कोसेबाली, ढैँचा, सनाई** आदिलाई खेतबारीमै गाडेर तयार गरिएको मल हरियो मल हो । तोरी, बदाम आदिबाट तेल निकालेपछि रहेको खस्रो पदार्थलाई प्राङ्गारिक मलका रूपमा प्रयोग गर्न सकिन्छ । त्यसलाई पिनामल भन्ने गरिन्छ । भान्छाबाट निस्किएका वस्तुहरूलाई कुहाएर वा सडाएर पनि यस किसिमको मल बनाउन सकिन्छ । प्राङ्गारिक मल अन्य कतिपय तरिकाबाट पनि बनाउने गरिन्छ ।



Curriculum Development Centre

रासायनिक मल विभिन्न रसायनको प्रयोग गरी कारखानाबाट उत्पादन गरिन्छ । बोट बिरुवालाई खाद्य पदार्थ छिटो र बढी मात्रामा चाहियो भने रासायनिक मलको प्रयोग गरिन्छ । रासायनिक मल पनि विभिन्न किसिमका हुन्छन् । तीमध्ये एमोनियम सल्फेट, सुपर फस्पेट, म्युरेट अफ पोटास बढी प्रयोगमा आउँछन् । एमोनियम सल्फेटबाट बोट बिरुवाले नाइट्रोजन, सुपर फस्पेटबाट फस्फोरस र म्युरेट अफ पोटासबाट पोटास भन्ने खाद्य तत्त्व पाउँछन् ।

---

*खाद्य पदार्थ* : खाइने चिज, खानाका रूपमा प्रयोग गरिने पदार्थ
*सोत्तर* : गाईभैँसीलाई ओछ्याउने सेउला र पात पतिङ्गर
*कोसेबाली* : कोसा फल्ने बाली
*ढैँचा* : मलका रूपमा प्रयोग गरिने एक प्रकारको घाँस
*सनाई* : सुके पनि हरियो रहने पात वा मलका रूपमा प्रयोग गरिने एक प्रकारको झार

कृषिमलमा प्राङ्गारिक मल बढी उपयोगी मानिन्छ । यो मल गाउँघरमै तयार गर्न सकिन्छ । यसको प्रयोग जति बढी गरे पनि माटोलाई बिगार गर्दैन । तर रासायनिक मलको प्रयोग गर्दा भने निकै सावधानी अपनाउनुपर्छ । मात्रा मिलाएर मात्र यसको प्रयोग गर्नुपर्छ । यस्तो मल **विषालु** हुने भएकाले घरमा राख्दा केटाकेटीहरूले नभेट्ने ठाउँमा राख्नुपर्छ । यसलाई **ओसिलो** ठाउँमा राख्नु हुँदैन र प्रयोग गर्नुभन्दा पहिले पानीमा भिजाउनु पनि हुँदैन । बोट बिरुवाको पात र जरामा नछुवाई यसको प्रयोग गर्नुपर्छ । छुवाएमा छुवाइएको भाग डढ्न सक्छ । खेतीपातीमा मलको प्रयोग गरेपछि पटक पटक पानी दिनुपर्छ । नत्र त्यसबाट बोट बिरुवा ओइलाउने, मर्ने जस्ता नकारात्मक असर पर्छ ।

प्राङ्गारिक मल र रासायनिक मल दुवै कृषिमल भए पनि दुईमा धेरै फरक पाइन्छ । प्राङ्गारिक मलको प्रयोगबाट माटोको उर्वरा शक्ति घट्दैन भने रासायनिक मलको प्रयोगबाट उर्वरा शक्ति घट्छ । प्राङ्गारिक मल आफ्नै घरबारीमा बनाउन सकिन्छ भने रासायनिक मल कारखानाबाट उत्पादित हुन्छ । प्राङ्गारिक मल तयार पार्न त्यति धेरै खर्च लाग्दैन भने रासायनिक मल बढी खर्चिलो पनि हुन्छ ।

प्राङ्गारिक मल किसानले आफैँ बनाउन सक्ने भएकाले यो सहजै उपलब्ध हुन सक्छ । रासायनिक मल किन्नुपर्ने भएकाले कहिलेकाहीँ बजारमा यसको अभाव पनि हुन सक्छ । प्राङ्गारिक मलको प्रयोगबाट उत्पादित खाद्य वस्तुहरूले स्वास्थ्यलाई असर गर्दैनन् ।

उत्पादन बढाउन कृषिमलको प्रयोग आवश्यक छ । यसको प्रयोग गर्दा केही कुरामा भने किसानहरूले विचार पुऱ्याउनुपर्छ । खेतबारीमा सबै ठाउँको माटो एकै किसिमको हुँदैन । कुन ठाउँमा कस्तो मल प्रयोग गर्दा राम्रो हुन्छ भन्ने कुरा जान्नका लागि खेतबारीको माटो परीक्षण गराउनु बेस हुन्छ । यदि यो कुरा सम्भव नभए नजिकैको कृषि कार्यालयमा गएर सम्पर्क राखी जानकारी लिनु बुद्धिमानी हुन्छ ।

रासायनिक मल र विषादीको अत्यधिक प्रयोग गरिएका खाद्यवस्तुहरूले मानव स्वास्थ्यमा नकारात्मक प्रभाव पार्छन् । रासायनिक मलको प्रयोगबाट सुरु सुरुमा बढी उत्पादन लिन सकिए पनि पछि गएर क्रमशः उत्पादन घट्दै जान्छ । रासायनिक मलको अत्यधिक प्रयोगले माटोमा अम्लीयपन बढ्छ र माटो बिग्रन्छ । यसको नियन्त्रणका लागि कृषि चुनको प्रयोग गर्नुपर्छ ।

यसरी स्वास्थ्यका दृष्टिले पनि रासायनिक मलभन्दा प्राङ्गारिक मलको प्रयोगमा जोड दिनु राम्रो हुन्छ । यी सबै कुरामा ध्यान दिएर अन्न, फलफुल वा तरकारी खेती गर्न सकियो भने उत्पादन बढ्छ । यसबाट व्यक्ति, समाज, राष्ट्रको आर्थिक उन्नतिमा टेवा पुग्छ ।

---

*विषालु* : विष मिसिएको

*ओसिलो* : अलि अलि चिसो, सेपिलो

Curriculum Development Centre

## *अभ्यास*

१. **तलका प्रश्नहरूको उत्तर भन :**

(क) माटोमा अम्लीयपन केले बढाउँछ ?

(ख) माटोमा अम्लीयपन नहुन केको प्रयोग गर्नुपर्छ ?

(ग) कुन मल प्रयोग गरिएका खाद्य तत्त्व लाभदायक हुन्छन् ?

(घ) किसानले किन प्राङ्गारिक मलको प्रयोग गर्नु राम्रो हुन्छ ?

२. **पाँच वाक्यमा उत्तर लेख :**

(क) माटोको उर्वरा शक्ति भन्नाले के बुझिन्छ ?

(ख) प्राङ्गारिक मल कसरी बनाइन्छ ?

(ग) मुख्य मुख्य रासायनिक मलहरू कुन कुन हुन् ?

(घ) रासायनिक मलको प्रयोग गर्नुभन्दा पहिले ध्यान दिनुपर्ने कुराहरू के के हुन् ?

(ङ) प्राङ्गारिक र रासायनिक मलमा के के फरक छन् ?

(च) किन खेतबारीको माटो परीक्षण गराउनु आवश्यक छ ?

(छ) प्राङ्गारिक मल बढी उपयोगी हुनुको मुख्य मुख्य कारणहरू के के हुन् ?

३. **'कृषि उत्पादन बढाउन कृषि मलको आवश्यकता हुन्छ ।' यस भनाइलाई आफ्नै शब्दमा बयान गर ।**

४. **हाम्रो गाँउघरमा कृषिमल कसरी बनाइन्छ ? आफ्नो अभिभावकसँग सोधी लेख ।**

५. **तिम्रो गाउँघरमा मुख्य रूपमा के के बाली लगाइन्छ ? लेख ।**

## *शब्द भण्डार*

६. **मिल्दो शब्दसँग जोडा मिलाई कापीमा सार :**

| | |
|---|---|
| नोक्सान | धेरै |
| अत्यावश्यक | उब्जनी |

Curriculum Development Centre

| | |
|---|---|
| अत्यधिक | घाटा |
| उत्पादन | आवश्यक |
| | नियन्त्रण |

७. **बोलाइ र लेखाइको फरक बुझ :**

| बोलाइ | लेखाइ |
|---|---|
| उर्बर | उर्वर |
| उर्बरा शक्ति | उर्वरा शक्ति |
| पौस्टिक | पौष्टिक |
| रास्ट्र | राष्ट्र |
| तत्व | तत्त्व |
| बेक्ति | व्यक्ति |

८. **अर्थ भन :**

असन्तुलित, उर्वरा शक्ति, प्रविधि, सावधानी, खर्चिलो, परीक्षण

९. **वाक्यमा प्रयोग गर :**

कृषिमल, खेतीपाती, प्रविधि, कारखाना, उपयोगी, अम्लीयपन, उत्पादन

## ***उच्चारण र हिज्जे***

१०. **पाठको तेस्रो र चौथो अनुच्छेद सस्वर वाचन गरी कक्षामा साथीहरूलाई सुनाऊ ।**

११. **शुद्ध गरी लेख :**

पानि, पनी, प्रङ्गारीक, वेफायदा, पोशिलो, अम्लीएपन, विसालु, बुद्धीमानी

१२. **पाठको पहिलो अनुच्छेद शिक्षकबाट सुनेर लेख ।**

१३. **पाठबाट दीर्घ इकार र उकार हुने पाँच पाँच ओटा शब्दहरू टिप ।**

Curriculum Development Centre

## *कार्यमूलक व्याकरण*

१४. उदाहरण हेरी पाठमा वर्तमान कालका क्रियापद प्रयोग भएका १० ओटा वाक्यहरू छानी  कापीमा लेख ।

उदाहरण :

(क) हामी खेतीपातीका लागि कृषिमल प्रयोग गर्छौं ।

(ख) बोट बिरुवालाई मलको खाँचो पर्छ ।

(ग) प्राङ्गारिक मलको प्रयोग फलदायी हुन्छ ।

(घ) रासायनिक मल विभिन्न रसायनको प्रयोग गरी कारखानाबाट उत्पादन गरिन्छ ।

(ङ) हामी ‘कृषिमलको प्रयोग’ भन्ने प्रबन्ध पढ्छौं ।

**१५. तलका क्रियापदमध्ये वर्तमान कालका क्रियापदलाई मात्र कापीमा लेख :**

जान्छ, गयो, जाने छ, खान्छन्, खाए, पढ्नुहुन्छ, पढ्छिन्, पढ्छस्, पढ्छौ, लेख्छु, लेख्ने छु

**१६. हुनु, गर्नु, बनाउनु, आउनु, घट्नु  क्रियाबाट बन्ने तिन तिन ओटा वर्तमान कालका क्रियापद लेख ।**

**१७. तल दिइएका वर्तमान कालका क्रियापदहरूलाई वाक्यमा प्रयोग गर :**

बनाउँछौ, देख्छु, पढ्छौं, रोप्छन्, काट्छ, किन्छे, लेख्छन्, भन्छ, दिन्छु

**१८. तलका भूत काल क्रियापदलाई वर्तमान कालमा बदल :**

उखेल्यो, सिक्यो, भन्यो, पढे, फाल्यो, फुल्यो, खाएँ, गए, गर्‍यौं, सुत्यो

**१९. उदाहरणअनुसार तलका करण वाक्यलाई अकरण र अकरण वाक्यलाई करणमा परिवर्तन गर :**

उदाहरण : प्राङ्गारिक र रासायनिक गरी कृषिमल दुई प्रकारका हुन्छन् ।

प्राङ्गारिक र रासायनिक गरी कृषिमल दुई प्रकारका हुँदैनन् ।

Curriculum Development Centre

(क) माटोको उर्वरा शक्ति बढाउन प्राङ्गारिक मलको प्रयोग गरिन्छ ।

(ख) उर्वरा शक्ति भनेको बोट बिरुवाका लागि चाहिने खाद्य पदार्थ उपलब्ध गराउने तत्त्व हो।

(ग) माटोको उर्वरा शक्ति बढाउन कृषिमलको प्रयोग गरिन्छ ।

(घ) प्राङ्गारिक मलको प्रयोगबाट उत्पादित खाद्य वस्तुहरूले स्वास्थ्यलाई असर गर्दैनन् ।

(ङ) प्राङ्गारिक मलको प्रयोगले माटोमा अम्लीयपन बढ्दैन ।

***सिर्जनात्मक अभ्यास***

२०. कृषि क्षेत्रमा प्रयोग गरिने कुनै एक साधनको बारेमा १०० शब्दसम्मको प्रबन्ध लेखेर ल्याऊ र प्रदर्शन पाटीमा टाँस ।

२१. 'रासायनिक मलभन्दा प्राङ्गारिक मलको प्रयोग गर्नु नै वेश' भन्ने विषयको पक्ष र विपक्षमा कक्षामा दुई दुई मिनेटमा आआफ्ना विचार सुनाऊ ।

Curriculum Development Centre

**पाठ : ९** # दाजुलाई बहिनीको चिठी

गौरादह, झापा
२०७०/५/१०

आदरणीय दाजु,

सादर नमस्कार ।

धेरै दिन भयो, तपाईंको सन्चो बिसन्चोको सम्बन्धमा कुनै **सन्देश** पाउन सकेको छैन । पत्र प्राप्त नभएको पनि महिनौँ भयो । तपाईंलाई कतै बिसन्चो त भएन ! चिठी हुलाकमा कतै अलमलिएर रोकिएको पनि हुन सक्छ । फोनबाटै भए पनि तपाईंको खबर पाउने आशा गरेको छु ।

यहाँ सबैलाई सन्चै छ । हिजोआज आमाको स्वास्थ्यमा सुधार आएको छ । बहिनीले पनि पढाइमा निकै **प्रगति** गरेकी छ । नेपालीमा सामान्य लेखपढ गर्न र गणितका **व्यावहारिक** समस्या हल गर्नमा उसलाई खास कुनै किसिमको समस्या छैन । उसको पढाइप्रतिको अभिरुचिलाई विद्यालयका गुरुहरू खुलेर तारिफ गर्नुहुन्छ । मेरो पढाइ पनि सन्तोषजनक नै छ । विद्यालयको शिक्षक पदबाट राजीनामा दिएर कामको खोजीमा **अरब** जाँदा तपाईंका साथीहरूले निकै नराम्रो मानेका थिए । केही छिमेकीहरूले त यस सम्बन्धमा अनेक **टीका टिप्पणी**हरू पनि गरे ।

शिक्षक जस्तो **सेवामूलक** र **प्रतिष्ठामय** पेसालाई त्यागेर पैसाका लागि **बिदेसिनु** भनेको **भौतिक** सुख सुविधाप्रति लोभिनु हो । यस किसिमबाट तपाईंका बारेमा कुरा काट्नुलाई पनि स्वाभाविक रूपमा नै लिनुपर्छ । बढ्दो आर्थिक **प्रलोभन**ले समाजमा हाम्रो मर्यादित **प्रतिष्ठा**लाई **आ□च** पुऱ्याउँछ । कर्मशील जीवनले हामीलाई उन्नतिको बाटोतिर लैजान्छ ।

---

| | | | | | |
|---|---|---|---|---|---|
| *सन्देश* | : | खबर | *प्रतिष्ठामय* | : | सम्मानजनक |
| *प्रगति* | : | उन्नति | *बिदेसिनु* | : | विदेशमा जानु |
| *व्यावहारिक* | : | व्यवहारमा आइपर्ने | *भौतिक* | : | ठोस रूपमा देखिने, दृश्य रूप |
| *अरब* | : | खाडीक्षेत्रको देश | *प्रलोभन* | : | लोभ |
| *टीका टिप्पणी* | : | कुराकानी, चर्चा परिचर्चा | *प्रतिष्ठा* | : | इज्जत |
| *सेवामूलक* | : | सेवासँग सम्बन्धित | *आँच* | : | असर, ठेस |

Curriculum Development Centre


तर अरबबाट अहिलेसम्म पनि स्वदेश नफर्किनु भएकोमा आमाबुबा र आफन्तहरूलाई समेत पनि चित्त बुझेको छैन । हुन त देशमा गरिबी र **बेरोजगारी** बढ्दै गएको छ, यो तपाईंलाई थाहा नभएको कुरा होइन । तैपनि घरमा हुने हरेक चाडबाडमा तपाईंको याद आइहाल्छ ।

'साग र सिस्नु खाएको बेस आनन्दी मनले' भने झैं अभावमा धैर्य गर्न सक्नुमा पनि त आफ्नै किसिमको आनन्द हुन्छ । शिक्षित मानिसहरू आर्थिक मामिलामा यसरी सधैं असन्तोषी बन्ने हो भने समाजमा अझ पछि परेका व्यक्तिहरूको हालत कस्तो होला ? देशले कस्तो दुर्गति भोग्नुपर्ला ? स्वदेशमा नै रहेर गरिने **आय आर्जन**बाट पनि राम्रो जीवन यापन गर्न सकिन्छ । त्यसैमा हामीले सन्तोष लिनुपर्छ । त्यसैमा हामी सबै खुसी हुन्छौं । दाजुले हाम्रो मनोभावनालाई बुझेर यस पटकको दसैंमा भने अवश्य घर फर्किनुहुने छ भन्ने विश्वासका साथ पत्रलाई टुङ्ग्याउने **अनुमति** माग्छु ।

तपाईंकी प्यारी बहिनी

रोशनी महतो

**खामको नमुना**




---

*बेरोजगारी* : जीवन यापनका लागि अपनाइने सिपको अभाव

*आय आर्जन* : कमाइ, आम्दानी

*अनुमति* : आज्ञा, आदेश

Curriculum Development Centre

## *अभ्यास*

१. **उत्तर भन :**

(क) यो चिठी कसले कसलाई लेखेको हो ?

(ख) रोशनीको परिवार कति जनाको हो र त्यसमा को को छन् ?

(ग) दाजुले कुन पदबाट राजीनामा दिएका थिए ?

२. **पाठको आधारमा वाक्य पुरा गर :**

(क) आदरणीय दाजु .............................. । (सादर नमस्कार, प्रणाम, ढोग)

(ख) चिठी ..............................कतै अलमलिएर रोकिएको पनि हुन सक्छ ।
(बाटामा, हुलाकमा, पत्रमञ्जूषामा)

(ग) तपाईंकी ..................बहिनी रोशनी महतो । (प्यारी, मिलनसार, बाठो)

३. **उत्तर लेख :**

(क) दाजुको पत्र धेरै दिनसम्म पनि नआउँदा रोशनीका मनमा खेलेका तर्कनाहरू के के हुन् ?

(ख) रोशनीको परिवार कति जनाको हो र त्यसमा को को छन् ?

(ग) रोशनीले आफ्नी बहिनीको पढाइका सम्बन्धमा दाजुलाई कस्तो जानकारी दिएकी छिन् ?

(घ) रोशनीका दाजु कुन सिलसिलामा किन अरब गएका हुन् ?

(ङ) रोशनी आफ्ना दाजुसँग केका लागि कस्तो किसिमको अनुरोध गर्छिन् ?

४. **व्याख्या गर :**

(क) बढ्दो आर्थिक प्रलोभनले समाजमा हाम्रो प्रतिष्ठालाई आँच पुऱ्याउँछ ।

(ख) साग र सिस्नु खाएको बेस आनन्दी मनले ।

५. **आफ्नो पढाइ लेखाइ र घरायसी कुराहरू समावेश गरी टाढा बसेका साथीलाई एउटा चिठी लेख ।**

## *शब्द भण्डार*

६. **तलका शब्दको अर्थ लेख :**

कर्मशील, समस्या, तारिफ, शिक्षित, प्रतिष्ठा

Curriculum Development Centre

७. **अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :**

तारिफ, आनन्द, दुर्गति, सन्तोष, प्रलोभन, धैर्य

## *उच्चारण र हिज्जे*

८. **'दाजुलाई बहिनीको चिठी' पाठ पढेर कक्षामा साथीलाई सुनाऊ ।**

९. **तलका शब्द शुद्धसँग उच्चारण गर :**

पत्र, प्रतिष्ठा, सन्तोषी, प्रतिष्ठामय

१०. **सच्याएर सार :**

हीजोआज आमाको स्वस्थमा नीकै सुदार आयको छ । बहीनिले पनी पढाईमा पर्गती गरेको छ ।

११. **पाठको तेस्रो अनुच्छेद शिक्षकबाट सुनेर लेख ।**

१२. **पाठबाट श/ष/स प्रयोग भएका शब्दहरू खोजेर लेख ।**

## *कार्यमूलक व्याकरण*

१३. **पढ, बुझ र गर :**

(क) तपाईंलाई सन्चै होला ।

(ख) दाजु भोलि आउनुहोला ।

(ग) उनीहरूको आर्य आर्जन राम्रो होला ।

(घ) बहिनी डाक्टर होलिन् ।

(ङ) हामी चुप लगौँला ।

माथिको वाक्यले काम पछि हुन सक्ने सम्भावना बुझाएका छन् । त्यसैले यी वाक्यहरू सम्भावनार्थक वाक्यहरू हुन् ।

उदाहरणमा देखाए जस्तै पाठको दोस्रो अनुच्छेदलाई सम्भावनार्थमा बदल ।

उदाहरण : यहाँ सबैलाई सन्चै छ ।

यहाँ सबैलाई सन्चै होला ।



Curriculum Development Centre

**१४. उदाहरण हेरेर सम्भावनार्थ शब्द बनाऊ :**

| **धातु** | **सम्भावनार्थ** |
|---|---|
| गर् | गर्ला |
| मान् | |
| बढ् | |
| भोग् | |
| माग् | |
| लेख् | |

**१५. सम्भावनार्थ जनाउने क्रियापद प्रयोग गरी भोलि तिमीले गर्ने कामको १० वाक्यमा वर्णन गर ।**

**१६. उदाहरणमा देखाए जस्तै वर्तमान कालका वाक्यलाई भूत कालमा बदल :**

उदाहरण : मेरो पढाइ सन्तोषजनक छ ।

मेरो पढाइ सन्तोषजनक थियो ।

(क) गुरुले बहिनीको तारिफ गर्नुहुन्छ ।

(ख) आमाको स्वास्थ्य राम्रो छ ।

(ग) दाजु विदेशमा हुनुहुन्छ ।

(घ) चाडवाडमा तपाईँको याद आउँछ ।

(ङ) उनीहरू देशका लागि मरिमेट्छन् ।

***सिर्जनात्मक अभ्यास***

**१७. खामको ढाँचा तयार पार ।**

**१८. आफूले गरेको शैक्षिक भ्रमणको विवरण दिएर साथीलाई पत्र लेख ।**

**१९. फोन तथा मोबाइलमा कसरी र कति कुरा गर्ने विषयमा छलफल गरी एउटा निष्कर्ष निकाल र त्यसका आधारमा आफ्नो कुनै एक नातेदारलाई चिठी लेख ।**

Curriculum Development Centre

# पाठ : १० युमादेवीको अवतरण

किरात राजा उवाहाङको मृत्युपछि राजकुमार माबोहाङ किरात देशका राजा भए । आफ्ना बुबा उवाहाङ जस्तै उनी पनि अत्यन्त **धार्मिक, सज्जन** र **गुणी** थिए । उनी आफ्नो देश र जनताको भलाइ गर्थे । उनी कुनै **कुलत**मा लागेका थिएनन् । राजा माबोहाङले जनतालाई सजिलो होस् भनेर देशको **राजधानी** चेम्फुजोङबाट यासोकजोङमा सारेका थिए । उनका मन्त्रीको नाम खोजुम थियो ।

एक दिन राजा माबोहाङ आफ्ना मन्त्री खोजुम र सिपाहीहरूलाई लिएर **सिकार** खेल्न लेकको जङ्गलतिर लागे । जङ्गल अत्यन्त बाक्लो थियो। अनेकौँ चरा चुरुङ्गीको मधुर आवाजले वन गुन्जिएको थियो । बेला बेलामा बाघ गर्जेको आवाज पनि आउँथ्यो । सिकारी कुकुरहरू कहिले अघि अघि दौडन्थे, कहिले पछि पछि लाग्थे । कहिले भुक्थे, कहिले सतर्क भएर दायाँबायाँ हेर्थे । सिपाहीहरू कुकुरहरू कता कता जान्छन् र के के सङ्केत दिन्छन् भनेर चलाख भई यताउति आँखा लगाइरहेका थिए । यस्तैमा जङ्गलमा एउटा मृग देखियो । कुकुरहरू मृगका पछि पछि लागे । मृग जोडसँग दौडियो । कुकुरहरू झन् फुर्तिला थिए । सिपाही मृगको पिछा गर्दै थिए । राजा र मन्त्री यो दृश्य हेर्दै पहिलो सिकार उम्काउन हुँदैन भनेर सिपाहीहरूलाई अऱ्हाउँदै थिए ।

चार ओटा कुकुरहरूले मृगलाई भेट्न भेट्न आँटेका थिए । अग्लो डाँडो जस्तो ठाउँबाट मृग ओऱ्हालो खोँचतिर लाग्यो । खोँचमा पुग्नासाथ मृग देखिन छोड्यो । कुकुरहरू पनि देखिन छोडे । कुकुरहरू भुकेको आवाज पनि हरायो । राजा, मन्त्री र सिपाहीहरूले कुकुरहरू कहाँ पुगे भनी खोज्न थाले । कुकुरहरू हराएकाले उनीहरू चिन्तित भए । सिपाहीहरूले ठुलो स्वरमा नाम लिँदै कुकुरहरूलाई बोलाए । जङ्गलमा घुमी घुमी खोज्दा पनि न मरेको कुकुर भेटियो न त जिँउदै भेटियो । घेरा हालेर चारैतिर खोज्दा पनि कुनै अत्तोपत्तो भएन । मृग पनि फेला परेन । यस घटनाले राजा, मन्त्री, सिपाही सबै आश्चर्य चकित भए ।

---

*धार्मिक* : धर्म गर्ने
*सज्जन* : असल मान्छे
*गुणी* : राम्रो गुण भएको
*कुलत* : खराब बानी
*राजधानी* : राजा, मन्त्री आदिको कार्यालय रहने सहर, राज्यको शासक बस्ने ठाउँ
*सिकार* : जङ्गली जनावर मार्ने काम



Curriculum Development Centre

कुकुर खोज्दै जाँदा राजाको फौज एउटा **भन्ज्याङ**मा पुग्यो । भन्ज्याङबाट चारैतिरको दृश्य देखिन्थ्यो । ढकमक्क **चिमाली** फुलेको दृश्यले राजा र मन्त्री दङ्ग थिए । राजा र मन्त्री नजिकैको ठुलो गुराँसको रुखमुनि पुगे । त्यहाँबाट अलिपर चौर जस्तो ठाउँमा एउटी युवतीले तान बुन्दै गरेको देखेर उनीहरू चकित भए । झरझुट्ट **गहना** लगाएकी, कपालमा गुराँस सिउरेकी अन्दाजी १८-२० वर्षकी ती युवती किरात भाकामा गीत गाउँदै तान बुन्दै थिइन् ।

राजा ती युवतीलाई एकोहोरो दृष्टिले हेरिरहेका थिए । बेला बेलामा उनी सिकारी कुकुर सम्झन्थे । सिपाहीहरूले कुकुर खोज्दै गरेको जङ्गलतिर पनि आँखा लगाउँथे । मन्त्री पनि राजाकै साथमा थिए । राजाले युवतीलाई हेरेको देखेर मन्त्रीले भने, “महाराज ! यी युवती त जङ्गलमा बस्न सुहाउने खालकी छैनन् । हाम्रो दरबारकी गहना बन्न सुहाउने खालकी छिन् । यस्ती **अनमोल** युवती हजुरकी **जीवन सँगिनी** बने मात्र हाम्रो यो यात्रा सफल हुन्छ । बरु बेर नगरौँ । तिनको नजिकै जाऔँ र कुरा राखिहालौँ । युवतीले मानिनन् भने हाम्रा फौजले घेरा हालेर ल्याइहाल्छन् ।”

राजाले मन्त्रीको कुरा सुने । उनले मन्त्रीलाई भने, “हाम्रै आँखा अगाडि मृग हरायो । जङ्गली मृग जङ्गलमा हराउनु अनौठो कुरा होइन तर हाम्रा त्यस्ता सिकारी कुकुरहरू कहाँ पुगे अत्तोपत्तो छैन । यस्तो निर्जन तथा **सुनसान** वनमा एक्ली युवती फेला परेकी छन् । कुनै मान्छे जङ्गलमा डुल्न आउन सक्छ । वनमा तान फिँजाएर कपडा बुन्ने काम अनौठो हो । त्यसैले यी साधारण महिला होइनन् । कुकुर र मृग हराउनु पनि साधारण घटना होइन । यी युवतीलाई फकाउन जानु उचित हुँदैन ।”

राजाको जवाफले मन्त्री वाल्ल परे । उता राजा भने ती युवतीको नजिकमा गए । राजाले ती युवतीलाई शिष्टतापूर्वक नमस्कार गरे र भने, “हामी मानिस जाति हौँ । तपाईं को हुनुहुन्छ ? यस्तो सुनसान जङ्गलमा कहाँबाट आइपुग्नुभयो ? तपाईं बस्ने ठाउँमा आएर हामीले भुल गऱ्यौँ कि ? भुल भएको भए माफ गरी आफ्नो परिचय दिनुहुन्छ कि ?” राजा हातमा फुल र पाती लिई ती युवतीका सामु घुँडा टेकी टाउको निहुऱ्याएर बसेका थिए । उनी ती महिलाको उत्तरको आशामा थिए ।

---

| | | |
|---|---|---|
| *भन्ज्याङ* | : | पहाडको दुई चुलीका माझको होचो ठाउँ |
| *चिमाली* | : | सेतो रङको गुराँस |
| *गहना* | : | राम्रो हुन लगाउने, कान, घाँटी आदिमा लगाइने सुन, चाँदी |
| *अनमोल* | : | मोल गर्न नसकिने |
| *जीवन सँगिनी* | : | जीवनको साथी, पत्नी |
| *सुनसान* | : | मानिसहरू नभएको |

Curriculum Development Centre

“राजा ! तिम्रो मन कस्तो रहेछ भन्ने जाँच गर्न म यहाँ आएकी हुँ । तिम्रो मन पवित्र रहेछ । तिमी अरूको भनाइमा नलागी आफ्नो **विवेक**ले काम गर्दा रहेछौ । तिम्रा बुबा राजा उवाहाङ जस्तै तिमी पनि **परमात्मा**को भक्ति गर्दा रहेछौ । तिम्रो मन, **वचन**, चरित्र  र व्यवहार तारिफ गर्न लायक रहेछ । तिमीसँग म प्रसन्न छु ।  म को हुँ भन्ने कुरा तिमीले चाँडै थाहा पाइहाल्छौ ।” युवतीले भनिन् ।

राजा माबोहाङले टाउको उठाएर ती युवतीलाई हेर्न खोजे । राजाले हेर्न नपाउँदै ती युवती **अलप** भइन् । त्यहाँ तान पनि थिएन । उनी बसेको आसन पनि थिएन । राजा झन् छक्क परे ।  छक्क परेका राजाले कुकुर भुकेको सुने । मृग लखेट्दै ती कुकुरहरू छेउमा आइपुगे ।

राजा भने ती सुन्दरी अलप भएको र **अकस्मात्** हराएका कुकुरहरू भेटिएको घटनाले छक्क परेका थिए । राजा कुकुर, मन्त्री, सिपाहीसहित राजधानी फर्किए । राजाले ती युवतीलाई चिन्न नसकेकाले झन् चिन्तित भए । ती देवी पनि अलप भइन् तर सपनामा नै तिनले बोलेको सुनियो । तिनले सम्पूर्ण सृष्टिको कुरा सुनाएर माबोहाङका पुर्खाहरूले गरेको राम्रो कामको बयान गर्दै भनिन्, “राजा ! तिमी विवेकी छौ । यो विवेक र भक्ति दुवै नछोडी राज्य गर । म तिम्रो राज्यको **कल्याण** गर्ने युमादेवी हुँ ।”

राजा झल्याँस्स बिउँझिए । उनले सपनामा युमादेवीको दर्शन पाएकोमा खुसी भए । उनले मनमनै युमादेवीको भक्ति र विवेक नछोडी **शासन** गर्ने अठोट गरे । यसरी युमादेवी सपनामा यासोकजोङमा अवतरण भएपछि यासोकेनी नामले प्रख्यात भइन् ।

---

*विवेक* : राम्रो सोचाइ, ठिक बेठिक छुट्याउने काम
*परमात्मा* : ईश्वर
*वचन* : बोली
*अलप* : हराउने
*अकस्मात्* : एकाएक, अपर्झट
*कल्याण* : भलाइ
*शासन* : राज्यको कामकाज

Curriculum Development Centre

## *अभ्यास*

१. **उत्तर भन :**

(क) उवाहाङको मृत्युपछि किरात देशका राजा को भए ?

(ख) राजा माबोहाङले किन देशको राजधानी यासोकजोङमा सारेका थिए ?

(ग) भन्ज्याङको दृश्य कस्तो थियो ?

(घ) युवतीले कपालमा के सिउरेकी थिइन् ?

२. **कसले कसलाई भनेको हो ? लेख ।**

(क) महाराज ! यी युवती त जङ्गलमा बस्न सुहाउने खालकी छैनन् ।

(ख) हाम्रो आँखा अगाडि मृग हरायो ।

(ग) तिमी अरूका भनाइमा नलागी आफ्नो विवेकले काम गर्दा रहेछौ ।

(घ) तिमी विवेक र भक्ति नछोडी राज्य गर ।

३. **तलका प्रश्नको उत्तर लेख :**

(क) किरात देशका राजा कस्ता थिए ?

(ख) सिकार गर्ने कार्यमा को को संलग्न थिए ?

(ग) राजा, मन्त्री र सिपाही किन चिन्तित भए ?

(घ) मन्त्रीले युवतीका बारेमा राजालाई कस्तो सल्लाह दिए ?

(ङ) राजाले युवतीलाई फकाउन किन उचित ठानेनन् ?

(च) राजाले युवतीसँग कस्तो व्यवहार गरे ?

(छ) युवतीले राजालाई के के भनिन् ?

(ज) राजाले कस्तो अठोट गरे ?

४. **तिम्रो समुदायमा प्रचलित कुनै एउटा कथा अभिभावकसँग सोधेर लेख र कक्षामा ल्याएर सुनाऊ ।**

Curriculum Development Centre

५. यस पाठमा राजाका राम्रा र अनुकरणीय गुणहरूको सूची बनाऊ ।

## शब्द भण्डार

६. उदाहरणमा दिए जस्तै विपरीत अर्थ दिने शब्द लेख :

उदाहरण : सज्जन - दुर्जन

गुणी, अग्लो, सँगिनी, कल्याण, सजिलो, बाक्लो

७. अर्थ बताऊ :

विवेक, सिकारी, दृश्य, तारिफ, भाका, अनमोल

८. उदाहरण पढ, बुझ र लेख :

पुग्यो - पुगेन, पर्‍यो - परेन, गर्‍यो - गरेन

लागे, भने, गरे, भए, पुगे, बोलाए, थाले, सुने, परे

## उच्चारण र हिज्जे

९. पाठमा दिइएको कथा पालैपालो पढेर सुनाऊ ।

१०. तलका शब्दहरूको शुद्ध उच्चारण गरेर सुनाऊ :

| | | | |
|---|---|---|---|
| माबोहाङ | उवाहाङ | चेम्फुजोङ | भन्ज्याङ |
| युमादेवी | चरा चुरुङ्गी | जङ्गल | चिन्तित |
| मृग | दृश्य | दृष्टि | मृत्यु |
| कल्याण | राज्य | अत्यन्त | युवती |

११. तलका शब्दहरू शुद्ध पारेर सार :

सिपाइ, तल्लिन, सिस्टतापुरबक, मइला, तिम्रो, पुरखा, सिरिस्टी, राज्जे, सासन

१२. पाठको दोस्रो अनुच्छेद शिक्षकबाट सुनेर लेख ।

Curriculum Development Centre

१३. **पढ, बुझ र गर :**

(क) माबोहाङ कुनै कुलतमा लागेका थिएनन् ।

(ख) माबोहाङले देशको राजधानी यासोकजोङमा सारेका थिए ।

(ग) चरा चुरुङ्गीको आवाजले वन गुन्जिरहेको थियो ।

(घ) तिम्रो मन जाँच्न म यहाँ आएको हुँ ।

(ङ) युमादेवीले माबोहाङका पुर्खाहरूले गरेका राम्रो कामको बयान गरेकी छिन् ।

(च) सिपाहीहरू दरबार गएका हुने छन् ।

(छ) जङ्गलमा कुकुरहरू भुकेका हुने छन् ।

माथिका वाक्यहरूमा लागेका थिएनन्, सारेका थिए, गुन्जिरहेको थियो, आएको हुँ, गरेकी छिन्, गएका हुने छन्, भुकेका हुने छन् जस्ता क्रियापद प्रयोग भएका छन् । यस किसिमका क्रियापदहरू वाक्यमा कार्य पुरा भएको अवस्थालाई जनाउन प्रयोग हुन्छन् ।

पूर्ण पक्षले काम पुरा भएको अवस्थालाई जनाउँछ । कामको पूर्णतालाई जनाउन वा बुझाउन धातुमा एको, एका, एकी जोडेर त्यसपछि थियो, थिए, छ, छन्, हुने छ, हुने छन् जस्ता सहायक क्रियापद प्रयोग गरिन्छ ।

दिएका धातुबाट क्रियापदका पूर्ण प‘का रुप बनाऊ :

उदाहरण : भन् - भनेको थिएँ / भनेको छु / भनेको हुने छु ।

हाँस् - हाँसेका थियौ / हाँसेका छौ / हाँसेका हुने छौ ।

सुन्- सुनेकी थिइन् / सुनेकी छन् / सुनेकी हुने छन् ।

राख् बुन् लाग् देख् खोज् पुग्

हेर् भन् हिँड् सुन् बस् बोक्

Curriculum Development Centre

**१४. उदाहरणमा दिए जस्तै तलका क्रियापदहरूलाई कामको पूर्ण अवस्था जनाउने क्रियापदमा बदल :**

उदाहरण : हराउँछ

हराएको थियो

हराएको छ

हराएको हुने छ

देखिन्छ, लाग्यो, छोड्यो, हरायो

बुन्दै थिइन्, लगाउँथे, भनिन्

**१५. तलका क्रियापदहरूलाई वाक्यमा प्रयोग गर :**

| | | |
|---|---|---|
| सारेका थिए | बुनेकी छन् | आएका हुने छन् |
| गुन्जिएको थियो | हेरिरहेका छन् | थालेका हुने छन् |
| लगाइरहेका थिए | बसेका छन् | जितेका हुने छौ |
| आँटेका थिए | गरिरहेकी छन् | भनेकी हुने छिन् |

**१६. काम सम्पन्न भएको अवस्थालाई जनाउने क्रियापदहरूको प्रयोग गरेर आफूले गरेका कामहरूको १० वाक्यमा वर्णन गरेर सुनाऊ ।**

**१७. उदाहरणमा दिए जस्तै वाक्यमा प्रयोग गर :**

उदाहरण : कुकुरले मृगलाई भेट्न आँटेको थियो ।

कुकुरले मृगलाई भेट्न आँटेको थिएन ।

(क) मृग ओऱ्हालो लाग्यो ।

(ख) मृग देखिन छोड्यो ।

(ग) कुकुर भुकेको आवाज हरायो ।

(घ) सिपाहीहरूले कुकुरहरू खोज्न थाले ।

(ङ) चारैतिर चिमाली फुल्यो ।

Curriculum Development Centre

## सिर्जनात्मक अभ्यास

**१८. तलका सङ्केतका आधारमा छोटो कथा लेख :**

कुनै देशमा बुद्धिमान् मानिस हुनु .................... बुद्धिमान् मानिसको बुद्धि देखेर मन्त्रीहरूले ईर्ष्या गर्नु .................... मन्त्रीहरूले बुद्धिमान् मानिसको बुद्धि छैन भन्ने देखाउन चाहनु ........................राजाले बुद्धिमान् मानिसलाई दरबारमा बोलाउनु ........................ राजाले टेबुलमा राखिएको एउटा सक्कली र एउटा नक्कली फुल मध्ये नछोइकन सक्कली फुल छुट्याउनुपर्ने भन्नु .......................... बुद्धिमान् मानिसले झ्याल खोल्नु र सक्कली फुल छुट्याउन सक्नु ............................ राजाले कसरी सक्कली फुल छुट्यायौ भन्नु ............................ बुद्धिमान् मानिसले झ्याल खोलेपछि माहुरी सक्कली फुलमा बस्यो भन्नु .................................. राजाले समस्या समाधान नामको नयाँ मन्त्रालय खोलेर बुद्धिमान् मानिसलाई मन्त्री बनाउनु

१९. **आफ्ना अभिभावकबाट कुनै अर्को लोककथा सुनी लेखेर ल्याऊ र त्यसलाई रोचक ढङ्गले आफ्ना कक्षाका साथीहरूलाई सुनाऊ ।**

Curriculum Development Centre

## पाठ : ११ सम्पत्तिभन्दा शिक्षा ठुलो




शुक्रबारको दिन दिउँसो १.०० बजे महाकाली उच्च मा.वि.को प्राङ्गणमा वाद विवादको मञ्च तयारी अवस्थामा छ । सबैजना उपस्थित भएर आआफ्नो कुर्सीमा आसन ग्रहण गरेपछि अतिथिहरूलाई आसन ग्रहणको अनुरोध पछि नेपाली विषयका शिक्षक सन्तोष परियार **उद्घोषण** सुरु गर्नुहुन्छ । सभाध्यक्षका लागि प्रधानाध्यापकलाई अनुरोध गरिन्छ । विद्यालयको अङ्ग्रेजी, विज्ञान र सामाजिक विषयका तिन जना शिक्षकलाई निर्णायकका रूपमा घोषणा गरिन्छ । **समय पालक**मा शिक्षक सिर्जना पौडेल रहेकी छन् ।

उद्घोषक : वाद विवादमा भाग लिने विद्यार्थीहरूले पालना गर्नुपर्ने मुख्य मुख्य नियम यस प्रकार छन् :

(क) प्रत्येक वक्तालाई पाँच मिनेटको समय दिइने छ । चार मिनेटमा पहिलो घन्टी बज्छ र निष्कर्षतिर लाग्नुपर्छ ।

(ख) व्यक्तिगत आक्षेप, गाली गलौज र अशिष्ट भाषाको प्रयोग गर्नु हुँदैन ।

(ग) आआफ्ना पक्षमा गहकिला तर्कहरू दिएर विपक्षका तर्कहरूको खण्डन गर्नुपर्छ ।

(घ) समयको राम्ररी ख्याल गर्नुपर्छ । पाँच मिनेटको अन्तिम घन्टी लागेपछि बोलेको कुरालाई मूल्याङ्कनमा समेटिने छैन ।

---

*उद्घोषण* : विशेष कुराको घोषणा, कार्यक्रम सञ्चालन सम्बन्धी घोषणा

*समय पालक* : समय हेरी जनाउ दिने व्यक्ति



Curriculum Development Centre

### उद्घोषक

सन्तानलाई सम्पत्तिभन्दा शिक्षा ठुलो हुन्छ भन्ने विषयको पक्षमा आफ्ना तर्क प्रस्तुत गर्न उमा सापकोटा आउँदै छिन् । (उमा सापकोटा मञ्चतिर लाग्छिन् । सभाबाट जोडदार ताली बज्छ ।)

### उमा सापकोटा

यस सभाका सभाध्यक्ष, प्रमुख अतिथिज्यू, अतिथि वर्ग, गुरुवर्ग, निर्णायकज्यूहरू र प्यारा साथीहरू ! आज म सन्तानलाई सम्पत्तिभन्दा शिक्षा ठुलो हुन्छ भन्ने विषयमा आफ्ना तर्क राख्दै छु ।

वास्तवमा सन्तानलाई सम्पत्तिभन्दा शिक्षा दिनु ठुलो हुन्छ । आजको युग भनेको ज्ञान र विज्ञानको युग हो । यस युगको आवश्यकता सम्पत्तिभन्दा शिक्षा हो भन्ने कुरामा कसैको दुई मत छैन । शिक्षाको **अनुकूल** प्रभावबाट नै सन्तानले सुखी जीवन पाउँछन् । यसले सन्तानको भविष्य निर्माणमा सहयोग गर्छ । सन्तानलाई दिएको सम्पत्ति क्रमिक रूपमा नष्ट हुँदै जान्छ तर शिक्षा नष्ट हुँदैन । सन्तान सम्पत्तिले होइन शिक्षाले गर्दा असल हुन्छन् । असल व्यक्तित्वको विकास शिक्षाबाट मात्र सम्भव छ । व्यक्तिको **अठोट**, क्रियाशीलता र सिर्जना सम्पत्तिबाट होइन शिक्षाबाट मात्र प्राप्त हुन्छ ।

पछि आउने मित्रहरूले सन्तानलाई शिक्षाभन्दा सम्पत्ति ठुलो हुन्छ भन्दै आफ्ना तर्क प्रस्तुत गर्नुहोला । त्यसो भन्नु उपयुक्त हुँदैन । सूर्यको अगाडि बत्ती भने जस्तै सूर्य शिक्षा हो भने बत्ती सम्पत्ति हो । बत्तीले सानो ठाउँमा उज्यालो छर्छ भने सूर्यले संसारभर उज्यालो छर्छ । आदिकवि भानुभक्त, महाकवि देवकोटा सम्पत्तिले होइन शिक्षाले गर्दा महान् भएका हुन् । यदि सम्पत्तिले शिक्षा प्राप्त गर्न सकिने भए संसारमा सबै धनी मान्छेहरू मात्र विद्वान् हुने थिए । सुकरात, प्लेटो, अरस्तु सम्पत्तिले होइन शिक्षाले गर्दा असल सन्तान र असल व्यक्तित्व भएका हुन् । (पहिलो घन्टी बज्छ । )

त्यसैले प्रत्येक सन्तानमा असल चेतनाको विकास गर्नका लागि सम्पत्ति होइन शिक्षा आवश्यक छ । शिक्षाको शक्तिको सीमा छैन । यसले व्यक्ति, समाज र राष्ट्रलाई नै प्रगतितर्फ उन्मुख गराइराखेको हुन्छ । शिक्षाले नै बालकको जीवनलाई सरल, सहज, अनुशासित, स्वावलम्बी र सहयोगी बनाउँछ । (दोस्रो घन्टी बज्छ) यति भन्दै समय सकिएकाले म आफ्ना कुरा यहीँ टुङ्ग्याउन चाहन्छु । धन्यवाद । (सभाबाट ताली बज्छ ।)

---

*अनुकूल* : आफूले चिताए वा भने जस्तै

*अठोट* : निधो, निर्णय

Curriculum Development Centre

**उद्घोषक**

अब सन्तानलाई सम्पत्ति ठुलो हुन्छ भन्ने विषयमा आफ्ना तर्क अघि सार्न पासाङ लामालाई निम्त्याउँदै छु । (सभाबाट ताली बज्छ ।)

**पासाङ लामा**

आदरणीय सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, निर्णायक वर्ग, आदरणीय गुरुवर्ग र मेरा प्यारा प्यारा साथीहरू !

आज म यस वाद विवाद प्रतियोगितामा सन्तानलाई सम्पत्ति भन्ने विषयमा आफ्ना तर्कहरू राख्दै छु । अर्थात् मेरो विचार सन्तानलाई शिक्षाभन्दा सम्पत्ति ठुलो हो भन्ने रहेको छ ।

मित्रहरू ! पूर्ववक्ता मित्रले सम्पत्तिलाई तुच्छ वस्तु ठान्नुभयो । त्यो उहाँको भ्रम मात्र हो । साथीहरू यो समय सम्पत्तिको समय हो । सन्तानलाई सम्पत्तिबिना कुनै पनि काममा अघि बढाउन सकिँदैन । सम्पत्ति छ भने सबै थोक छ तर सम्पत्ति छैन केही पनि हुँदैन ।

शान्ति, सिर्जना, **यश**, कीर्ति, सुख, सुविधा, आराम जस्ता कुरामा सम्पत्तिकै ठुलो भूमिका रहेको हुन्छ । विश्वमा बिल गेट्स किन प्रख्यात भए ? अमेरिका, चीन, बेलायत आदि देश किन शक्तिशाली राष्ट्र भए ? यो सबै उनीहरूसँग भएको प्रशस्त सम्पत्तिको परिणाम हो । चन्द्रमामा पुग्ने कामदेखि लिएर **अन्तरिक्षयान**को विकासमा त्यही सम्पत्तिले नै सहयोग गरेको छ । सम्पत्तिबिना व्यक्तिले शिक्षा पनि आर्जन गर्न सक्दैन । हाम्रो जस्तो खान लगाउन समस्या भएको देशमा त झन् सम्पत्ति नै चाहिन्छ । आज कति व्यक्ति सम्पत्तिको अभावमा उपचार नभएर मृत्युको मुखमा छटपटाइरहेका छन् । मान्छेले जति पनि विद्या आर्जन गर्छ, त्यो सबै सम्पत्तिकै लागि हो । ढुङ्गाको भर माटो र माटोको भर ढुङ्गा भने जस्तै व्यक्तिको भर सम्पत्ति र सम्पत्तिको भर व्यक्ति हो । विद्यालय, अस्पताल, सडक, उद्योग स्थापना गर्न शिक्षाले मात्र कहाँ सम्भव छ र ? यसका लागि सम्पत्ति नै चाहिन्छ । (पहिलो घन्टी बज्छ ।)

अन्त्यमा सन्तानको सुख सुविधा र सम्पन्नताका लागि सम्पत्ति आवश्यक छ । सम्पत्ति भएन भने मानिस **कुपोषण**को सिकार बन्छ । आजको ज्ञान र विज्ञानको प्रयोग सुख र सम्पन्नताका लागि प्रयोग गर्नुपर्छ । (दोस्रो घन्टी बज्छ ।) यति भन्दै आफ्नो भनाइ यहीँ अन्त्य गर्न चाहन्छु, धन्यवाद । (सभाबाट जोडदार ताली बज्छ ।)

---

*यश* : इज्जत, राम्रो ख्याति
*अन्तरिक्षयान* : पृथ्वीको वायु मण्डलभन्दा बाहिर यात्रा गर्ने रकेट आदि
*कुपोषण* : पौष्टिक तत्त्वको कमीबाट हुने असर

Curriculum Development Centre

**उद्‌घोषक**

हामीले पक्ष र विपक्षका खँदिला तर्कहरू सुन्यौँ । अब फेरि पक्षबाट आफ्ना तर्कहरू राख्न आउँदै हुनुहुन्छ, नीता यादव ।

**नीता यादव**

आदरणीय सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, गुरुवर्ग, निर्णायकज्यूहरू र प्यारा साथीहरू ! आजको वाद विवाद प्रतियोगितामा म सन्तानलाई शिक्षा ठुलो भन्ने पक्षमा आफ्ना तर्कहरू प्रस्तुत गर्दै छु । शिक्षा मानव विकासको प्रेरणाको स्रोत हो । शिक्षाले मानिसलाई सही बाटोमा हिँडाउँछ । विवेकी, ज्ञानी र **विनयशील** बनाउने माध्यम शिक्षा नै हो ।

शिक्षालाई न त चोरले चोर्न सक्छ न त कसैले नै हरण गर्न सक्छ न दाजुभाइका बिचमा बाँड्नुपर्छ । सम्पत्ति खर्च गर्दा नासिन्छ तर शिक्षा जति खर्च गऱ्यो उति बढ्दै जान्छ । शिक्षा नै त्यो धन हो जुन संसारकै उत्कृष्ट धन हो । समाजमा व्याप्त कुरीति, अज्ञानता हटाई असल नागरिकको उत्पादनमा शिक्षाले नै ठुलो भूमिका खेलेको हुन्छ ।

मेरो पूर्ववक्ता मित्रले भन्नुभयो, "जीवन सुख सयलका लागि हो ।" यसो भन्नु सरासर गलत हो । प्रसिद्ध विद्वान् अल्बर्ट आइन्सटाइन, लुइ पास्चर, म्याडम क्युरी सम्पत्तिले गर्दा संसारमा प्रख्यात भएका होइनन् । शिक्षा चेतनाको आधार हो भन्ने कुरा मेरा विपक्षी मित्रले किन बिर्सनुभएको ? सिद्धार्थ गौतमले राजसी सुख सयलको त्यागबाट सुख र शान्ति फेला पार्न सकेको कुरालाई किन बिर्सनुभएको ?

शिक्षाको महत्त्वलाई बुझेर अगाडि बढ्नु बुद्धिमानी ठहरिन्छ । ओडारमा बस्ने मान्छे आज अन्तरिक्षमा बस्ती बसाउने तरखरमा हुनुको कारण शिक्षा नै हो, सम्पत्ति होइन । (पहिलो घन्टी बज्छ)

त्यसैले म निष्कर्षमा के भन्न चाहन्छु भने सन्तानलाई सम्पत्ति दिनुको सट्टा शिक्षा दिएर व्यक्ति, समाज र राष्ट्रको विकासमा लगाउन सक्नुपर्छ । (दोस्रो घन्टी बज्छ) यति भन्दै मेरा तर्कहरू यहीँ टुङ्ग्याउन चाहन्छु । धन्यवाद । (सभाबाट ताली बज्छ ।)

यसै किसिमले अन्य व्यक्तिहरूको वक्तव्यको पालो सकिन्छ । उद्‌घोषकले क्रमशः निर्णायकहरूको निर्णय, प्रमुख अतिथिको मन्तव्य, पुरस्कार वितरण तथा सभाध्यक्षको वक्तव्यसहित सभा **विसर्जन** गर्न अनुरोध गर्छन् । ती काम सम्पन्न भएपछि वाद विवाद प्रतियोगिता समाप्त हुन्छ ।

---

*विनयशील* : विनम्र

*विसर्जन* : समाप्त, टुङ्ग्याउने काम



Curriculum Development Centre

## *अभ्यास*

१. **उत्तर भन :**

(क) सभाध्यक्षका लागि कसलाई अनुरोध गरिएको छ ?

(ख) वाद विवादमा प्रत्येक वक्तालाई कति मिनेटको समय दिइएको छ ?

(ग) उमा सापकोटाले सन्तानलाई के ठुलो हुन्छ भनेकी छिन् ?

(घ) पासाङ लामाले पक्ष वा विपक्ष कुनमा आफ्नो तर्क राख्छन् ?

(ङ) सभाको विसर्जन गर्न कसलाई अनुरोध गरिन्छ ?

२. **तलका भनाइ कसले भनेको हो ? लेख :**

(क) शिक्षाको अनुकूल प्रभावबाट नै सन्तानले असल मार्ग पाउँछन् ।

(ख) शान्ति, सिर्जना, यश, कीर्ति, सुख, सुविधा, आराम जस्ता कुरामा सम्पत्तिकै भूमिका रहेको हुन्छ ।

(ग) ओडारमा बस्ने मान्छे आज अन्तरिक्षमा बस्ती बसाउने तरखरमा पुग्नुको कारण शिक्षा हो ।

३. **तलका प्रश्नहरूको उत्तर लेख :**

(क) वाद विवाद प्रतियोगितामा वक्ताले पालन गर्नुपर्ने मुख्य मुख्य नियमहरू के के हुन् ?

(ख) उमा सापकोटाले व्यक्त गरेका मुख्य मुख्य तर्कहरू के के हुन् ?

(ग) सन्तानलाई सम्पत्तिभन्दा शिक्षा ठुलो हुन्छ भन्नेबारे पक्षका साथीले कस्ता तर्क दिएका छन् ?

(घ) शिक्षा चेतनाको आधार हो भन्नुको आशय के हो ?

(ङ) सम्पत्तिको आधारमा मानिसलाई प्रशंसा नगरिनुको कारण के हो ?

४. **व्याख्या गर :**

(क) आजको युगको आवश्यकता सम्पत्तिभन्दा शिक्षा हो ।

(ख) शिक्षा जति खर्च गऱ्यो उति बढ्दै जान्छ ।

Curriculum Development Centre

५. 'सम्पत्तिभन्दा शिक्षा ठुलो' वाद विवाद प्रतियोगितामा व्यक्त गरिएका पक्ष विपक्षका विचारमध्ये तिमी कुन विचारसँग सहमत छौ र सहमत हुनाको कारण के के हुन् ? स्पष्ट गर ।

६. "सन्तानलाई सम्पत्ति र शिक्षा दुवै आवश्यक हुन सक्छन्" भन्ने बारेमा सभाध्यक्षका हैसियतले छोटो मन्तव्य लेखी कक्षामा साथीहरूलाई सुनाऊ ।

## *शब्द भण्डार*

७. तलका उल्टो अर्थ हुने शब्दसँग जोडा मिलाई कापीमा लेख :

| | |
|---|---|
| पक्ष | अशान्ति |
| अनुकूल | मित्र |
| शान्ति | पछि |
| अघि | विपक्ष |
| | प्रतिकूल |

८. उस्तै अर्थ दिने अर्को शब्द लेख :

मित्र, सुख, बुद्धिमानी, दुर्बल

९. वाक्यमा प्रयोग गर :

व्यक्तित्व, सूर्य, सम्पत्ति, सहभागी, अठोट, शान्ति, सभा, उद्योग, चेतना

## *उच्चारण र हिज्जे*

१०. 'सन्तानलाई सम्पत्ति चाहिन्छ' भन्ने विषयमा पासाङ लामाले व्यक्त गरेका तर्कहरू पढेर कक्षामा सुनाऊ ।

११. तलका शब्द शुद्धसँग उच्चारण गर :

प्राङ्गण, प्रधानाध्यापक, निर्णायक, खण्डन, उद्घोषक, अन्तरिक्षयान, विसर्जन

Curriculum Development Centre

१२. **शुद्धसँग लेख :**

पुस्टी, पछ्य, बिज्ञान, भरम, सीर्जना, ब्यक्ति, रास्ट्र, बक्तव्य, जिवन, बुद्धिमानि

१३. **पाठमा ण, न प्रयोग भएका दुई दुई ओटा शब्द लेख ।**

## *कार्यमूलक व्याकरण*

१४. **पढ, बुझ र गर :**

(क) सन्तानलाई सम्पत्तिभन्दा शिक्षा ठुलो हुन्छ ।

(ख) आजको युग ज्ञान र विज्ञानको युग हो ।

(ग) विश्वमा विकसित राष्ट्र किन प्रख्यात भए ?

(घ) तिमी किन हिजो विद्यालय आएनौ ?

(ङ) शिक्षाले हामीलाई सरल, स्वावलम्बी र अनुशासित बनाउँछ ।

(च) मित्रहरू ! हामी भोलि पोखरा जान्छौ नि !

पूर्ण विराम, प्रश्न चिह्न, अल्प विराम र उद्गार चिह्नको प्रयोग गरी दुई दुई ओटा वाक्य बनाऊ ।

१५. **तलका वाक्यमा उपयुक्त चिह्न प्रयोग गर :**

(क) उमा, पासाङ र नीता विद्यालय गएछन्

(ख) के गृहकार्य गरेको छैन

(ग) धत् के त्यस्तो खाउँला जस्तो गरेर हेरेको

(घ) म कापी कलम किताव र झोला किन्छु

(ङ) सोनु, नोर्बु, फुर्वा र अब्दुल कहिले आए

१६. **पढ, बुझ र गर**

(क) मैले आफ्ना तर्कहरू राख्दै थिए ।

(ख) नीता विद्यालय जाँदै थिइन् ।

Curriculum Development Centre

(ग) म शिक्षा ठुलो भन्ने पक्षमा आफ्नो तर्कहरू राख्दै छु ।

(घ) सन्तानलाई दिएको सम्पत्ति क्रमिक रूपमा नष्ट हुँदै जान्छ ।

(ङ) म घर जाँदै हुने छु ।

(च) शिक्षा जति खर्च गर्‍यो उती बढ्दै जाने छ ।

माथिको वाक्यमा प्रयोग भएका राख्दै थिए, जाँदै थिइन्, राख्दै छु, हुँदै जान्छ, जाँदै हुने छु, बढ्दै जाने छ जस्ता क्रियापदले कामको अपूर्ण अवस्था वा काम पुरा नभएको अवस्थालाई जनाउँछन् । अपूर्ण पक्षले काम पुरा नभएको वा काम हुँदै गरेको अवस्थालाई जनाउँछ । अपूर्ण पक्ष बुझाउन धातुमा तै, दै जोडेर त्यसपछि छ, छन् , छस्, थियो, थिए, थिइस्, हुने छ, हुने छन् जस्ता सहायक क्रियाको प्रयोग गरिन्छ ।

दिइएका धातुबाट क्रियापदको अपूर्ण पक्षलाई जनाउने रूप बनाऊ :

उदाहरण : गर् + दै = थियौ = गर्दै थियौ ।

टेक् + दै = छ = टेक्दै छ ।

भन् + दै = हुने छु = भन्दै हुने छु ।

पढ्, बोल्, लेख्, खेल्, हेर्, जा, खा, बस्

**१७. तलका क्रियाका अपूर्ण रूपलाई वाक्यमा प्रयोग गर :**

उदाहरण: सुन्दै छ = पासाङ वाद विवाद सुन्दै छ ।

| | | |
|---|---|---|
| घोक्दै छन् | खेल्दै थियो | घुम्दै हुने छु |
| बोल्दै छ | भन्दै थिए | लेख्दै हुने छन् |

**१८. विद्यालय वरपर हुँदै गरेका विभिन्न क्रियाकलापको बारेमा अपूर्ण क्रियापदहरूको प्रयोग गरी वर्णन गर र कक्षामा सुनाऊ ।**

***सिर्जनात्मक अभ्यास***

**१९. “सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ” भन्ने विषयको पक्ष वा विपक्षमा कक्षाका साथीहरू बाँडिएर वाद विवाद गर ।**

Curriculum Development Centre

**पाठ : १२**

# स्वाभिमानी मुख

*क्षेत्रप्रताप अधिकारी*

**सोरठी**मा खोज मलाई मादलुमा खोज
**रोदीघरमा मारुनी**को गाजलुमा खोज ।

उकाली र ओरालीमा
कैले छाया भिरालीमा
**ढोलकी** र **खैँजडी**मा
कैले माया मुरलीमा
बनेलीमा छाया हुन्छु
तिमी जस्तो होइन म त
जता छोयो तिमी छुन्छु ।



खरीबोटमा खोज मलाई चरीकोटमा खोज
भोट जाने बाटोमुनि **भेडीगोठ**मा खोज ।

हिमफेदीको अँधेरीमा
भीमफेदीको पँधेरीमा
कैले सेतै बुकी फुल्छु
हेपिएको सुखभन्दा

---

*सोरठी* : गुरुङ, मगर आदि जातिमा प्रचलित गीत गाउँदै देखाइने नाटक
*रोदीघर* : विशेषत गुरुङ जातिमा प्रचलित, राती निश्चित ठाउँमा ठिटाठिटी भेला भएर गीत गाउने र नाच्ने घर
*मारुनी* : महिलाको भेषमा गाउने र नाच्ने मान्छे
*ढोलकी* : दायाँपट्टि गजाले र बायाँपट्टि हातले धाप दिएर बजाइने ताल बाजा
*खैँजडी* : डम्फु जस्तै तर डम्फुभन्दा सानो घेरामा मुजुर जडिएको र एकातिर मात्र छालाले मोडिएको भजन कीर्तनमा बजाइने ताल बाजा
*भेडीगोठ* : भेडाको गोठ

Curriculum Development Centre

पुजिएको दुःखै राम्रो
कोरीबाटी छैन रेशम
**स्वाभिमानी** मुखै राम्रो
**माइबेनी**मा खोज मलाई **कागबेनी**मा खोज
कर्णालीको पानीभित्र **नागबेनी**मा खोज ।

---

स्वाभिमानी : आत्म गौरव, आफैँलाई मान गर्ने भाव
माइबेनी : इलामका माई र जोगमाई दुई नदीका दोभानमा माघभरि मेला लाग्ने स्थान
कागबेनी : मुक्तिनाथ नजिकमा रहेको प्रसिद्ध तीर्थस्थल
नागबेनी : नागबेली जस्तै बाङ्गोटिङ्गो भएर बग्ने पानीको छाल

## *अभ्यास*

१. **'स्वाभिमानी मुख' कविता शिक्षकले वाचन गरेको सुन र त्यस्तै लयमा वाचन गर ।**

२. **उत्तर भन :**

(क) गाजलु र मादलुमा को भेटिन्छ ?
(ख) छाया कहाँ देखिन्छ ?
(ग) बुकी कहाँ फुल्छ ?
(घ) के स्वाभिमानी हुनु राम्रो हुन्छ ?
(ङ) सुखभन्दा पनि कुन दुःख राम्रो हुन्छ ?

३. **उत्तर लेख :**

(क) कविले आफूलाई कहाँ कहाँ खोज भनेका छन् ?
(ख) कवितामा केमा माया हुन्छ भनिएको छ ?
(ग) किन हेपिएको सुखभन्दा पुजिएको दुःख राम्रो हुन्छ ?
(घ) कसरी स्वाभिमानी बन्न सकिन्छ ?

Curriculum Development Centre

४. व्याख्या गर :

माइबेनीमा खोज मलाई कागबेनीमा खोज

कर्णालीको पानीभित्र नागबेनीमा खोज ।

५. पाठको चित्र हेर र तिनका बारेमा तिमीले जानेबुझेका कुरा बताऊ ।

६. यस कवितामा भएका मुख्य मुख्य कुरा टिप र शिक्षकलाई देखाऊ ।

७. तिम्रो समाजमा कुन कुन बाजा पाइन्छ ? तिनको नाम लेख र कुनै एकको चित्र बनाऊ ।

८. तिम्रो ठाउँमा देखाइने नाच, जात्रा, मेला आदिका बारेमा लेखेर शिक्षकलाई देखाऊ ।

*शब्द भण्डार*

९. तलका शब्द पढ, अर्थ बुझ र त्यस्तै जोडी शब्द लेख :

मादलु - गाजलु .........................

उकाली - ओराली ......................

ढोलकी - खैँजडी ......................

खरीबोट - चरीकोट ..................

अँधेरी - पँधेरी .........................

हिमफेदी - भीमफेदी ..................

हेपिएको -पुजिएको ....................

माइबेनी - कागबेनी .................

१०. तलका शब्दको अर्थ लेख :

मादलु, गाजलु, मुरली, बनेली, उकाली

११. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :

मारुनी, अँधेरी, पँधेरी, कोरीबाटी, मुरली

Curriculum Development Centre

## *उच्चारण र हिज्जे*

१२. तलका शब्द शुद्धसँग उच्चारण गर :

मारुनी, खैँजडी, भेडीगोठ, अँधेरी

१३. सच्याएर कापीमा सार :

षोरठि, मुर्ली, खरिबोट, हीमफेदि, वुकी, स्वामिमान्, काग्वेनी

१४. 'स्वाभिमानी मुख' कविताका सुरुका १० पङ्क्ति शुद्धसँग सारेर शिक्षकलाई देखाऊ ।

## *कार्यमूलक व्याकरण*

१५. पढ, बुझ र गर :

(क) मलाई सोरठी र मादलुमा **खोज** ।

(ख) मलाई रोदीघरमा **खोज** ।

(ग) हेपिएको सुखभन्दा पुजिएको दुःख राम्रो **हुन्छ** ।

(घ) स्वाभिमानी मानिसलाई सबैले राम्रो **मान्दछन्** ।

माथिका वाक्यमा गाढा अक्षरका शब्दले वाक्य पुरा गरेकाले ती क्रियापद हुन् । यी क्रियापद वर्तमान कालमा छन् । वर्तमान क्रियापदको प्रयोग गरी अन्य पाँच ओटा वाक्य बनाऊ ।

१६. खाली ठाउँमा मिल्दो क्रियापद राखी वाक्य पुरा गर :

(क) मलाई भोट जाने बाटोमुनि भेडीगोठमा ...............।

(ख) ऊ भीमफेदीको पँधेरीमा डुल्न ...............।

(ग) बुकी फुल सेतै फुलेको ........।

(घ) हामी सबै स्वाभिमानी .........।

(ङ) हामी माइबेनी र कागबेनीमा डुल्न .........।



Curriculum Development Centre

१७. **पाठमा प्रयोग भएका सोरठी, रोदीघर, ढोलकी, खैँजडी, कागबेनी आदि नाम हुन् । पाठमा प्रयोग भएका अन्य पाँच ओटा नाम शब्दहरू टिप ।**

१८. **उदाहरण हेरी खाली ठाउँमा लेख :**

उदाहरण : म खैँजडी बजाउँछु ।

तिमी खैँजडी बजाउँछौ ।

ऊ खैँजडी बजाउँछ ।

(क) म हिमफेदीमा घुम्न जान्छु । हामी .................।

तिमी ......................। तिमीहरू ...............।

ऊ.........................। उनीहरू .................।

(ख) म स्वाभिमानी छु । हामी .................।

तिमी ......................। तिमीहरू ...............।

ऊ.........................। उनीहरू .................।

**सिर्जनात्मक अभ्यास**

१९. **आफैँले सोचेर खाली ठाउँमा मिल्ने शब्द भर र कविता पुरा गरी सुनाऊ :**

दृष्टि हाम्रो सहारा हो ................हेर्नलाई (संसार, काम, आँखा)

तर ..............गर्नु हुन्न दृष्टिविहीनलाई (माया, हेला, स्नेह)

दृष्टिविहीनहरू पनि ...............सक्छन् । (पढ्नलेख्न, काम, पेसा)

आँखा देख्नेहरू जस्तै .................बढ्न सक्छन् । (अगि, पछि, माथि)

..................मा काम गर्न सबै पेसा गर्न (सभा, कार्यालय, गोठ)

कम्प्युटर चलाउन, बन्द व्यापार ....... (भन्न, लेख्न, गर्न)

.................हरू सक्छन् हेला गर्नु हुन्न (दृष्टिविहीन, व्यापार, काम)

मान्छे नै हुन् ........पाए पछि पर्ने हैन । (पूर्व, गुण, मौका)

Curriculum Development Centre

**पाठ : १३**

# युधिष्ठिरको परीक्षा



धृतराष्ट्रका भाइ पाण्डुका कुन्ती र माद्री नामका दुई पत्नी थिए । कुन्तीबाट युधिष्ठिर, भीम र अर्जुन जन्मे । माद्रीबाट नहकुल र सहदेव जन्मे । यी पाँच जनालाई पाण्डव भनिन्थ्यो । यीमध्ये युधिष्ठिर **सत्यवादी** र **आदर्शवादी** थिए । भीममा शक्ति र साहस थियो । अर्जुनमा सिप र जाँगर तथा नहकुलमा ज्ञान र बुद्धि थियो । सहदेव रूपवान् तथा अनुशासित थिए । गुरुको असल निर्देशन र आफ्नो मिहिनेतबाट उनीहरूमा यी गुण विकास भएका थिए । आफ्नै शक्ति र योजनाबाट पाण्डवहरूले इन्द्रप्रस्थ नामको राज्य कायम गरेका थिए । धृतराष्ट्रका छोराहरू भने पाण्डवलाई देखिसहँदैनथे । उनका सय जना छोरामध्ये दुर्योधन र दु:शासन **उद्दण्ड** थिए । पाण्डवहरू सत्यवादी, धर्मात्मा र **कर्तव्य परायण** थिए । कौरवहरू **धूर्त, स्वार्थी** र घमन्डी थिए । उनीहरू विभिन्न **षड्यन्त्र** गरेर पाण्डवलाई दु:ख दिन्थे । एक दिन कौरवले सल्लाह गरी

---

*सत्यवादी* : साँचो बोल्ने
*आदर्शवादी* : अनुकरण गर्न सकिने गुण भएको
*उद्दण्ड* : आक्रामक, कडा स्वभाव भएको
*कर्तव्य परायण* : कर्तव्य पालन गर्ने
*धूर्त* : छलछाम गर्ने स्वभावको, धोकेबाज
*स्वार्थी* : आफ्नो मात्र भलाइ चाहने

पाण्डवसँग **पासा** खेल्ने योजना बनाए । पासा खेल्दा पाण्डवले जितेमा कौरवले आफ्नो आधा राज्य उनीहरूलाई दिने भए । पाण्डवले हारेमा उनीहरूले बार वर्ष वनवास र एक वर्ष **अज्ञात** वास जानुपर्ने सर्त राखियो । जाल गरेर कौरवले पासा जिते । सर्तअनुसार पाण्डवले राज्य छाडेर वनवास जानुपर्ने भयो । उनीहरू आफ्नी पत्नी द्रौपदीसहित वनवास लागे ।

त्यस बेला जङ्गलमा ऋषिमुनिका आश्रम हुन्थे । पाण्डवहरू विभिन्न आश्रममा पुगेर अर्ती लिन्थे । त्यहाँ धर्म, **न्याय**, **मानवता** र **बन्धुत्व**का बारेमा छलफल हुन्थ्यो । पाण्डवका आफन्तहरू वनमै पुगेर **सहानुभूति** प्रकट गर्थे । उनीहरू भन्ने गर्थे, "सत्यको सधैँ विजय हुन्छ । आपत्को साथी **धैर्य** हो । दुःख सहेपछि अवश्य सुख आउँछ ।" पाण्डवले उनीहरूबाट पनि धैर्य र **अनुशासन**को पाठ पढे ।


वनवासको अवधि सकिनै लागेको थियो । पाण्डवहरू अज्ञात वासको योजना बनाउँदै थिए । एक जना ब्राह्मण कहालिँदै त्यहीँ आइपुगे । उनी विलाप गर्दै भन्न थाले, "धर्मात्मा युधिष्ठिर! बहादुर पाण्डव ! त्यो हरिण **अग्निकवच** सिङमा उनेर भाग्यो । मैले समाउन सकिनँ । हरिण पक्रेर अग्निकवच ल्याइदिनुहोस् । त्यो नभए म **अग्निहोत्र** गर्न पाउँदिनँ । धर्मको रक्षा गरिदिनुहोस्, प्रभो !" ब्राह्मणको अनुरोध सुन्नासाथ पाण्डवहरू हरिणका पछि लागे । हरिण जङ्गलको बिचतिर पुगिसकेको थियो । निकैबेर लखेट्दा पनि उनीहरूले हरिण भेट्टाएनन् । **मध्याह्न**को चर्को घाममा उनीहरूका ओठमुख सुके । उनीहरू शीतल ताप्न एउटा रुखको छहारीमा बसे । उनीहरूलाई खुब तिर्खा लागेको थियो । नजिकमा कुनै जलाशय नदेखेपछि युधिष्ठिरले भने, "सहदेव ! कतै ताल, तलाउ, नदी छ कि गएर पानी ल्याऊ ।" हस् भन्दै पानी लिन गएका सहदेव फर्केनन् । नहकुल, अर्जुन र भीम पनि पानी लिन गए तर फर्केनन् । यो देखेर युधिष्ठिर निकै चिन्तित भए । पानीको प्यास र भाइहरू हराएको चिन्तामा रन्थनिँदै उनी एउटा **जलाशय** नजिक पुगे । त्यहाँ त आफ्ना चारै भाइ **मृत** अवस्थामा फेला परे ।

---

*पासा* : जुवा जस्तै एक खेल
*अज्ञात* : थाहा नभएको, थाहा दिन नहुने
*न्याय* : निसाफ, ठिक बेठिक छुट्याउने काम
*मानवता* : मान्छेमा हुनुपर्ने गुण
*बन्धुत्व* : संसारका सबैलाई दाजुभाइ ठान्ने भाव
*सहानुभूति* : अरूमाथि परेको मर्कामा आफैँलाई परेसरह हुने अनुभव
*धैर्य* : विचलित नहुने
*अनुशासन* : असल आचरण
*अग्निकवच* : आगाको रापबाट बच्न शिरमा लगाइने कपडा
*अग्निहोत्र* : आगोमा गरिने हवन
*मध्याह्न* : मध्य दिउँसो
*जलाशय* : पोखरी, पानी जमेको ठाउँ
*मृत* : मरेको



Curriculum Development Centre



युधिष्ठिर अत्यन्त चिन्तित र **शोकमग्न** बने । उनका आँखाबाट बरर्र आँसु चुहिए । शोक, आश्चर्य र शङ्का मिश्रित स्वरमा उनी भन्न थाले, "के बिगारे मेरा भाइले ? कसले मारे यिनलाई ? को वीर निस्क्यो मेरा भाइलाई मार्ने ? कतै यो दुर्योधनकै **चालबाजी** त हैन ? उसले पानीमा विष त मिसाएन ?" युधिष्ठिरले दुर्योधनका **कर्तुत**हरू सम्झे । उनले आफू बाँच्नुको कुनै अर्थ देखेनन् । उनले पनि त्यही जलाशयको पानी पिएर मर्ने विचार गरे । उनी जलाशयमा पुगे र अँजुलीमा पानी उभाए । त्यही बेलामा जङ्गलतिरबाट आवाज आयो, "सत्यवादी युधिष्ठिर! पानी खानुपूर्व मेरा प्रश्नको उत्तर देऊ, नत्र तिमीले पनि बिनाअर्थको मृत्यु वरण गर्नुपर्ने छ ।"

युधिष्ठिर झसङ्ग भए । उनलाई मृत्युको भय थिएन तर मर्नुपूर्व कसैका प्रश्नको उत्तर दिनुलाई आफ्नो कर्तव्य ठाने । उनले भने, "तपाईं को हुनुहुन्छ ? मलाई थाहा छैन तर प्रश्न सोध्नुहोस् । म सही उत्तर दिन तयार छु ।"

त्यसो भए मेरा यी आठ प्रश्नको उत्तर देऊ । मानिसको साथी को हो ? मानिस कसरी बुद्धिमान् बन्छ ? पृथ्वीभन्दा ठुलो को हो ? कसलाई आकाशभन्दा विशाल मानिन्छ ? परदेशको मित्र को हो ? सुख कसरी प्राप्त हुन्छ ? कसरी सबैको प्यारो बन्न सकिन्छ ? के गर्दा दु:ख हुँदैन ?

---

| | | | | | |
|---|---|---|---|---|---|
| *शोकमग्न* | : | पिरले सताइएको | *कर्तुत* | : | पाप, कुकर्म |
| *चालबाजी* | : | जालझेल, षड्यन्त्र | | | |



Curriculum Development Centre

प्रश्नको वर्षा सकिएपछि आवाज आएतिरै फर्केर युधिष्ठिर भन्न थाले, "धैर्य मानिसको साथी हो । असल सङ्गतले मानिस बुद्धिमान् हुन्छ । पृथ्वीभन्दा ठुली आमा हुन् । पितालाई आकाशभन्दा विशाल मानिन्छ । परदेशको मित्र विद्या हो । **सच्चरित्र** र अनुशासनले सुख प्राप्ति हुन्छ । घमन्ड त्यागेमा प्यारो बन्न सकिन्छ । रिस त्यागेमा दु:ख हुँदैन ।"

स्याबास् ! तिमीले चित्त बुझ्दा र ठिक उत्तर दियौ । म तिम्रा कुनै एक भाइ बचाइदिन्छु । भन कसलाई बचाइदिऊँ ? फेरि पहिलेकै ठाउँबाट आवाज आयो ।

युधिष्ठिर गम्भीर बने । उनले मनमनै सोचे, "धर्म रक्षाको र अधर्म विनाशको कारक हो । म त जीवित छु ! मैले माता माद्रीप्रतिको कर्तव्य निर्वाह गर्नुपर्छ ।" यसपछि उनले ठुलो स्वरमा भने "मेरो ज्ञानी र बुद्धिमान् भाइ नहकुललाई बचाइदिनुहोस् ।"

यति भन्नासाथ प्रश्नकर्ता सामुन्ने प्रकट भए र आफ्नो परिचय दिँदै भने, "म धर्मदेव यक्ष हुँ ! तिमी मेरो परीक्षामा सफल भयौ । तिमी साँच्चै आदर्श व्यक्ति रहेछौ । म तिम्रा सबै भाइ बिउँताइदिन्छु । तिमीहरूको अज्ञात वास पनि सफल हुने छ । यो ब्राह्मणको अग्निकवच पनि लैजाऊ, मैले ल्याइदिएको छु ।" यति भन्नासाथ भीम, अर्जुन, नहकुल र सहदेव निद्राबाट बिउँझे झैँ जऱ्याकजुरुक उठे । धर्मदेव यक्ष जङ्गलको बिचतिर लागे । पाण्डवले **धीत** मरुन्जेल पानी खाए र ब्राह्मणको अग्निकवच लिएर आश्रमतिर फर्के ।

---

*सच्चरित्र* : राम्रो बानी व्यवहार
*धीत* : प्यास, तिर्सना

## *अभ्यास*

१. **उत्तर भन :**

(क) कुन्ती र माद्रीका छोराको नाम के के हो ?

(ख) इन्द्रप्रस्थ कसको राज्य हो ?

(ग) हरिण कसले समाउन सकेन ?

(घ) भाइहरू खोज्न युधिष्ठिर कहाँ पुगे ?

(ङ) किन युधिष्ठिरले नहकुललाई बचाउन भने ?

Curriculum Development Centre

२. **वाक्य पुरा गर :**

(क) युधिष्ठिर ........................ जलाशय पुगे ।

(भाइहरूको खोजी गर्न, पानी खोज्न, अग्निकवच लिन)

(ख) पाण्डवहरूले सधैँ.................. पालना गरे ।

(ब्रह्मचर्य, धैर्य र अनुशासन, प्रजा दमन गर्ने प्रवृत्ति)

(ग) युधिष्ठिरलाई .................. ले प्रश्न सोधेको हो ।

(जङ्गलको राक्षस, यक्ष, जलाशयको पाले)

(घ) कौरवहरूले ........................... पाण्डवहरूलाई हराए ।

(बलपूर्वक, कपटपूर्वक, बुद्धिपूर्वक)

३. **ठिक बेठिक छुट्याऊ :**

(क) युधिष्ठिरमा सिप र जाँगर थियो ।

(ख) अभ्यासले ज्ञान, बुद्धि र विद्याको विकास हुन्छ ।

(ग) ब्राह्मणको आग्रह पालन गर्न पाण्डवहरूले ढिलाइ गरे ।

(घ) युधिष्ठिरका भाइहरू दुर्योधनको षड्यन्त्रले मरेका थिए ।

(ङ) पाण्डवहरू सत्यवादी, धर्मात्मा र कर्तव्य परायण थिए ।

(च) अग्निकवच पाएपछि खुसीले पानी नै नपिई पाण्डवहरू आश्रमतर्फ फर्के ।

४. **कसले कसलाई भनेको हो ? लेख :**

(क) सत्यको सधैँ विजय हुन्छ ।

(ख) त्यो हरिण अग्निकवच सिङमा उनेर भाग्यो ।

(ग) के बिगारे मेरा भाइले ?

(घ) म तिम्रा कुनै एक भाइ बचाइदिन्छु ।

५. **उत्तर लेख :**

(क) पाण्डवहरू को थिए र तिनीहरूको नाम के के हो ?

Curriculum Development Centre

(ख) पाण्डवहरूले वनवास जानुपर्ने मुख्य कारण के थियो ?

(ग) वनमा पाण्डवहरूको समय कसरी बित्यो ?

(घ) ब्राह्मणको अग्निकवच केले कसरी लग्यो ?

(ङ) युधिष्ठिर र यक्षका बिच कस्ता प्रश्नोत्तर भए ?

(च) युधिष्ठिरले यक्षसँग नहकुललाई बचाउन आग्रह गर्नुको कारण के हो ?

(छ) ब्राह्मणको अग्निकवच कसरी फिर्ता भयो ?

(ज) माथिको कथाबाट के शिक्षा पाइन्छ ?

**६. व्याख्या गर :**

(क) आपत्को साथी धैर्य हो ।

(ख) सच्चरित्र र अनुशासनले सुख प्राप्ति हुन्छ ।

**७. 'युधिष्ठिरको परीक्षा' कथाले दिन खोजेका मुख्य मुख्य उपदेशहरू समेटेर आफ्ना शब्दमा बयान गर ।**

**८. किन दुःख र आपत्मा पनि आनन्द लिन सक्नुपर्छ, कथा पढ अनि बुझेका कुरा लेख ।**

## *शब्द भण्डार*

**९. उदाहरणमा देखाए झैँ मिल्दो रूप राखी खाली ठाउँ भर :**

उदाहरण : धूर्त – कौरवहरूमा धुर्त्याइँ थियो ।

सच्चरित्र -............... मानिसको गहना हो ।

बुद्धि - ............. मानिसलाई सबैले कदर गर्छन् ।

सिप - सरिता गीत गाउन .............. छे ।

हरियो - वन जङ्गलमा ................पाइन्छ ।

घमन्ड - दुर्योधन साह्रै .............. थियो ।

**१०. तलका शब्दको अर्थ लेख :**

साहस, निर्देशन, अवधि, चिन्तित, अँजुली, विशाल, प्रश्नकर्ता, आश्रम

**११. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :**

जाँगर, षड्यन्त्र, बन्धुत्व, रक्षा, आश्चर्य, शङ्का, कर्तव्य, सङ्गत



Curriculum Development Centre

## उच्चारण र हिज्जे

१२. **'युधिष्ठिरको परीक्षा' कथा पालैपालो पढेर कक्षामा सुनाऊ ।**

१३. **तलका शब्द शुद्धसँग उच्चारण गर :**

धृतराष्ट्र, शक्ति, इन्द्रप्रस्थ, द्रौपदी, आश्रम, ब्राह्मण, मृत, बरर्र, मिश्रित, बुद्धिमान्, यक्ष

१४. **सुन र लेख :**

षड्यन्त्र, अग्निहोत्र, धूर्त, कर्तव्य परायण, ऋषि

१५. **सच्याएर सार :**

युधीष्ठिर, षढयन्त्र, सानुभूति, अग्नीकबच, मद्यान्ह, दूर्योधन, अधरम्, अग्यात बास

१६. **पाठको पहिलो अनुच्छेद शिक्षकबाट सुनेर लेख ।**

## *कार्यमूलक व्याकरण*

१७. **पढ, बुझ र गर :**

(क) नदीमा गएर पानी ल्याऊ ।

(ख) पानी खानुपूर्व मेरा प्रश्नको उत्तर देऊ ।

(ग) कक्षाकोठाभित्र प्रवेश गर ।

(घ) आफ्नो ठाउँमा नचलीकन बस ।

(ङ) राम्रोसँग जाँच देऊ ।

(च) बाहिर नजाऊ ।

यी वाक्यले आज्ञा वा आदेश अर्थ बुझाएका छन् । आज्ञार्थ जनाउने क्रियापदको प्रयोग गरी पाँच ओटा वाक्य बनाऊ ।

१८. **उदाहरण हेरेर शब्द बनाऊ :**

| धातु | आज्ञार्थ |
|---|---|
| खा | खाऊ |
| जा | |
| बन् | |

Curriculum Development Centre

गर्

भन्

सोच्

१९. **तल दिइएका वाक्यलाई आज्ञार्थमा बदल :**

उदाहरण : पाण्डवहरू हरिणको पछि लाग्छन् ।
पाण्डवहरू हरिणको पछि लाग ।

(क) पाण्डवहरू रुखको छहारीमा बस्छन् ।

(ख) सहदेव तलाउमा पानी लिन जान्छन् ।

(ग) तिमी जलाशयमा जान्छौ ।

(घ) तिमीहरू बुद्धिमानी छौ ।

(ङ) तिमीहरू उत्तर दिन्छौ ।

२०. **उदाहरणमा देखाए जस्तै पाठमा भूत कालका क्रियापद प्रयोग भएका १० ओटा वाक्यहरू कापीमा लेख :**

उदाहरण : धृतराष्ट्रका भाइ पाण्डुका कुन्ती र माद्री नामका दुई पत्नी थिए ।

२१. **पढ, बुझ र गर :**

(क) तिमीहरूको अज्ञात वास सफल हुने छ ।

(ख) तिमीहरू भोलि जाने छौ ।

(ग) हरिण अग्निकवच सिङमा उनेर भाग्ने छ ।

(घ) उनीहरू शीतल छहारीमा बस्ने छन् ।

(ङ) तिमीलाई हामी प्रश्न सोध्ने छौँ ।

माथिका वाक्यहरूमा प्रयोग भएका क्रियापदहरूले पछि आउने समयमा काम हुने कुरालाई जनाउँछन् । पछि आउने समयलाई भविष्यत् काल भनिन्छ । भविष्यत् काल जनाउन प्रयोग हुने क्रियापदहरू भविष्यत् कालिक क्रियापद हुन् । यस्ता क्रियापद भएका रूपहरू खेल्ने छु, खेल्ने छौ, खेल्ने छे, खेल्ने छस्, खेल्ने छिन्, खेल्ने छौ, खेल्ने छ्यौ, खेल्ने छन् आदि हुन्छन् ।

Curriculum Development Centre

उदाहरणमा दिए जस्तै तलका भूत कालका क्रियापदलाई भविष्यत् कालमा परिवर्तन गर ।

उदाहरण : लखेटे = लखेट्ने छन् ।

आउँथे, लागे, परे, देखेनन्

२२. **दिइएका धातुबाट भविष्यत् कालिक क्रियापद बनाई वाक्यमा प्रयोग गर :**

देख्, पुग्, पढ्, उठ्, गर्, चिन्, राख्

***सिर्जनात्मक अभ्यास***

२३. **तल दिइएका निर्देशनको सहयोग लिई एउटा कथा लेखेर कक्षामा सुनाऊ :**

भयङ्कर जङ्गल --- जङ्गलको राजा सिंह --- एउटा सानो खरायो --- सिंह र खरायोको भेट --- खरायोको बुद्धिमानी --- सिंहको मूर्खता --- खरायोले सिंहलाई इनारमा अर्को सिंह देखाउनु --- जङ्गलका पशुप्राणीको रक्षा

२४. **तिमीले सुनेको धार्मिक ग्रन्थ सम्बन्धी कुनै कथा सिलसिला मिलाएर कक्षाका साथीहरूलाई सुनाऊ ।**

Curriculum Development Centre

# पाठ : १४ लुइ पास्चर

विज्ञानका क्षेत्रमा भएको विकासले आजको युग सुखी भएको छ । विभिन्न आविष्कारले गर्दा असम्भव कुरा पनि सम्भव भएका छन् । वैज्ञानिकहरू नयाँ **आविष्कार**का लागि दिनरात खटेका छन् । **वैज्ञानिकहरू**को **निरन्तर** प्रयासले मानव जीवन सुखी बनेको छ । यस्तै वैज्ञानिकमध्ये लुइ पास्चर पनि एक हुन् ।



लुइ पास्चरको जन्म २७ डिसेम्बर १८२२ मा फ्रान्सको दोल भन्ने गाउँमा भएको थियो । उनका पिता छालाको काम गर्थे । उनी एकपल्ट नेपोलियनको सेनामा पनि भर्ना भएका थिए । पिताको सैनिक व्यक्तित्वको प्रभावबाट लुइमा देशभक्तिको भावना विकास भएको थियो । उनी **निडर** र आँटी बनेका थिए । बाबुले जस्तो युद्ध नगरे पनि उनले आफूलाई शान्ति कार्यमा **समर्पण** गरे । उनले आफ्नो बुद्धिलाई **परोपकार**मा लगाए ।

लुइ जन्मेको केही समयपछि उनको परिवार अर्वा भन्ने सुन्दर गाउँमा सऱ्यो । त्यहीँ उनले **प्रारम्भिक** शिक्षा हासिल गरे । उनी सुन्दर **प्राकृतिक** दृश्य हेर्न र घुम्न मन पराउँथे । चित्रकलामा पनि उनको रुचि थियो । सानै उमेरमा उनी प्राकृतिक दृश्य र मानिसका मुहारको चित्र बनाउन सक्थे । बाबुले उनलाई पेरिसमा पढ्न पठाए । त्यहाँ एक्लै बस्दा उनको स्वास्थ्य बिग्रियो । यो देखेर उनले लुइलाई बोसान्सोँको राजकीय महाविद्यालयमा भर्ना गरिदिए । त्यहीँबाट उनले

---

| | | |
|---|---|---|
| *आविष्कार* | : | नयाँ सिद्धान्तको प्रतिपादन, नयाँ वस्तुको खोज |
| *वैज्ञानिक* | : | विज्ञान जान्ने व्यक्ति |
| *निरन्तर* | : | लगातार |
| *निडर* | : | नडराउने |
| *समर्पण* | : | कुनै बस्तु दिने वा चढाउने काम |
| *परोपकार* | : | अरूको भलाइ गर्ने काम |
| *प्रारम्भिक* | : | सुरुको |
| *प्राकृतिक* | : | प्रकृतिले बनाएको, प्रकृतिमै भएको |

Curriculum Development Centre

**स्नातक** गरे । यसपछि उनले सोही महाविद्यालयमा गणितका सहायक शिक्षक भई काम गरे । पढाइलाई पनि निरन्तरता दिएका लुइले सन् १८४७ मा विज्ञान विषयमा डाक्टर उपाधि प्राप्त गरे । पढाइमा मिहिनेती भए पनि **रसायन शास्त्रमा** भने उनको क्षमता कम थियो ।

यसपछि उनले सोर्बोन विश्व विद्यालयमा रसायन विज्ञानको विशेष अध्ययन गरे । उनले स्तास्वुर्ग विश्व विद्यालयमा रसायन शास्त्रका **प्राध्यापक** भई पढाउन थाले । पछि उनी त्यहाँका प्रमुख प्राध्यापक बने । तीव्र बुद्धिका कारण उनका गुरुहरूसमेत वैज्ञानिक समस्याको समाधान निकाल्न उनीसँग सहयोग माग्थे ।

पास्चरको विवाह प्रज्ञा प्रतिष्ठानका शिक्षाध्यक्ष लोरेँकी छोरी मारीसँग भयो । पास्चर मारीलाई अत्यन्त माया गर्थे । मारी पनि आफ्ना पतिका हरेक कार्यमा सहयोग गर्थिन् । पत्नीको सहयोग र अनुसन्धानप्रतिको आफ्नो रुचिका कारण पास्चर प्राय : **प्रयोगशाला**मै व्यस्त हुन्थे । उनको **प्रतिभा** र **अनुसन्धानको सर्वत्र** चर्चा हुन्थ्यो । पत्नीको पूर्ण **समर्थन**का कारण उनी निरन्तर सफलताको **सिँढी**मा चढिरहे ।

सन् १८५४ मा उनी लिल भन्ने ठाउँमा गई विज्ञान पढाउन थाले । त्यस क्षेत्रमा मदिरा उद्योग थियो । मदिरा उद्योगको अवलोकन गर्दा उनले कुनै घ्याम्पामा राखेको जाँड अमिलो हुने र कुनैमा नहुने अवस्था देखे । उनलाई त्यसको अध्ययन गर्न मन लाग्यो । उनले लामो समयसम्म कीटाणु र **जीवाणु**को अध्ययन गरे । यसबाट उनले नयाँ कुरा पत्ता लगाए । रक्सी, जाँड, दुध, माछामासु, फलफुल जस्ता वस्तु आफैँ बिग्रँदा रहेनछन् । तिनमा हावा, पानी वा अन्य स्रोतबाट जीवाणु प्रवेश गरेपछि ती बिग्रँदा रहेछन् । जाँड अमिलो हुने कारण पनि यही रहेछ । यो थाहा पाएपछि उनले दुधमा **परीक्षण** गरे । दुधलाई निश्चित **तापक्रम**मा तताएर कुनै भाँडो, बोतल आदिको हावा झिकी त्यसमा

---

| | | |
|---|---|---|
| *स्नातक* | : | बी.ए सरहको पढाइ |
| *रसायन शास्त्र* | : | पदार्थमा रहने रसको अध्ययन गर्ने विद्या |
| *प्राध्यापक* | : | क्याम्पसमा पढाउने व्यक्ति |
| *प्रयोगशाला* | : | वस्तु वा पदार्थ विशेषलाई जाँच्ने र प्रयोग गरेर हेर्ने ठाउँ |
| *प्रतिभा* | : | विशेष किसिमको क्षमता |
| *अनुसन्धान* | : | कुनै नयाँ कुरा खोज्ने वा पत्ता लगाउने काम |
| *सर्वत्र* | : | सबैतिर |
| *समर्थन* | : | सहयोग |
| *सिँढी* | : | भऱ्याङ, खुड्किलो |
| *जीवाणु* | : | वस्तु वा पदार्थमा आफैँ उत्पन्न हुने आखाँले नदेखिने जीव |
| *परीक्षण* | : | जाँच |
| *तापक्रम* | : | तातोपन घटीबढी हुने क्रम |

Curriculum Development Centre

राखेर बाहिरको हावा छिर्न नदिई बिर्को बन्द गरेर राखे । त्यो बिग्रिएन । यसरी तताएर चिसो पार्दा कीटाणु मर्छन् र बाहिरका कीटाणु पनि पस्न पाउँदैनन् । यो दुधलाई शुद्ध पार्ने विधि पनि हो । यस विधिलाई उनकै नामसँग जोडेर पास्चराइजेसन भनिन्छ । आजसम्म पनि दुध शुद्ध पार्न यही विधि प्रयोग गरिन्छ ।

पास्चरले कुखुरा र रेसम किरामा लाग्ने रोगका कारण पनि कीटाणु नै भएको पत्ता लगाए । उनले कीटाणु नष्ट पारी रोगको उपचार गर्न सकिने कुरा प्रमाणित गरे । उनले बौलाहा कुकुरले टोक्दा मानिसले लगाउनुपर्ने सुईको विकास गरे । बौलाहा कुकुरले टोक्दा त्यसको र्‍यालबाट **ज्यानमारा** कीटाणु मानिसको शरीरमा सर्छन् । ती रगतको माध्यमले **मस्तिष्क**सम्म पुग्छन् । यसपछि मानिस पानीदेखि डराउन थाल्छ र उपचार नभए केही दिनमा मर्छ । रेबिज भनिने यस रोग विरुद्धको औषधी बनाएर उनले मानिसलाई अकाल मृत्युबाट बचाएका छन् ।

त्यति बेला मानिसका अङ्ग चिरफार गर्दा घाउ निको नभई केही मर्ने गर्थे । पास्चरले यसबारेमा पनि अध्ययन गरे । उनले चिरेका घाउ पाक्ने र निको नहुने कारण पनि कीटाणु नै हो भन्ने पत्ता लगाए । उनको अनुसन्धानबाट चिरफारका लागि प्रयोग गरिने औजार र चिकित्सकले लगाएका पन्जा आदिबाट कीटाणु घाउमा पुग्ने कुरा प्रमाणित भयो । यस्ता सामग्रीलाई पानीमा राम्रोसँग उमालेर कीटाणुरहित बनाउन सकिने कुरा पनि उनले पत्ता लगाए । त्यस्ता सामग्रीलाई कुनै औषधीमा चोबेर पनि कीटाणु मार्न सकिने रहेछ । यसलाई नै आधारित बनाएर बेलायतका वैज्ञानिक लिस्टरले कीटाणु मार्ने सिद्धान्त र प्रयोगलाई **विश्वव्यापी** बनाए । यो पास्चरको ठुलो देन हो । रोगको उपचार गर्ने, घाउलाई पाक्न नदिने र खाद्य पदार्थ सुरक्षित राख्ने विधिको खोजी गरेर पास्चरले मानव कल्याणका लागि योगदान पुर्‍याए ।

**लगनशील** र देशभक्त पास्चरमा प्रकृति, चित्रकला र विज्ञानप्रति विशेष रुचि थियो । विज्ञान क्षेत्रमा पुर्‍याएको योगदानको कदर गर्दै फ्रान्सेली प्रज्ञा प्रतिष्ठानले उनलाई सदस्यता समेत प्रदान गर्‍यो । आज पनि फ्रान्समा उनको खुब सम्मान गरिन्छ । पाश्चर जीवनभर मानव सेवा र परोपकारमा लागेका थिए । पास्चरको सन १८९५ सेप्टेम्बर २७ मा **देहावसान** भयो । उनको शरीर नरहे पनि उनका अमर कार्यबाट एक महान् वैज्ञानिकका रूपमा उनको नाम संसारमा प्रसिद्ध भएको छ । उनी सामान्य मानिसहरूमा मात्र नभई वैज्ञानिकहरू माझ पनि **श्रद्धेय** बनेका छन् । उनको जीवनीबाट मानव सेवाको प्रेरणा प्राप्त गर्न सकिन्छ ।

---

| | | | | | |
|---|---|---|---|---|---|
| *ज्यानमारा* | : | ज्यान मार्न सक्ने | *लगनशील* | : | निरन्तर रूपमा लागिरहने |
| *मस्तिष्क* | : | दिमाग | *देहावसान* | : | मृत्यु |
| *विश्वव्यापी* | : | संसारभर फैलिएको | *श्रद्धेय* | : | मान गरिने, श्रद्धा गरिने |



Curriculum Development Centre

## *अभ्यास*

१. **उत्तर भन :**

(क) मानव जीवन कसरी सुखी बनेको छ ?

(ख) पास्चरको जन्म र मृत्यु कहिले भयो ?

(ग) पिताको प्रभावबाट पास्चरले के सिके ?

(घ) पास्चरले कोसँग विवाह गरे ?

(ङ) घाउ निको नहुने मुख्य कारण के थियो ?

२. **पाठका आधारमा खाली ठाउँ भर :**

(क) लुइ पास्चर संसारका एक महान् .......... का रूपमा चिनिन पुगे ।

(ख) बौलाहा कुकुरले टोकेपछि .................सुई लगाउनै पर्छ ।

(ग) दुध शुद्ध पार्ने पास्चरको प्रक्रियालाई .................भन्दछन् ।

(घ) पास्चर ................... का सदस्य पनि भएका थिए ।

(ङ) पास्चरले कुनै पनि वस्तु वा पदार्थमा रोगका कीटाणुहरू हावा, ............. र यस्तै अन्य स्रोतबाट प्रवेश गर्छन् भन्ने कुरा प्रमाणित गरे ।

(च) बौलाहा कुकुरको र्‍यालमा हुने जीवाणुहरू घाउमा प्रवेश गरेपछि ............ को सम्पर्कले ती मानिसको मगजमा पुग्छन् ।

३. **उत्तर लेख :**

(क) लुइ पास्चरलाई रसायन शास्त्रका विद्वान्ले आफ्नो सहायक बनाउने आधार के थिए ?

(ख) लुइ पास्चरले कुन कुन क्षेत्रमा योगदान दिए ?

(ग) कीटाणु सिद्धान्तको अध्ययन गरेर पास्चरले के कुरा प्रमाणित गरे ?

Curriculum Development Centre

(घ) सड्ने वा गल्ने वस्तुहरूलाई कसरी लामो समयसम्म सुरक्षित राख्न सकिन्छ ?

(ङ) दुध शुद्ध पार्ने पास्चरको प्रक्रियालाई के भनिन्छ ?

(च) लुइ पास्चरले गरेका मुख्य मुख्य कामहरू के के हुन् ?

(छ) आजको युगलाई किन विज्ञानको युग भनिन्छ ?

**४. व्याख्या गर :**

(क) उनको तीव्र बुद्धिका कारण उनका गुरुहरू समेत वैज्ञानिक समस्याको समाधान निकाल्न उनीसँग सहयोग माग्थे ।

(ख) लगनशील र देशभक्त पास्चरमा प्रकृति, चित्रकला र विज्ञानप्रति विशेष रुचि थियो ।

(ग) उनको जीवनीबाट मानव सेवाको प्रेरणा प्राप्त गर्न सकिन्छ ।

**५. पाश्चरले गरेका मुख्य मुख्य कामहरूलाई बुँदागत रूपमा क्रम मिलाएर लेख ।**

**६. "लुइ पास्चर विश्वका एक महान् वैज्ञानिक हुन् ।" यस भनाइलाई प्रस्ट पार ।**

**७. "लुइ पास्चरले हामीलाई बिर्सिन नसक्ने गुन लाएका छन्" यस सम्बन्धमा कक्षाका साथीबिच आपसमा छलफल गर ।**

## *शब्द भण्डार*

**८. मिल्दो शब्दसँग जोडा मिलाई कापीमा सार :**

| | |
|---|---|
| विकास | भलाइ |
| परोपकार | योगदान |
| हरेक | उन्नति |
| देन | प्रत्येक |
| | तापक्रम |

Curriculum Development Centre

९. **तलका शब्दको अर्थ लेख :**

प्रभाव, मुहार, सहायक, क्षमता, समाधान, मदिरा, कीटाणु, विधि, नष्ट, औषधी, चिकित्सक, कल्याण, चित्रकला, कदर

१०. **तलका शब्दको अर्थ बुझी वाक्यमा प्रयोग गर :**

प्रयोगशाला, तापक्रम, आविष्कार, अनुसन्धान, लगनशील

*उच्चारण र हिज्जे*

११. **'लुइ पास्चर' जीवनी पालैपालो पढेर कक्षामा सुनाऊ ।**

१२.. **तलका शब्द शुद्धसँग उच्चारण गर :**

लुइ पास्चर, वैज्ञानिक, प्रभाव, प्राकृतिक, रसायन शास्त्र, जीवाणु, वृद्धि, देशभक्त, श्रद्धेय, प्रेरणा

१३. **शुद्ध पारी सार :**

ऊनको सरिर नरहेपनि उनका अम्र कार्यबाट एक महान बैग्यानिकका रूपमा उनको नाम सन्सारमा पर्सिद्ध छ ।

१४. **पाठको पहिलो अनुच्छेद कापीमा सार ।**

## कार्यमूलक व्याकरण

१५. **उदाहरणमा देखाए जस्तै पाठमा विभक्ति चिह्न प्रयोग भएका पाँच ओटा वाक्यहरू कापीमा सार :**

**उदाहरण :** पास्चरले प्रारम्भिक शिक्षा हासिल गरे ।

पास्चरका बाबुले उनलाई पेरिसमा पढ्न पठाए ।

Curriculum Development Centre

**१६. दिइएका सर्वनाम शब्द र विभक्ति चिह्नलाई मिलाएर वाक्यमा प्रयोग गर :**

म (रो), यो (को), आफू (ना), म (ले)

ऊ (लाई), त्यो (लाई), हामी (रा), तँ (ले)

त्यो (ले), तँ (रो), तिमी (री), यिनी (ले)

**१७. पढ, बुझ र गर :**

पास्चर जन्मेको केही समयपछि उनको परिवार अर्वा भन्ने गाँउमा सऱ्यो। त्यहीँ उनले प्रारम्भिक शिक्षा हासिल गरे। उनी सुन्दर प्राकृतिक दृश्य हेर्न र घुम्न मन पराउँथे। उनको चित्रकलामा पनि रुचि थियो। सानै उमेरमा उनी मानिसको मुहारको चित्र बनाउन सक्थे।

माथिको अनुच्छेदमा प्रयोग भएका विभक्ति र सर्वनाम शब्दहरू टिपी शिक्षकलाई देखाऊ।

**१८. तलका वाक्यहरूलाई उदाहरण हेरी पूर्ण भविष्यत् कालमा परिवर्तन गर :**

उदाहरण : विज्ञानका क्षेत्रमा भएको विकासले भोलिको युग सुखी भएको हुने छ।

(क) विज्ञानका क्षेत्रमा भएको विकासले आजको युग सुखी भएको छ।

(ख) विभिन्न आविष्कारले गर्दा असम्भव कुरा पनि सम्भव भएको छ।

(ग) वैज्ञानिकहरू नयाँ आविष्कारका लागि दिनरात खटेका छन्।

(घ) वैज्ञानिकहरूको निरन्तर प्रयासले मानव जीवन सुखी बनेको छ ।

**१९. उदाहरण हेरी पाठबाट पूर्ण भूत कालको क्रियापद प्रयोग भएका पाँच ओटा वाक्यहरू कापीमा टिप।**

उदाहरण : पास्चरको जन्म दोल गाउँमा भएको थियो।

Curriculum Development Centre

## सिर्जनात्मक अभ्यास

२०. **तलका बुँदाका आधारमा अब्राहम लिङ्कनको छोटो जीवनी तयार पार :**

नाम : अब्राहम लिङ्कन

जन्मस्थान : संयुक्त राज्य अमेरिकाको केन्टिको राज्य

जन्ममिति : सन् १८०९ फेब्रुअरी

- आमाको चाँडै देहान्त भएकाले सौतेनी आमाको हेरचाहमा हुर्केका
- सानैदेखि पिताका सहयोगी
- विद्यालय जान नपाएका तर घरमै अध्ययन गरेका
- एक दिन सहर पुग्दा मानिसहरूको किनबेच देखेर अत्यन्त चिन्तित बनेका
- दास प्रथा हटाउने प्रण गरी सफल बनेका
- सन् १८६० मा राष्ट्रपति बनेका
- राष्ट्रपति भएपछि मानिसको बेचबिखन, लिलामी र बिक्री बन्द गरी दास प्रथा अन्त्य गरेका
- अमेरिकाका लोकप्रिय राजनेता र राष्ट्रपति
- मृत्यु सन् १८६५ अप्रिल

२१. **तिम्रा आमाबुबा वा गाउँ/सहरका कुनै व्यक्तिका बारेमा तलका कुरा खोजी गरेर जीवनी तयार पार र कक्षामा छलफल गर ।**

१. जन्म र जन्म स्थान

२. आमाबाको नाम

३. शिक्षा

४. गरेका मुख्य मुख्य काम

५. हामीले उहाँबाट लिन सक्ने प्रेरणा

Curriculum Development Centre

# पाठ : १५ वातावरणको रक्षा

मानिसहरू भन्ने गर्छन्, "हिजोआज समयमा वर्षा हुँदैन । वर्षा हुँदा पनि **अतिवृष्टि, अल्पवृष्टि** र **अनावृष्टि** हुने गर्छ । **मौसम परिवर्तन**को क्रम नै बदलिएको छ । कुन मौसम कतिखेर सुरु हुन्छ, थाहा हुँदैन । कतै बढी पानी परेर बाढी पहिरोले धनजनको क्षति गर्छ भने कतै पानी नपरेर सुक्खा लाग्छ । कतै कतै पाकेको बाली पनि पानीले गर्दा खेतबारीमै नाश हुन्छ । हिजोआज यस्ता समस्याहरू देखिन थालेका छन् ।"

**वायु मण्डल**मा **प्रदूषण** बढेको छ । प्रकृतिमा सन्तुलन छैन । यसबाट मानिसले ठुलो दुःख खप्नुपरेको छ । वैज्ञानिकहरू पनि यस विषयलाई लिएर ठुलो चिन्तामा परेका छन् । यी समस्या मानिस आफैँले सिर्जना गरेका हुन् । प्रकृतिमा असन्तुलन हुनाले मौसम सम्बन्धी समस्या सिर्जना भएको छ । यसबाहेक मानिसमा **श्वास प्रश्वास** सम्बन्धी रोग बढेका छन् । हृदय रोग, क्यान्सर र मानसिक तनाव सम्बन्धी समस्याहरू पनि बढेर गएको कुरा वैज्ञानिकहरूले पत्ता लगाएका छन् ।

पहिले प्रकृति सन्तुलित थियो । वन जङ्गलमा जीवजन्तुहरू प्रशस्त थिए । जनसङ्ख्या कम थियो । कल कारखाना पनि सीमित थिए । आजभोलि जनसङ्ख्या वृद्धिले गर्दा वन जङ्गलको विनाश भएको छ । पशुपन्छी र जीवजन्तुहरू मासिँदै गएका छन् । कल कारखाना बढ्नाले वातावरण प्रदूषित भएको छ । जनसङ्ख्या वृद्धि र वातावरण प्रदूषण बढ्दै जाने हो भने केही समयमै यो सुन्दर धर्ती विरूप बन्न सक्छ ।

वैज्ञानिक उन्नति र विकास निर्माणका जुनसुकै कामले पनि जङ्गल र वातावरणमा असर पर्छ । जमिनको क्षेत्रफल बढाउन सकिँदैन । वृक्षरोपण गरेर वातावरणको रक्षा गर्न सकिन्छ तर त्यस कुरामा पनि हामी पछि परेका छौँ । अव्यवस्थित बसोबासले जहाँसुकै फोहोर मैला बढेको छ । हावा र पानी प्रदूषित भएको छ । खोलानाला र ताल पोखरीहरू पनि दिनदिनै फोहोर हुँदै गएका छन् । वन फँडानी बढेको छ । यिनै कारणहरूले वातावरण झन् झन् बिग्रँदै गएको छ । विषालु रासायनिक

---

*अतिवृष्टि* : पानी बढी पर्ने काम, अधिक वर्षा
*अल्पवृष्टि* : पानी कम पर्ने काम, कम वर्षा
*अनावृष्टि* : खडेरी पर्ने, सुक्खा अवस्था
*मौसम परिवर्तन* : ऋतु परिवर्तन
*वायु मण्डल* : पृथ्वीको चारैतिरको हावाको सतह वा हावाले ढाकेको क्षेत्र
*प्रदूषण* : दूषित हुने, वातावरणमा आउने खराबी
*श्वास प्रश्वास* : सास फेर्ने क्रिया

Curriculum Development Centre

पदार्थले हावा, पानी र माटो एकसाथ दूषित भएको छ ।

हाम्रा **पूर्वजहरू** वायु मण्डलको शुद्धताको खुब ख्याल गर्दथे । बोट बिरुवा काट्नभन्दा लगाउन र जोगाउन जोड दिन्थे । प्रकृतिको सुन्दरतामा मख्ख पर्थे । पशुपन्छी र जनावरको हिंसा गर्नु हुन्न भन्ने उनीहरूको सोचाइ थियो । आजभोलि त्यस्ता कुराको वास्ता गरिँदैन । त्यसैले पनि प्रदूषणको मात्रा बढेको हो । प्रदूषण बढ्दै गयो भने सबै प्राणीको साझा बासस्थल पृथ्वी बसोवासका लागि अयोग्य बन्ने छ ।

विज्ञानको विकासले विभिन्न सामग्री बनेका छन् । रेल, मोटर र ट्याक्सी बेपत्तासँग गुडेका छन् । जेट विमानहरूको आविष्कार भएको छ । रेडियो, टिभी, टेलिफोन, फ्रिज, लुगा धुने मेसिन आदि साधनहरूले मानिसलाई सुविधा पुगेको छ । समयको बचत पनि भएको छ । एक किसिमले संसार नै खुम्चिए जस्तो लाग्छ । तर तिनका धुवाँ र कानै छेड्ने चर्का आवाजले वातावरण र प्राणीको रहनसहनमा असर परेको छ ।

औद्योगिक उत्पादन बढ्नाले वायु मण्डलमा “**क्लोरोफ्लोरो कार्बन**” बढेको कुरा वैज्ञानिकहरूले स्वीकार गरेका छन् । त्यस ग्यासको प्रभावले **ओजोन**को मात्रा घट्दै गएको छ । ओजोन सूर्यका विषालु किरण रोक्ने वायु मण्डलको तह हो ।  ओजोनको मात्रा घटेर त्यस सतहमा प्वाल पर्‍यो भने सूर्यको **पराबैजनी किरण** सोझै पृथ्वीमा पर्ने छ । त्यसको भयावह असरबाट कसैले पनि हामीलाई बचाउन सक्ने छैन । वातावरणको विनाशले धर्तीको जमिन र पानीमा मात्र होइन अन्तरिक्षको वायु मण्डलमा समेत निकै असर पुर्‍याएको छ ।

संसारमा भूमि, वायु, जल र **ध्वनि** सम्बन्धी प्रदूषण बढेको छ । पृथ्वीका सबै **जीवधारी**लाई सास फेर्न हावा र बाँच्न पानी आवश्यक हुन्छ । भूमि सबैको बाँच्ने आधार हो । हावा, पानी र माटो प्रदूषण हुँदा हामीलाई प्रतिकूल असर पर्छ । त्यसकारण वातावरण स्वच्छ राख्ने प्रयास गर्नुपर्छ । चर्को आवाज निकाल्ने साधनको प्रयोग कम गर्नुपर्छ ।

वातावरण प्रदूषित हुनाले सबैलाई हानि हुन्छ । कसैको हित हुँदैन । हामी सबै वातावरणको रक्षा गर्न चनाखो हुनुपर्छ । त्यसका लागि बोट बिरुवा लगाएर पृथ्वीलाई हराभरा पार्नुपर्छ । रासायनिक

---

*पूर्वज* : पुर्खा
*क्लोरोफ्लोरो कार्बन* : वातावरण विनाश गर्ने एक प्रकारको ग्यास
*ओजोन* : वायु मण्डलीय तह वा वायु मण्डलमा हुने हावाको सतह
*पराबैजनी किरण* : सूर्यको विशेष प्रकारको खराब किरण
*ध्वनि* : आवाज
*जीवधारी* : जीवन धारण गर्ने प्राणी



Curriculum Development Centre

मल र **कीटनाशक** औषधीको प्रयोग कम गर्दै लानुपर्छ । कल कारखाना र यातायातका साधनबाट निस्कने धुवाँ तथा अन्य फोहोरहरूलाई व्यवस्थित गर्नुपर्छ । यसका लागि विषालु रासायनिक पदार्थ पानीमा मिसिन दिनु हुँदैन । जहाँतहीँ फोहोर गर्ने बानी त्याग्नुपर्छ । आफूले फोहोर गर्नु हुँदैन । अरूबाट भएको फोहोर सफा गर्ने काममा सहयोग पुऱ्याउनुपर्छ । यसबाट सबैलाई फाइदा हुन्छ । हामीले जहाँसुकै दिसा पिसाब गर्ने र थुक्ने जस्ता खराब आदत पनि त्याग्नुपर्छ ।

हाम्रो संस्कृतिले पनि हामीलाई वातावरणको रक्षा गर्न सिकाएको छ । बाटाघाटामा वर पिपल रोप्नाले पुण्य हुन्छ । पानीको मुहान र नदीनाला तथा **देवस्थल** वरिपरि फोहोर गर्नु हुँदैन । पशुपन्छी र जनावरको हिंसा गर्नु हुन्न । विषवृ' नै भए पनि रुख बिरुवा काट्नु हुन्न । हामीले यस्ता असल संस्कार, व्यवहार र आनीबानीको विकास गर्नुपर्छ । आफ्ना गाउँठाउँ वरपरका पर्ती जग्गाहरूमा आफ्नो जन्म दिन वा अरू कुनै विशेष अवसर पारेर बिरुवा लगाउन र तिनलाई हुर्काउन सबैले अठोट गर्नुपर्छ ।

मानिस सबैभन्दा बुद्धिमान् प्राणी हो । मानिसमा असल खराब छुट्याउने शक्ति हुन्छ । विज्ञानको विकास पनि मानिसले नै गरेको हो । वैज्ञानिक उन्नतिले मानिसका सुख सुविधा बढाएको छ, त्यसले वातावरण सम्बन्धी समस्या पनि चर्काएर लगेको छ । समस्या भयो भनेर खोलिएका कल कारखाना र उद्योग धन्दाहरू बन्द गर्ने तथा यातायातका साधनहरू नचलाउने कुरा आउँदैन । न त गाउँघर तथा समाज छाडेर प्राचीन युगमा झैं हामी जङ्गलतिर नै पस्न सक्छौं । यसका लागि हामीले विज्ञानको उन्नति र वातावरणको रक्षा गर्ने कुरामा तालमेल मिलाएर अघि बढ्न सक्नुपर्छ । यसैमा मानिसको उन्नति र कल्याण देखिन्छ ।

---

*कीटनाशक* : किरा फट्याङ्ग्रा नाश गर्ने

*देवस्थल* : धार्मिक स्थल, तीर्थस्थल

*विषवृक्ष* : विषालु रुख

*प्राचीन* : धेरै पुरानो

Curriculum Development Centre

## अभ्यास

१. **उत्तर भन :**

(क) के कारणले मौसम सम्बन्धी समस्या सिर्जना भएको छ ?

(ख) वातावरणको रक्षा कसरी गर्न सकिन्छ ?

(ग) विषालु रासायनिक पदार्थले के के दूषित बनाउँछ ?

(घ) के भएमा पृथ्वीमा बस्न सकिँदैन ?

(ङ) किन रासायनिक मलको प्रयोग कम गर्नुपर्छ ?

(च) कसरी मानिसको कल्याण गर्न सकिन्छ ?

२. **पाठअनुसार ठिक शब्द राखेर खाली ठाउँ भर :**

(क) उद्योग धन्दाहरू बढेर ..................... प्रदूषित भएको छ ।

(गाउँघर, सहर, वातावरण)

(ख) अव्यवस्थित बसोवास बढ्नाले जहाँतहीँ ........................ बढेको छ ।

(फोहोर मैला, बजार भाउ, झैझगडा)

(ग) बढीभन्दा बढी बोट बिरुवा लगाएर पृथ्वीलाई ................पार्नुपर्छ ।

(व्यवस्थित, हराभरा, सफा सुग्घर)

(घ) पर्ती जग्गाहरूमा ......................................... लगाउनुपर्छ ।

(बालीनाली, तरकारी खेती, बोट बिरुवा)

३. **तलका कुन कुन कुरामा तिम्रो सहमति छ, ती कुराहरू मात्र कापीमा सार :**

(क) वातावरण

(अ) हामी आफैँले स्वच्छ राख्नुपर्छ । (आ) अरूले स्वच्छ राखिदिन्छन् ।

(इ) आफैँ स्वच्छ रहन्छ । (ई) बिग्रँदा सबैलाई हानि हुन्छ ।

Curriculum Development Centre

(ख) फोहोर मैला

(अ) जति गरे पनि हुन्छ ।  (आ) नियन्त्रण गर्नुपर्छ ।

(इ) असभ्यले गर्छन् ।  (ई) आफैँ उत्पन्न हुन्छ ।

**४. उपयुक्त उत्तर छान :**

(क) क्लोरोफ्लोरो कार्बनको मात्रा बढ्नाले

(अ) ओजोन सतह पातलिँदै जान्छ ।

(आ) रुख बिरुवाहरू छिटो हुर्कन्छन् ।

(इ) अन्तरिक्षमा रकेटहरू पठाउन सजिलो हुन्छ ।

(ई) सूर्यको पराबैजनी किरण छेकिन्छ ।

(ख) प्रकृतिमा सन्तुलन नहुनाले

(अ) पानी मात्र पर्छ ।

(आ) मौसम परिवर्तन हुने क्रम नै बदलिन्छ ।

(इ) उत्पादन घटेर जान्छ ।

(ई) वैज्ञानिक प्रगति ठप्प हुन्छ ।

**५. उत्तर लेख :**

(क) मौसममा देखापरेका समस्याहरू के के हुन् ?

(ख) वन जङ्गल विनाश हुनुका कारणहरू के के हुन् ?

(ग) हाम्रो वातावरण कसरी बिग्रँदै गएको छ ?

(घ) हाम्रो संस्कृतिले हामीलाई सिकाएको पाठ के हो ?

(ङ) वातावरण सफा राख्न के के कुरामा ध्यान पुऱ्याउनुपर्छ ?

(च) हाम्रा पूर्वजहरू के कुरामा जोड दिन्थे ?

(छ) हावा, पानी र माटो कसरी एकसाथ प्रदूषित भएका छन् ?

Curriculum Development Centre

६. **व्याख्या गर :**

(क) पृथ्वी सबै प्राणीको साझा वासस्थान हो ।

(ख) मानिस सबैभन्दा बुद्धिमान् प्राणी हो ।

७. **यस पाठका अन्तिमका दुई अनुच्छेद राम्ररी पढी तिनमा व्यक्त भएका मुख्य मुख्य कुराहरू टिप ।**

८. **वातावरण प्रदूषण बढ्नाले आइपरेका समस्याहरू लेख ।**

## *शब्द भण्डार*

९. **उदाहरणमा झैँ उस्तै उस्तै अर्थ दिने शब्द लेख :**

उदाहरण : विनाश - नाश, क्षति

उन्नति, असल, जमिन, समय, पानी, ध्वनि

१०. **खाली ठाउँमा उपयुक्त उत्तर लेख :**

प्रदूषणका मुख्य प्रकार हुन् :

१. वायु प्रदूषण २. .......... ३. .......... ४. ..........

११. **अर्थ बताऊ :**

वायु मण्डल, प्रदूषण, असन्तुलन, देवस्थल, वातावरण विनाश, हृदय रोग, विरूप

१२. **पढ, बुझ र गर**

अतिवृष्टि : पानी पर्ने समयमा सोचेभन्दा बढी पानी पर्नु (भूगोल क्षेत्र)

कुपोषण : पौष्टिक तत्त्व कम भएको खाद्य तत्त्व (स्वास्थ्य क्षेत्र)

तापक्रम : उष्णता वा तातोपन घटीबढी हुने क्रम (जलवायु विज्ञान क्षेत्र)

फस्फोरस : रासायनिक मलका रूपमा प्रयोग हुने तत्त्व (कृषि क्षेत्र)

कानुन : नियम वा आदेश (कानुन क्षेत्र)

गोरेटो : गाईवस्तु वा मान्छेसम्म हिँड्न सक्ने सानोबाटो (इन्जिनियरिङ क्षेत्र)

Curriculum Development Centre

माथिका शब्दहरू विभिन्न क्षेत्रमा प्रयोग हुने र परिभाषा गरेपछि मात्र अर्थ थाहा हुने शब्द हुन् । अर्थ थाहा पाउन परिभाषा गर्नुपर्ने र विशेष क्षेत्रमा प्रयोग हुने शब्दलाई पारिभाषिक तथा प्राविधिक शब्द भनिन्छ ।

तल दिइएका पारिभाषिक/प्राविधिक शब्दको अर्थ पत्ता लगाई ती शब्दलाई वाक्यमा प्रयोग गर :

ध्वनि, अणु, जीवाणु, पर्यावरण, भूक्षय, विकिरण, ओजोन, सम्पदा, साहित्य

१३. **अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :**

प्रकृति, कीटाणु, अन्तरिक्ष, मुहान, ओजोन

## *उच्चारण र हिज्जे*

१४. **माथिको पाठ पालैपालो पढेर कक्षामा सुनाऊ ।**

१५. **तलका शब्द शुद्धसँग उच्चारण गर :**

अतिवृष्टि, प्रदूषण, जनसङ्ख्या, वृक्षरोपण, फ्रिज, प्राणी, ध्वनि, हिंसा, कल्याण

१६. **शुद्ध पारेर सार :**

वर्सा, छेती, पर्किति, छेत्रफल, सन्तुलीत, उन्नती

१७. **सुनेर लेख :**

वृक्षरोपण, रासायनिक, विषवृक्ष, उद्योग धन्दा, ओजोन सतह

## *कार्यमूलक व्याकरण*

१८. **पढ, बुझ र गर :**

कक्षाहरूमा हामी विभिन्न जातजाति र भाषाभाषीका विद्यार्थीहरू हुन्छौँ । हाम्रो जात र भाषाअनुसार उच्चारण गर्ने तरिका र बानी पनि फरक हुन सक्छ । त्यस्तै आफ्नो मातृभाषा नेपाली हुने र नहुनेबिच पनि नेपालीका वर्ण, अक्षर, शब्द उच्चारण गर्दा

Curriculum Development Centre

फरक फरक उच्चारण हुन सक्छ तर हामीले उच्चारण गर्दा शुद्ध उच्चारण गर्ने प्रयास गर्नुपर्छ । उच्चारण गर्दा समस्या आउन सक्ने केही उदाहरण तल दिइएको छ । तिनीहरूको शुद्धसँग उच्चारण गर :

| | | | | |
|---|---|---|---|---|
| कर/गर | काल/गाल | कुन/गुन | चरा/जरा | चना/जना |
| चार/जार | चाली/जाली | टालो/डालो | टाँक/डाँक | पाडो/फाँडो |
| तह/दह | मह/रह | तह/ टह | तान/दान | पल/बल |
| पाल/बाल | पिना/विना | कप/खप | काम/खाप | किल/खिल |
| चल/छल | चाल/छाल | चलाइ/छलाइ | चुन/छुन | टप/ठप |
| तल/थल | ताल/थाल | तर्कनु/थर्कनु | पर्सि/फर्सी | पारो/फारो |

**१९. माथिका शब्दको उच्चारणमा भिन्नता भए जस्तै त्यस्तै भिन्नता देखिने पाँच पाँच ओटा शब्दहरू सङ्कलन गर ।**

**२०. तलका करण वाक्यलाई उदाहरणमा देखाए जस्तै गरी अकरण वाक्यमा परिवर्तन गरेर लेख :**

उदाहरण : करण वाक्य – वायु मण्डलमा प्रदूषण बढेको छ ।

अकरण वाक्य – वायु मण्डलमा प्रदूषण बढेको छैन ।

(क) प्रकृतिमा सन्तुलन छ ।

(ख) प्रदूषणले मौसम सम्बन्धी समस्या सिर्जना भएको छ ।

(ग) हामीले असल बानीको विकास गर्नुपर्दछ ।

(घ) मानिसमा असल खराब छुट्याउने शक्ति हुन्छ ।

**२१. तलको अनुच्छेदमा प्रयोग भएको हामी शब्दको सट्टामा कोष्ठकमा दिइएका सर्वनाम प्रयोग गरी पुरुष परिवर्तन गरेर पुर्नलेखन गर :**

हामीले वातावरणको रक्षा ग□यौ□ । हामीले खाली ठा□उमा बोट बिरुवा लगायौ□ । हामीले जताततै फोहोर गर्ने बानी त्यागयौ□ । हामीले आफ्नो कक्षाकोठा सफा

Curriculum Development Centre

ग□यौ। हामीले बग□ैचामा फुल लगायौ□।

(म, त□, तपाई□, ऊ, उनी, उनीहरु, उहा□)

उदाहरण: मैले वातावरणको रक्षा गरे।

### सिर्जनात्मक अभ्यास

२२. तलका कुनै एक विषयमा ८० शब्दसम्मको प्रबन्ध लेख :

- बोट बिरुवाको महत्त्व
- फोहोर मैला नियन्त्रण
- जनसङ्ख्या वृद्धि


२३. आफ्नो गाउँठाउँमा देखिएका प्रदूषण सम्बन्धी समस्याहरू टिपोट गरी तिनको रोकथाम गर्ने उपायबारे साथीभाइहरूसँग छलफल गर।

२४. असार महिनामा आफ्नो विद्यालय हाताभित्र वा पर्ती जग्गाहरूमा आफ्नो कक्षाका साथीभाइहरू मिलेर वृक्षरोपण गर्ने कार्यक्रम बनाऊ।

Curriculum Development Centre

# पाठ : १६ राष्ट्रिय विभूति शङ्खधर शाख्वा

राष्ट्रलाई महान् योगदान दिने व्यक्तित्व वा **महापुरुष**लाई **विभूति** भनिन्छ । नेपालमा पनि विभिन्न क्षेत्रमा महान् कार्य गर्ने व्यक्तिहरूलाई विभूति घोषणा गरिएको छ । नेपालका राष्ट्रिय विभूतिहरूमध्ये शङ्खधर शाख्वा पनि एक हुन् ।



शङ्खधर शाख्वाको जन्ममिति र मातापिताका बारेमा आधिकारिक जानकारी पाइँदैन । उनको जन्म र कर्मथलो भने काठमाडौँ उपत्यका हो । कतिपयले उनको नाम थर शङ्खधर शङ्ख, शाख्वाल वा शाखवा, शाख्वा आदि उल्लेख गरेको पाइन्छ । सुरुमा 'शाख्वाल' शब्द प्रयोग हुने गरेको र यस शब्दलाई अपभ्रंश गरेर नेवारीकरण गर्दा 'शाख्वाल' वा 'शाख्वा' भनिएको हो भन्ने मत पनि पाइन्छ । वंशावली अध्ययन गर्दा कहीँ शाख्वाल र कहीँ शाख्वा लेखिएको पाइन्छ । जे होस् यी शब्दको शाब्दिक अर्थ रुपियाँ पैसाको कारोबारमा दुनियाँले पत्यार गरेको व्यक्ति वा ऋणदाता भन्ने हुन्छ । त्यसैले शाख्वाको थर र उनले गरेको योगदानबिच पनि सम्बन्ध रहेको पाइन्छ ।

शङ्खधर शाख्वालाई नेपालको विभूति घोषणा गरिनुको मुख्य कारण उनले गरेको योगदान नै हो । उनले तत्कालीन समयमा नेपाली जनताको **ऋण मोचन** गरेर **दासत्व उन्मूलन** गरी नेपाल संवत् स्थापना गरेका थिए । त्यस बेलादेखि उनको महत्त्वपूर्ण योगदानको कदरस्वरूप नेपाल सरकारले वि.सं. २०५६ साल मङ्सिर २ गते (ने.सं. ११२०) शङ्खधर शाख्वालाई राष्ट्रिय विभूति घोषणा गरेको हो । उनी आफ्नो मौलिक संवत् स्थापना गरी नेपाल संवत्लाई प्रचलनमा ल्याउने प्रेरक व्यक्तित्वका रूपमा सुपरिचित रहेका छन् ।

---

*महापुरुष* : समाजका लागि विशिष्ट काम गरी नाम कमाएको व्यक्ति

*विभूति* : महापुरुष, समाजका लागि ठुलो योगदान गर्ने व्यक्ति

*ऋण मोचन* : ऋणबाट मुक्त गर्ने वा छुटकारा दिने कार्य

*दासत्व* : दासको काम, कमारो भएर गर्ने काम

*उन्मूलन* : जरा वा फेदैदेखि उखेल्ने काम, मूलसहित विनाश गर्ने काम



Curriculum Development Centre

वि.सं. ९३७ कात्तिक शुक्ल प्रतिपदाका दिन काठमाडौँ उपत्यकाका जनताको ऋण तिरिदिएर शङ्खधर शाख्वाले नेपाल संवत् चलाएका थिए । शङ्खधर शाख्वा एक व्यापारी पनि थिए । त्यस्तै लोक प्रचलित कथनअनुसार मध्यम वर्गीय शाख्वाले मध्यरातमा ज्योतिषीका घरमा बालुवा ओसारिरहेका ज्यामीसँग बालुवा किनेका थिए । भद्रमती र विष्णुमतीको सङ्गम स्थलबाट विशेष मुहूर्तमा निकालेको बालुवा सुनमा परिणत हुन्छ भन्ने धारणा थियो । त्यसैले मध्यरातको विशेष मुहूर्तमा ज्योतिषीहरूले आफ्नो घरमा ज्यामीहरूलाई बालुवा बोकाएका थिए । शङ्खधरलाई बालुवा सुनमा  परिणत हुन्छ भन्ने कुरा थाहा थिएन । केही खेप बालुवा घरमा खसाल्न लगाएका र त्यो बालुवा सुनको थुप्रोमा परिणत भएको थियो । त्यो सुन जनताको ऋण मोचन कार्यमा सदुपयोग गरेका थिए भन्ने किंवदन्ती पनि सुन्न पाइन्छ । कतिपयको बालुवा चालेर आएको सुनबाट ऋणीहरूको ऋण मोचन गरेका थिए भन्ने मत पनि पाइन्छ । उनले तत्कालीन अवस्थामा गरिब जनताको ऋण मोचन गर्ने महान् कार्य गरेका थिए ।

उनले कात्तिक शुक्लपक्षको प्रतिपदाका दिन भव्य समारोह गरेर ऋण मोचनको घोषणा गरेका थिए । त्यस समारोहमा उनले के भनेका थिए भने **मानवता** नै सबैभन्दा ठुलो कुरा हो । बाहिरको ईश्वरभन्दा मानिसको **आत्मा**मा वास गर्ने ईश्वरको पूजा गर्नु नै मानिसको कर्तव्य हो । उनले यस्तो तर्क राखेपछि मानिसको पूजा वा आत्मपूजाका रूपमा **'म्हपूजा'** गर्ने प्रचलन पनि चलेको पाइन्छ । नेवारी समाजमा आज पनि 'म्हपूजा' को विशेष महत्त्व रहेको छ । शङ्खधरले मानव सेवा, **परोपकार** र मानव कल्याणका लागि मानव पूजा गर्नुपर्छ भन्ने विचार राखेको पाइन्छ । परमात्माभन्दा आत्मा नै महान् भन्ने पवित्र विचारले **कालान्तर**मा "म्हपूजा" प्रचलित हुन गएको पाइन्छ ।

नेपालीका प्रति शाख्वाले लगाएको गुनलाई स्मरण गर्न र प्रचारप्रसार गर्न विभिन्न कार्य भएका छन् । उनले नेपाल संवत् चलाउन गरेको योगदानलाई चिरस्मरणीय गर्नु हामी सबैको कर्तव्य हो । उनले गरेको योगदानका बारेमा प्रचारप्रसार गर्ने उद्देश्यले राष्ट्रिय विभूति शङ्खधर शाख्वा प्रतिष्ठान गठन गरिएको छ । कार्य, कृति र कलाको खोज, **उत्खनन** एवम् अनुसन्धान गर्नु र सुरक्षित रूपमा व्यवस्थापन गर्नु हो । उनको व्यक्तित्व र कृतित्वलाई फैलाउँदै चेतनामूलक कार्यक्रम सञ्चालन

---

*मानवता* : मान्छेमा हुनुपर्ने गुण (दया, प्रेम, सहयोग, सद्भाव आदि)
*आत्मा* : जीवनको मूल तत्त्व वा सारतत्त्व शरीरलाई जीवित राख्ने अदृश्य तत्त्व
*म्हपूजा* : स्वपूजा आत्माको पूजा
*परोपकार* : अर्काको भलाइ, अरूको उपकार
*कालान्तर* : धेरै पछिको समय, समयको अन्तर
*उत्खनन* : जमिनमुनि रहेको वा पुरिएको अवशेष खनेर निकाल्ने काम

Curriculum Development Centre

गर्नु पनि उक्त संस्थाको उद्देश्य रहेको छ । उनको योगदानलाई स्मरण गर्न प्रतिष्ठानले अक्षय कोष स्थापना, शङ्खधर दिवस आयोजना आदि गर्ने गरेको छ ।

नेपाल संवत्का आधारमा पर्न आउने नयाँ वर्षको पहिलो दिन कार्यक्रम गर्ने, **वेभसाइट** सञ्चालन गर्ने जस्ता कार्य गरिँदै आएको छ । शाख्वालाई राष्ट्रिय विभूति घोषणा गरेपछि प्रतिष्ठानले मध्यपुर ठिमी चोकमा जनश्रमबाट उनको प्रतिमा स्थापना गर्न महत्त्वपूर्ण सहयोग पुऱ्याएको छ ।

महान् व्यक्तिहरू कुनै जात, देश र समुदायका मात्र निजी सम्पत्ति हुँदैनन् । उनीहरू कुनै एउटा संस्कृति वा सम्प्रदायका व्यक्तित्व मात्र पनि होइनन् । त्यस्ता व्यक्तित्व सबैका प्रेरणादायी मार्ग दर्शक बनेका हुन्छन् ।

हाम्रा विभूति शङ्खधर शाख्वा पनि सबै नेपालीका लागि **अनुकरणीय** छन् । त्यसैले शाख्वाले मानव कल्याण, परोपकार र समाज सेवाका लागि गरेको योगदानको सबैले कदर गर्नुपर्छ । उनको योगदानलाई राष्ट्रिय र अन्तरराष्ट्रिय रूपमा प्रचारप्रसार गर्नु उनीप्रतिको सच्चा सम्मान गर्नु हो । उनीप्रति सच्चा सम्मान गर्नु हामी सबैको कर्तव्य पनि हो ।

---

*वेभसाइट* : विद्युतीय सूचना सञ्जाल, इन्टरनेटको साइट

*अनुकरणीय* : अनुकरण गर्न लायक, नक्कल गर्न उपयुक्त

## *अभ्यास*

१. **उत्तर भन :**

(क) शाख्वालाई कहिले राष्ट्रिय विभूति घोषणा गरिएको हो ?

(ख) शाख्वाले कहिले जनताको ऋण तिरिदिएका थिए ?

(ग) शाख्वाले के काम गरेका थिए ?

(घ) नेपाल संवत् कहिले सुरु गरेका थिए ?

(ङ) 'म्हपूजा' भन्नाले के बुझिन्छ ?

Curriculum Development Centre

२. **शङ्खधर शाख्वाका बारेमा भनिएका तलका कुन कुन कुरा सत्य हुन्, छुट्याऊ :**

(क) शङ्खधर शाख्वा धनाढ्य व्यक्ति थिए ।

(ख) शङ्खधर शाख्वाले आफन्तको मात्र ऋण तिरिदिएका थिए ।

(ग) जनताको ऋण मोचन गरेर दासत्व उन्मूलन गर्नु शङ्खधरको मानवतावादी कार्य हो ।

(घ) शङ्खधरले नेपालको आफ्नै पहिचान राख्न नेपाल संवत् सुरु गरेका थिए ।

(ङ) वि.सं. ९३७ कात्तिक शुक्ल प्रतिपदाका दिन शङ्खधरले नेपाल संवत् सुरु गरेका थिए ।

(च) मानिसको आत्माको पूजा गर्ने चाड 'म्हपूजा' हो ।

३. **तलका प्रश्नको छोटो उत्तर लेख :**

(क) विभूति कस्ता व्यक्तिलाई मानिन्छ ?

(ख) शङ्खधर शाख्वाले के काम गरे ?

(ग) शङ्खधर शाख्वालाई विभूति घोषणा गर्नुको मुख्य कारण के होला ?

(घ) शङ्खधर शाख्वाबाट हामीले के प्रेरणा लिन सक्छौँ ?

(ङ) शङ्खधर शाख्वाको योगदानको कसरी वास्तविक कदर गर्न सकिन्छ ?

४. **भाव विस्तार गर :**

(क) मानवता नै सबैभन्दा ठुलो कुरा हो र बाहिरको ईश्वरभन्दा मानिसको आत्मामा वास गर्ने ईश्वरको पूजा गर्नु नै मानिसको कर्तव्य हो ।

(ख) महान् व्यक्तिहरू कुनै जात, देश र समुदायका मात्र निजी सम्पत्ति हुँदैनन् ।

५. **राष्ट्रिय विभूति शङ्खधर शाख्वाले गरेका कार्यहरूको सूची बनाऊ ।**

६. **पाठका आधारमा शङ्खधर शाख्वाका बारेमा एक अनुच्छेदमा परिचय देऊ ।**

Curriculum Development Centre

७. तिम्रो समुदाय वरपर समाज वा राष्ट्रको विकासमा महत्त्वपूर्ण योगदान दिने कुनै व्यक्तिको जीवनी लेख ।

### *शब्द भण्डार*

८. उस्तै अर्थ हुने शब्दसँग जोडा मिलाई कापीमा लेख :

| | |
|---|---|
| आत्म | काम |
| विचार | सम्झना |
| स्मरण | धारणा |
| कर्तव्य | मन |
| | कदर |

९. अर्थ भन :

परोपकार, उन्मूलन, ऋण मोचन, ऋणदाता, योगदान, कर्तव्य

१०. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :

विभूति, घोषणा, योगदान, बालुवा, दासत्व, कल्याण

### *उच्चारण र हिज्जे*

११. माथिको पाठ पालैपालो सस्वर वाचन गरेर सुनाऊ ।

१२. प्रस्टसँग उच्चारण गर :

राष्ट्रिय, विभूति, शङ्खधर, शाख्वा, महान्, व्यक्तित्व, महापुरुष, घोषणा, ऋणदाता, परिणत, म्हपूजा

१३. शुद्ध पारेर कापीमा सार :

अपभ्रम्स, वेक्ती, महतोपुर्न, कारतव्य, जनसरम, प्रेरनादाई

१४. पाठको दोस्रो अनुच्छेद शिक्षकबाट सुनेर लेख ।

Curriculum Development Centre

## *कार्यमूलक व्याकरण*

**१५. पढ, बुझ र गर :**

**एक वचन** : शाख्वाले जनताको ऋण मोचन गरेका थिए ।

बहु वचन : हामी शाख्वाको योगदानलाई कदर गर्छौं ।

एउटालाई बुझाउँदा एक वचन र एकभन्दा धेरैलाई बुझाउँदा बहु वचन हुन्छ । वचन दुई प्रकारका हुन्छन् । वाक्यमा कर्ताअनुसार क्रियाको वचन मिलाउनुपर्छ । कर्ताको वचनअनुसार क्रियापदमा वचनको प्रयोगलाई वचनका आधारमा हुने पद सङ्गति भनिन्छ ।

पाठबाट एक वचन र बहु वचनका पाँच पाँच ओटा वाक्यहरू टिपेर शिक्षकलाई देखाऊ ।

**१६. तलका वाक्यहरूलाई उदाहरणमा देखाए जस्तै गरी दुई किसिमले परिवर्तन गरेर कापीमा लेख :**

उदाहरण : शङ्खधरले दासत्व उन्मूलन गरे ।

शङ्खधरले दासत्व उन्मूलन गऱ्यो ।

शङ्खधरले दासत्व उन्मूलन गर्नुभयो ।

(क) शङ्खधरले दासत्व उन्मूलन गरे ।

(ख) उनले ज्यामीसँग बालुवा किने ।

(ग) उनले मध्यरातको विशेष मुहूर्तमा ज्यामीहरूलाई बालुवा बोकाए ।

(घ) उनले बालुवालाई घरमा खसाल्न लगाए ।

(ङ) उनले बालुवा चालेर आएको सुनबाट ऋणीहरूको ऋण मोचन गरे ।

(च) उनले गरिब जनताको उद्धार गरे ।

Curriculum Development Centre

### सिर्जनात्मक अभ्यास

१७. तलका बुँदाका आधारमा राष्ट्रिय विभूति गौतम बुद्धको जीवनी तयार गर :

- आजभन्दा २५०० वर्षपूर्व वैशाख शुक्ल पूर्णिमाका दिन लुम्बिनीमा जन्म ....... बालक कालको नाम सिद्धार्थ गौतम.........पिता शुद्धोधन र माता मायादेवी.........जन्मेको सातै दिनमा आमाको मृत्यु........नम्र र दयालु स्वभाव.........अर्काको दु:खमा दु:खी हुने..............सानैदेखि गहन चिन्तन गर्ने.......दु:खको कारणको खोजी..........दु:खबाट छुटकारा पाउने उपायको खोजी .........सबैको भलाइ गर्ने उपायको खोजी ...........सांसारिक कष्टबाट मुक्तिको खोजी .......कठोर तपस्या ...........भारतको गयामा बुद्धत्व प्राप्ति.........बुद्धको नामले विश्वमा प्रख्यात ......... ।

१८. शिक्षकको निर्देशन र सहयोगमा नेपालका कुनै एक विभूतिको जीवनी लेखी कक्षामा सुनाऊ ।

१९. आआफ्नो धर्मका महान् व्यक्तिका विषयमा मुख्य मुख्य कुराहरू टिपोट गरी साथीहरूका बिच छलफल गर ।

Curriculum Development Centre

पाठ : १७

# मानिस नै देवता

*ललिता दोषी*

प्रदीप सौतेनी आमाको व्यवहारले **आजित** भएको थियो । आफ्नी आमा बितेपछि उसले राम्रो लाउन र पेटभरि खान कहिल्यै पाएको थिएन । एक दिन प्रदीप भोकले ज्यादै अताल्लिएपछि ऐँसेलु र काफल खान जङ्गलतिर लाग्यो । काफलको रुखमुनि पुगेर चराहरूले झारेको काफल र ऐँसेलु खाँदै ऊ धेरै टाढा पुग्यो । साँझ झमक्कै पऱ्यो । ऊ चाहेर पनि फर्कन सकेन । जङ्गल नजिकै सानो **ओडार** थियो । त्यहाँ दुई ओटा डमरु खेल्दै थिए । प्रदीपले डमरु नजिकै गएर भन्यो, "हे डमरुहरू, रात झमक्कै पऱ्यो ।



अब म यो जङ्गलबाट फर्केर घर पुग्न सक्दिनँ । मलाई कुनै न कुनै **हिंस्रक** जनावरले मारिहाल्छन् । बरु म तिमीहरूबाट नै मर्छु ।"

डमरुहरूले भने, "आज हामी तिमीलाई आमाबाट जसरी भए पनि बचाउँछौँ । भोलि उज्यालो हुने बित्तिकै यहाँबाट जानू ।"

---

*आजित* : हैरान

*ओडार* : गुफा

*हिंस्रक* : हिंसा गर्ने वा मार्ने

Curriculum Development Centre

प्रदीपले डमरुहरूसँगै बस्ने निर्णय गऱ्यो । सधैँ सिकार लिएर आउने बघिनी **पीडा**ले छटपटाउँदै

**रक्ताम्मे** भएर आई । हेर्दा हेर्दै ऊ ओडारछेउमै डङ्रङ्ङ लडी । प्रदीपले हतार हतार नजिकै भएको ठुलो हड्डीको टुप्पाले बघिनीलाई लागेको गोली निकालिदियो । रगत बग्न नदिन आफ्नो सर्ट फुकालेर बाँधिदियो । बघिनीको मुखमा पानी हालिदियो । केही समयपछि बघिनीको होस आयो तर पनि हलचल गर्न सकिन ।

भोकले आलसतालस परेको एउटा ब्वाँसो त्यहीँबाट जाँदै थियो । रक्ताम्मे भएर लडेकी बघिनीलाई देखेर ब्वाँसाले सोच्यो, "अहा ! बघिनी मरिछे । आज यसैको मासु खाएर भोको पेट भर्छु ।"

ब्वाँसाले ऱ्याल चुहाउँदै भन्यो, "आज तिमीहरूकी आमालाई खान्छु । तिमीहरूकी आमाको डरले मात्रै तिमीहरूलाई छोएको थिइनँ । अब तिमीहरू पनि बाँच्ने उपाय छैन ।"

प्रदीप, बघिनी र डमरुहरू पनि ब्वाँसाको कुरा सुनेर डराए । प्रदीपले नडराए झैँ गरी **साहस**का साथ भन्यो, "हेर् ब्वाँसो, तैँले यो बघिनी र डमरुहरूलाई छोइस् मात्र भने पनि म तेरो हाडखोर राख्दिनँ । सक्छस् भने बरु मलाई खा ।"

ब्वाँसाले रिसाउँदै प्रदीपलाई झम्ट्यो । प्रदीपले आफूलाई बचाउनका लागि त्यही अघि बघिनीको गोली झिक्न लिएको तीखो हड्डी ब्वाँसाको मुखमा कोच्यो । हड्डीले घोचेपछि ब्वाँसो घाइते भयो । त्यसपछि ऊ रगत बगाउँदै कुलेलम ठोक्यो ।

बघिनीले प्रदीपका कुरा सुनी । सबै क्रियाकलाप बुझी । उसलाई प्रदीपको **औधी** माया लाग्यो । त्यसैले सोच्दासोच्दै भनी, "मान्छेमा पनि कति अन्तर ? मलाई गोली हान्ने पनि मान्छे, आफ्नो ज्यानको **परवाह** नगरी बचाउने पनि त्यही मान्छे !"

नजिकै रुँदै बसेका डमरुहरू बघिनी चलमलाएको थाहा पाएर खुसी भए । प्रदीप पनि खुसी भयो । डमरुहरूले प्रदीपतिर हेर्दै भने, "साथी ! तिमीले आमालाई बचाए पनि आमाले तिमीलाई बाँकी राख्दिनन् । तिमी उता गएर लुक । आमा सुतेपछि हामी तिमीकहाँ आउँछौँ ।"

---

*पीडा* : व्यथा, वेदना
*रक्ताम्मे* : रगतले लतपत भएको
*साहस* : आँट, हिम्मत
*औधी* : धेरै
*परवाह* : चासो, वास्ता



Curriculum Development Centre

बघिनीको कठोर मन पग्ल्यो । उसले लुक्न हिँडेको प्रदीपतिर इसारा गर्दै भनी, “बाबु, तिमीले मेरो कैयौँ वर्षदेखि बन्द भएको आँखा खोल्यौ । यसरी एकले अर्कालाई **शत्रु** ठानेको भए अर्को जङ्गलबाट आएको ब्वाँसाले हाम्रो ज्यान लिन्थ्यो । आजदेखि हामी सबै मिलेर बसौँ । दु:खमा परेकालाई बचाउने त देवता हो । तिमी पनि मानिस नभएर मेरा लागि देवता नै हौ ।”

बघिनीको कुराले प्रदीप पनि खुसी भयो । भोलिपल्ट बटुवाहरूले जब बघिनीका साथ प्रदीपलाई देखे, सबै **आश्चर्य**मा परे । चारैतिर हल्ला फिँजियो । गाउँलेहरूले भने, “प्रदीप त बघिनीको साथमा रमाइरहेको छ । उसले मर्न लागेकी बघिनीलाई बचायो । बघिनीले त उसलाई आफ्नै डमरुलाई झैँ माया गरी । उसले त प्रदीपलाई देवता पो ठानिछ । साँच्चै बुझ्न सके मानिस नै देवता बन्ने रहेछ ।”

गाउँलेहरूले राम्रोसँग बुझे, “मित्रतामा ठुलो तागत हुँदो रहेछ ।” हामी सबैले एकअर्कामा मित्रताको भावना गाँस्नुपर्छ । आफ्नो असल व्यवहारले प्रदीपले बघिनीसँग मित्रता गाँस्न सक्यो ।

हामी पनि प्रदीप जस्तै बनौँ भन्ने भावना अर्खवाङ गाउँका मानिसहरूलाई पऱ्यो । मित्रताको पाठ सिकाउने प्रदीपलाई सबै गाउँलेहरू मिलेर खाने, लाउने र पढ्ने व्यवस्था गरिदिए ।

---

*शत्रु* : दुस्मन
*आश्चर्य* : अचम्म

## *अभ्यास*

१. **उत्तर भन :**

(क) प्रदीपले भोक लागेपछि जङ्गलमा गएर के खायो ?

(ख) बघिनी कहाँ रक्ताम्मे भएर लडी ?

(ग) प्रदीपले बघिनीको मुखमा के हालिदियो ?

(घ) प्रदीपले ब्वाँसाको मुखमा के कोच्यो ?

(ङ) मानिसहरूले प्रदीपलाई के भने ?

Curriculum Development Centre

२. **कथाका आधारमा कुन भनाइ ठिक हो त्यसमा (√) चिनो लगाऊ :**

(क) साँच्चै बुझ्न सके मानिस नै देवता हो ।

(ख) मित्रतामा ठुलो तागत हुन्छ ।

(ग) हामी सबै मिलेर बस्नु हुँदैन ।

(घ) प्रदीपले बघिनीलाई बचाएन ।

३. **कसले कसलाई भनेको हो ? लेख :**

(क) आज हामी आमाबाट जसरी भए पनि बचाउँछौं ।

(ख) बघिनीको मासु खाएर भोको पेट भर्छु ।

(ग) तिमीले यो बघिनी र डमरुहरूलाई छोयौ मात्र भने पनि म तिम्रो हाडखोर राख्दिनँ ।

(घ) आजदेखि हामी सबै मिलेर बसौँ ।

(ङ) प्रदीप त देवता नै रहेछ, बघिनीको साथमा रमाइरहेको छ ।

४. **तलका प्रश्नहरूको छोटकरीमा उत्तर लेख :**

(क) प्रदीप किन जङ्गलतिर लाग्यो ?

(ख) प्रदीपले डमरु नजिकै गएर के भन्यो ?

(ग) बघिनीको होस कसरी आयो ?

(घ) ब्वाँसाले डमरुलाई के भन्यो ?

(ङ) बघिनीको कठोर मन के कुराले पग्लियो ?

(च) यो कथा पढेर के शिक्षा पाइन्छ ?

५. **व्याख्या गर :**

(क) आजदेखि हामी सबै मिलेर बसौँ ।

(ख) साँच्चै बुझ्न सके मानिस नै देवता बन्ने रहेछ ।

Curriculum Development Centre

६. “मित्रतामा ठुलो तागत हुँदो रहेछ” भन्ने कुरा यस पाठका आधारमा स्पष्ट पार ।

७. “मानिस नै देवता” कथाले दिन खोजेका मुख्य मुख्य उपदेशहरू समेटेर आफ्नो शब्दमा बयान गर ।

## *शब्द भण्डार*

८. मिल्दो शब्दसँग जोडा मिलाई कापीमा सार :

| | |
|---|---|
| ज्यादै | छिटो छिटो |
| हतार हतार | धेरै |
| डर | शक्ति |
| तागत | त्रास |
| | इच्छा |

९. अर्थ लेख :

उज्यालो, न्याल, साहस, आश्चर्य

१०. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :

साँझ, भोक, काफल, मित्रता, दुःख

## *उच्चारण र हिज्जे*

११. ‘मानिस नै देवता’ कथा पालैपालो पढेर कक्षामा सुनाऊ ।

१२. तलका शब्द शुद्धसँग उच्चारण गर :

जङ्गल, ब्वाँसो, रक्ताम्मे, हिंस्रक, फिँजियो

१३. शुद्धसँग लेख :

झमककै, हरेदाहेरदै, बावु, लियको, मीत्रता

Curriculum Development Centre

१४. पाठको पहिलो र दोस्रो अनुच्छेद शिक्षकबाट सुनेर लेख ।

## *कार्यमूलक व्याकरण*

१५. उदाहरणमा देखाए जस्तै अपूर्ण भूतलाई अपूर्ण वर्तमान र अपूर्ण भविष्यत् कालमा परिवर्तन गर :

उदाहरण : ब्वाँसो त्यहीँबाट जादैँ थियो ।

ब्वाँसो त्यहीँबाट जादैँ छ ।

ब्वाँसो त्यहीँबाट जादैँ हुने छ ।

(क) ब्याँसो त्यहीँबाट जाँदै थियो ।

(ख) ब्याँसाले न्याल चुहाउँदै भन्यो ।

(ग) ब्याँसाले प्रदीपलाई रिसाउँदै झम्ट्यो ।

(घ) प्रदीपले ब्वाँसालाई पिट्दै थियो ।

(ङ) ब्वाँसो रगत बगाउँदै भाग्यो ।

१६. तलका कुन कुन वाक्य करण हुन् र कुन कुन वाक्य अकरण हुन्, साथीसँग छलफल गर :

(क) प्रदीप चाहेर पनि घर फर्कन सकेन ।

(ख) जङ्गल नजिकै सानो ओडार थियो ।

(ग) प्रदीपले डमरुसँग बस्ने निर्णय गऱ्यो ।

(घ) अब तिमीहरू बाच्ने उपाय छैन ।

(ङ) सबै आश्चर्यमा परे ।

Curriculum Development Centre

### सिर्जनात्मक अभ्यास

१७. अगाडिको कोष्ठकमा १, २, ३.... राखेर वाक्य क्रम मिलाई कथा बनाऊ :

( ) स्यालले कछुवा समाउनु

( ) कछुवाले मलाई पानीमा भिजाए नरम हुन्छ भन्नु

( ) स्यालले कछुवालाई नदीमा छाडिदिनु

( ) कछुवाले स्याललाई अरू कति जनावर तिमीभन्दा बाठा छन् भन्नु ।

( ) स्यालले कछुवाको हाडे खपटा फोर्न नसक्नु

( ) कछुवा नदी पारी पुग्नु

१८. तिमीले जानेबुझेको कुनै कथा लेखी शिक्षकलाई देखाऊ ।

Curriculum Development Centre

## पाठ : १८ कलाको महत्त्व

कला मस्तिष्क र **सिर्जनशीलता**को **उपज** हो । कलाको उत्पत्ति मानिसको चेतनाबाट भएको मानिन्छ । कला जीवनका लागि हो भने जीवन पनि कलाकै लागि हो । यो प्रकृति, यो सृष्टि आफैँमा एक **विराट्** कला हो । मानिसले यही प्रकृतिबाट नै कलाको आविष्कार गरेको छ । प्रकृतिभन्दा बाहिर गई कला सिर्जनाको कल्पना पनि गर्न सकिँदैन । कला मानव सभ्यताको पहिचान हो । कला नै हाम्रो संस्कृति, मूल्य, मान्यता र जीवन पद्धतिको आधारशिला हो । कलाको विकास त्यहीँ हुन्छ जहाँ मानव चेतना विकसित भएको हुन्छ । मानिसलाई सच्चा मानिस बनाउने कुनै वस्तु छ भने त्यो कला नै हो। त्यसैले कला र मानिसको साइनो निकै नजिकको छ ।



मानिस सिर्जनशील प्राणी हो । रचनात्मक क्षमताले नै मानिस महान् बन्न सक्छ । प्रत्येक व्यक्तिसँग कुनै न कुनै सिप हुन्छ, कला हुन्छ तर त्यसलाई बाहिर प्रकट नगरेसम्म त्यसको महत्त्व हुँदैन । यसबाट पनि मानव जीवनमा कलाको महत्त्व कति रहेछ बुझ्न सकिन्छ । कलाबाट नै मानव जीवनको वास्तविकता बुझ्न सकिन्छ किनभने जीवन र प्रकृतिको ऐना भनेकै कला हो ।

ललित कलाअन्तर्गत पर्ने कलाका धेरै भेदहरू छन्, तीमध्ये चित्रकला, मूर्तिकला र वास्तुकला विशेष उल्लेखनीय छन् । चित्रकलाको इतिहास निकै पुरानो छ । यस कलालाई परम्परागत र आधुनिक गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ । हाम्रो धर्म, संस्कृति र सामाजिक जीवनलाई मूल आधार बनाएर निर्माण गरिएका चित्र परम्परागत चित्रकला हुन् । परम्परागत नेपाली चित्रहरूमा **पौवाचित्र,** ग्रन्थचित्र, मुहार चित्र, दृश्यचित्र र थाङ्काचित्र प्रसिद्ध छन् । यस्ता चित्रहरू काठका फल्याक, कागज, कपडा, घर वा मन्दिरका भित्ता आदिमा बनाइएको पाइन्छ । पूर्वीय जीवन शैलीलाई

---

*सिर्जनशीलता* : रचनात्मकता, सिर्जना क्षमता
*उपज* : उत्पत्ति
*विराट्* : ठुलो, विशाल
*पौवा चित्र* : कपडामा लेखिएको देवी देवताका प्राचीन शैलीको चित्र

Curriculum Development Centre

मूल आधार बनाएर तयार पारिएका यस्ता चित्रहरूमा देवी देवताका **आकृति**, तिनका **वाहन**, तिनले लगाएका गहना आदिको निर्माणमा कलाकारहरूको विशेष ध्यान गएको देखिन्छ । हाम्रो सामाजिक जनजीवनका विविध पक्षलाई पनि यस कलामा समेटिएको छ । यस्ता परम्परागत चित्रहरू नेवार, थारु, मैथिली, गुरूङ आदि समुदायमा लोकचित्रका नामले पनि प्रख्यात छन्। थाङ्काचित्र परम्परागत चित्रकलाकै एउटा अभिन्न अङ्ग मानिन्छ । यसको निर्माणमा धार्मिक र **तान्त्रिक** विधि अपनाइएको हुन्छ । यसलाई कतिपय व्यक्तिले व्यावसायिक रूप दिएका छन् ।

नेपालमा जङ्गबहादुर राणाको बेलायत यात्रापछि आधुनिक चित्रकलाको सुरु भएको मानिन्छ । नेपाली चित्रकलामा हाम्रो आफ्नै प्रकृति, संस्कृति र समाजको **प्रतिबिम्ब** तथा जीवनका उकाली ओरालीका **सुस्केरा** पाइन्छन् । नयाँ **शैली** र प्रविधिले गर्दा वर्तमान चित्रकला विकसित अवस्थामा रहेको छ । नेपाली कलाकारहरू पनि आफ्नो **साधना** र लगनशीलताले गर्दा प्रसिद्ध भएका छन् । यसबाट उनीहरूले आफ्नो देशको प्रतिष्ठा बढाउने काम गरेका छन् । ललित कलाको दृश्य भेदअन्तर्गत पर्ने चित्रकलाको महत्त्व हरेक **सभ्य** समाजमा रहेको पाइन्छ ।

काठ, माटो, धातु, ढुङ्गा आदिबाट मूर्ति बनाउने कला नै मूर्तिकला हो । सबैभन्दा पुरानो इतिहास बोकेको मूर्तिकलामा नेपाल सम्पन्न छ । मूर्तिकलाबाट तत्कालीन धर्म संस्कार, पहिरन, आभूषण, आदिका बारेमा जानकारी प्राप्त हुन्छ । यसबाट सामाजिक जीवनको वास्तविकतालाई पनि बुझ्न सकिन्छ । नेपाली मूर्तिकलाले हाम्रो आफ्नो मौलिकपनलाई झल्काएको छ । कला साधनामा लागेका मिहिनेती कलाकारहरूको श्रम र सिपले सुन्दर नमुना बनेका मूर्तिकला हाम्रा अमूल्य सम्पत्ति हुन् । यिनको संरक्षणमा हामी सबैको ध्यान जानुपर्छ ।

घर, मन्दिर, दरबार, महल, पाटीपौवा, चैत्य, विहार आदि बनाउने कलालाई वास्तुकला भनिन्छ । यसलाई अर्को शब्दमा स्थापत्य कला पनि भनिन्छ । नेपाल प्राचीन कालदेखि नै वास्तुकलामा सम्पन्न मुलुक हो । प्यागोडा शैली, चैत्यशैली, विहार शैली, शिखर शैली आदि वास्तुकलाका

---

*आकृति* : अनुहार
*वाहन* : कसैलाई बोकेर लैजाने साधन, मानिस चढ्ने सवारी साधन
*आकृति* : अनुहार
*वाहन* : कसैलाई बोकेर लैजाने साधन, मानिस चढ्ने सवारी साधन
*तान्त्रिक* : तन्त्रमन्त्र जान्ने
*प्रतिबिम्ब* : टल्कने वस्तुमा पर्ने कुनै वस्तुको छाया
*सुस्केरा* : शारीरिक थकाइ आदिले गर्दा मुखबाट निस्कने लामो सास
*शैली* : कुनै कार्य वा गतिविधिको ढङ्ग, ढाँचा
*साधना* : सफलताका लागि निरन्तरको प्रयास
*सभ्य* : असल आचरण भएको, शिष्ट


Curriculum Development Centre

उल्लेखनीय शैलीहरू हुन् । नेपाली वास्तुकला त्यसमा पनि प्यागोडा शैलीलाई कलाकार अरनिकोले चीनसम्म फैलाउने काम गरेका थिए । मन्दिरहरूमा राखिने **गजुर**, टुँडाल, सिँढी, **तोरण,** कलापूर्ण झ्यालढोका नेपाली वास्तुकलाका पहिचान हुन् । यसै गरी बौद्धनाथ, पाटनको कृष्ण मन्दिर आदि वास्तुकलाका उत्कृष्ट नमुना हुन् ।

नेपाल **कला कौशल**ले भरिपूर्ण भएको पर्यटकीय मुलुक हो । काठमाडौँ उपत्यका कलाको भण्डार नै मानिन्छ । हाम्रो देशमा कलाका दृष्टिले मल्लकाललाई स्वर्ण युग मानिन्छ । हामीले आफ्नो कलाकृतिको संरक्षण र विकासमा विशेष ध्यान दिनुपर्छ । चित्रकला, मूर्तिकला र वास्तुकलाको महत्त्व र उपयोगिता राम्ररी बुझी यिनलाई आत्मसात् गर्न सक्नुपर्छ ।

साहित्य र सङ्गीत पनि कलाका अर्का रूप हुन् । लेखन कलाका रूपमा साहित्यको स्थान सर्वोपरि छ । यसबाट विभिन्न भाषामा साहित्यको विकास भएको छ । यसै गरी गायन र **वादन**का माध्यमबाट सङ्गीत कला अघि बढेको छ । हामी आफ्नो साहित्य र सङ्गीतमा धनी छौँ । हामीले आफ्नो साहित्य र सङ्गीतमा सधैँ नेपाली माटो, मन र मुटु पोख्नुपर्छ । आधुनिकताका नाममा हामीले आफ्नो प्राचीन लोक सङ्गीतका **सुसेली** र गाथालाई बिर्सनु हुँदैन । नृत्यकला, अभिनय कला, शिल्पकला आदिबाट पनि हामीले आफ्नो कलाप्रतिको मोह **प्रकट** गर्न सक्छौँ ।

हाम्रो समाजमा घरेलु शिल्पकलाको निकै महत्त्व छ । राडीपाखी बुन्ने, गुन्द्री, सुकुल, मान्द्रो, डोको, डालो, सोली, **ठेकी,** मदानी, **घुर्रो** आदि बनाउने सिप र कला हाम्रो समाजमा **उन्नत** अवस्थामै छन् । आजका नयाँ पुस्तामा यस किसिमका सिप र कला हस्तान्तरण गर्न सके कामको खोजीमा विदेशतिर जाने प्रवृत्तिमा कमी आउन सक्छ । यसबाट स्वदेशमै रही आत्मनिर्भर बन्न सकिन्छ । यसरी विभिन्न कला सिर्जनाका माध्यमबाट हामीले आफ्नो **व्यक्तित्व**लाई माथि उठाउन सक्छौँ ।

---

*गजुर* : देवी देवताको मन्दिरमा राखिने शिखरका आकारको ठाडो चुच्चे धुरी
*तोरण* : घर वा मन्दिरका भित्तामा बेरिने माला
*कला कौशल* : कलाकृति रचना वा निर्माण गर्ने शिल्प
*वादन* : बजाउने काम, बजाइ
*सुसेली* : ओठ गोलो पारी सासबाट निकालिएको सुरिलो आवाज
*प्रकट* : बाहिर देखिएको वा निस्केको
*ठेकी* : दही, मही आदि राखिने काठको भाँडो
*घुर्रो* : प्वाल भएको काठको चक्का
*उन्नत* : उन्नति भएको, समृद्ध
*व्यक्तित्व* : खास व्यक्तिमा हुने विशिष्टता



Curriculum Development Centre

कलाका साधनाबाट हामीले **आय आर्जन** गर्नका साथै राष्ट्रको **गरिमा** बढाउन सक्छौँ । यसबाट स्वदेश तथा विदेशमा आफ्नो **कीर्ति** फैलाउन सकिन्छ । यसैबाट हामी अमर हुन सक्छौ, इतिहासका पानामा सुरक्षित हुन्छौँ । त्यसैले कलाको महत्त्व राम्ररी बुझी हामी आफ्नो सिप र कलालाई कुनै न कुनै **माध्यम**बाट प्रस्तुत गर्न सधैँ अग्रसर हुनुपर्छ ।

---

*आय आर्जन* : आम्दानी बढाउने काम, आयको वृद्धि
*गरिमा* : गहकिलोपन
*कीर्ति* : असल कर्मबाट फैलिने प्रसिद्धि
*माध्यम* : कुनै कामका लागि उपयोगी हुने साधन

## *अभ्यास*

१. **तलका प्रश्नहरूको उत्तर भन :**

(क) कलाको उत्पत्ति केबाट भएको मानिन्छ ?

(ख) कलाको विकास कहाँ हुन्छ ?

(ग) कला कति प्रकारका हुन्छन् ?

(घ) कस्ता चित्रलाई परम्परागत चित्र भनिन्छ ?

(ङ हाम्रो देशमा आधुनिक चित्रकलाको सुरु कहिलेदेखि भएको हो ?

(च) मूर्तिकला के केबाट निर्माण गरिन्छ ?

२. **जोडा मिलाऊ :**

| | |
|---|---|
| परम्परागत नेपाली चित्र | राडीपाखी |
| जङ्गबहादुर राणा | बेलायत यात्रा |
| वास्तुकला | आय आर्जन |
| घरेलु शिल्पकला | पौवाचित्र |
| | पाटनको कृष्ण मन्दिर |

Curriculum Development Centre

३. **तलका भनाइका सम्बन्धमा साथीहरूबिच कक्षामा छलफल गर :**

(क) मानिस सिर्जनशील प्राणी हो ।

(ख) आधुनिकताका नाममा हामीले आफ्नो प्राचीन लोक सङ्गीतका सुसेली र गाथालाई बिर्सनु हुँदैन ।

(ग) कला मानव सभ्यताको पहिचान हो ।

४. **तलका प्रश्नको उत्तर लेख :**

(क) जीवनमा कलाको कस्तो महत्त्व छ ?

(ख) नेपाली मूर्तिकलाको अवस्था कस्तो पाइन्छ ?

(ग) 'नेपाल प्राचीन कालदेखि नै वास्तुकलामा सम्पन्न मुलुक हो ।' यस भनाइलाई पुष्टि गर ।

(घ) के कस्ता सिप र कलाहरू हाम्रो समाजमा विकसित अवस्थामा छन् ?

५. **व्याख्या गर :**

(क) नेपाली चित्रकलामा हाम्रो आफ्नै प्रकृति, संस्कृति र समाजको प्रतिविम्ब तथा जीवनका उकाली ओरालीका सुस्केरा पाइन्छन् ।

(ख) हामीले आफ्नो साहित्य र सङ्गीतमा सधैँ नेपाली माटो, मन र मुटु पोख्नुपर्छ ।

(ग) नेपाल कला कौशलले भरिपूर्ण भएको पर्यटकीय मुलुक हो ।

६. **पाठको तेस्रो अनुच्छेद पढी तलका प्रश्नको छोटो उत्तर लेख :**

(क) ललित कलाअन्तर्गत कुन कुन कला पर्दछन् ?

(ख) चित्रकलालाई कति भागमा वर्गीकरण गरिएको छ ?

(ग) कस्ता चित्रकलालाई परम्परागत चित्रकला भनिन्छ ।

(घ) परम्परागत चित्रकलाको निर्माण गर्दा कलाकारहरूको ध्यान केमा गएको देखिन्छ ?

(ङ) थाङ्काचित्रको निर्माणमा कुन विधि अपनाइन्छ ?

७. **कलाको महत्त्व पाठमा परेका मुख्य मुख्य कुराहरूलाई छोटकरीमा लेख ।**

Curriculum Development Centre

### शब्द भण्डार

८. **उस्तै अर्थ हुने शब्दसँग जोडा मिलाऊ :**

| | |
|---|---|
| उत्पत्ति | प्रकार |
| भेद | उपज |
| साधना | यथार्थ |
| वास्तविक | प्रयास |
| | प्रकट |

९. **अर्थ भन :**

उपज, विराट्, आविष्कार, ठेकी, गुन्द्री, मोह

१०. **वाक्यमा प्रयोग गर :**

साइनो, सिर्जना, परम्परागत, आधुनिक, शिल्पकला, वाङ्मय, ठेकी, कौशल, उपयोगिता

### उच्चारण र हिज्जे

११. **पाठको चौथो अनुच्छेद सस्वर वाचन गर ।**

१२. **उच्चारण गर :**

मस्तिष्क, पद्धति, आत्मनिर्भर, टुँडाल, हस्तान्तरण

१३. **शुद्ध गरी लेख :**

ललीत कला, अन्तरगत पर्ने कलाका धेरै भेधहरू छन ति मददे चीत्रकला, मुर्तिकला र बास्तुकला विसेष उल्खेनिए छन् ?

१४. **पाठको पहिलो अनुच्छेद शिक्षकबाट सुनेर लेख ।**

### कार्यमूलक व्याकरण

१५. **पढ, बुझ र गर :**

(क) केटो चित्र बनाउँछ ।

(ख) केटी चित्र बनाउँछे ।

(ग) उसले राडीपाखी बुन्न जानेको छ ।

(घ) उनले राडीपाखी बुन्न जानेकी छिन् ।

माथिका वाक्यहरूमा लिङ्गका आधारमा वाक्य परिवर्तन गरिएको छ । लिङ्गका आधारमा वाक्य परिवर्तन गर्दा पुलिङ्गलाई स्त्रीलिङ्गमा र स्त्रीलिङ्गलाई पुलिङ्गमा परिवर्तन गर्न सकिन्छ ।

**उदाहरण हेरी तलका वाक्यलाई लिङ्ग बदली वाक्य परिवर्तन गर :**

उदाहरण : उसले थाङ्का चित्र बनाउन जान्दछ ।

उनले थाङ्का चित्र बनाउन जान्दछिन् ।

(क) गुरुबाले चित्रकला सिकाउनु भयो ।

(ख) उसले बौद्धनाथको मन्दिर देखेको छ ।

(ग) तिमीले पाटनको कृष्ण मन्दिर देखेका छौ ।

(घ) तिनी स्वदेशमा नै बसी आत्मनिर्भर बन्छिन् ।

(ङ) छात्राहरू पौवा चित्र बनाउँछन् ।

**१६. वचन बदली वाक्य परिवर्तन गर :**

उदाहरण : ऊ मूर्ति बनाउँछ ।

उनीहरू मूर्ति बनाउँछन् ।

(क) चित्रहरू सुन्दर थिए ।

(ख) कालिगड मूर्ति बनाउँछ ।

(ग) तिमीहरू गीत गाओ ।

(घ) मैले कलाको साधना गरेको छु ।

(ङ) पारखीहरू कलाको पारख गर्छन् ।

**१७. तलका क्रियापदलाई बहु वचनमा बदल :**

हो, छ, सक्छ, हुन्छ, देख्छ, मान्छ, भन्यो, गयो, गऱ्यो

Curriculum Development Centre

१८. **करण भए अकरण र अकरण भए करणमा बदल :**

उदाहरण : हामी घुम्न जान्छौँ । (करण)

हामी घुम्न जाँदैनौँ । (अकरण)

(क) कलाकारहरू कलाप्रेमी हुन्छन् ।

(ख) मलाई चित्र बनाउन आउँदैन ।

(ग) उनीहरू अमूर्त कला मन पराउँछन् ।

(घ) साँचो बोल्ने बानी राम्रो हो ।

(ङ) पुराना दरबारहरूको जीर्णोद्धार भएन ।

(च) परिश्रम गर्ने बानी राम्रो होइन ।

***सिर्जनात्मक अभ्यास***

१९. **आफ्नो देश वा आफू जन्मेको गाउँको बयान गरी १०० शब्दसम्मको एउटा अनुच्छेद तयार पार ।**

२०. **तिमीलाई मन पर्ने कुनै एक कलाको बारेमा बयान गरी कक्षामा प्रस्तुत गर ।**

Curriculum Development Centre

# पाठ : १९ प्रधानाध्यापकलाई निवेदन

मिति: २०७०।०९।२६

श्रीमान् प्रधानाध्यापक
पद्मकन्या माध्यमिक विद्यालय
डिल्लीबजार, काठमाडौँ ।

विषय : शैक्षिक भ्रमण गराउने सम्बन्धमा ।

महोदय,

**सहकार्यकलाप** कक्षाकोठामा गरिने शिक्षण सिकाइको अभिन्न अङ्ग हो । शैक्षिक भ्रमणलाई सहकार्यकलापको एउटा पक्षका रूपमा लिन सकिन्छ । शैक्षिक भ्रमणबाट विद्यार्थीहरू विशेष लाभान्वित हुन्छन् । यस सन्दर्भमा कक्षा ६ का हामी सबै छात्राहरूले उपत्यकाका महत्त्वपूर्ण स्थलको शैक्षिक भ्रमण गर्ने विचार लिएका छौँ । यसमा कक्षा शिक्षक सविता पोखेलले साथ दिने वचन पनि दिनुभएको छ । हाम्रो शैक्षिक भ्रमणले लगभग एक हप्ताको समय लिने छ । काठमाडौँ उपत्यकाभित्रका धार्मिक, ऐतिहासिक, शैक्षिक, औद्योगिक र **पुरातात्त्विक** ठाउँका बारेमा जानकारी लिनु हाम्रो शैक्षिक भ्रमणको मुख्य उद्देश्य हुने छ । पाठ्य पुस्तकबाट सिक्नुपर्ने कुराबाहेक सम्बन्धित विषयको जानकारी यस शैक्षिक भ्रमणबाट प्राप्त गर्न सकिन्छ । यी कुराहरूलाई मनन गर्दै हाम्रो मनोभावनालाई विचार गरेर उपत्यकाको शैक्षिक भ्रमण गराउने व्यवस्थाका लागि विनम्र अनुरोध गर्दछौँ ।

आज्ञाकारी छात्राहरू
कक्षा : ६

---

*सहकार्यकलाप* : पढाइसँगै व्यक्तित्व विकास गर्न मद्दत गर्ने वा सहयोग पुऱ्याउने किसिमको कार्यकलाप
*पुरातात्त्विक* : प्राचीन महत्त्व झल्काउने किसिमको



Curriculum Development Centre

## अभ्यास

१. **उत्तर भन :**

(क) यो निवेदन कसले कसलाई लेखेको हो ।

(ख) निवेदन के विषयमा लेखिएको छ ?

(ग) सहकार्यकलाप भन्नाले केलाई बुझिन्छ ?

(घ) शैक्षिक भ्रमणमा कति कक्षाका विद्यार्थी सहभागी हुने भएका छन् ?

२. **तलका प्रश्नको उत्तर लेख :**

(क) माथिको निवदेनमा कसले कसलाई केका लागि अनुरोध गरेको छ ?

(ख) कक्षा ६ का छात्राहरूले शैक्षिक भ्रमणको कार्यक्रम कसरी तयार गरेका छन् ?

(ग) शैक्षिक भ्रमणको मुख्य उद्देश्य के हो ?

३. **शिक्षकको सहयोगमा निवेदनको ढाँचाका सम्बन्धमा कक्षाका साथीहरूबिच छलफल गर ।**

४. **शैक्षिक भ्रमणमा सामेल हुन पाऊँ भनेर प्रधानाध्यापकलाई निवेदन लेख ।**

५. **छात्रवृत्ति पाऊँ भनेर आफ्नो विद्यालयका प्रधानाध्यापकलाई निवेदन लेख ।**

## शब्द भण्डार

६. **तलका मिल्दो अर्थसँग जोडा मिलाऊ :**

| | |
|---|---|
| अनुरोध | ठाउँ |
| स्थल | धारणा |
| ऐतिहासिक | आग्रह |
| विचार | इतिहास |
| | व्यवस्था |

Curriculum Development Centre

७. **तलका शब्दको अर्थ लेख :**

मनन, विचार, अभिन्न, भ्रमण, महोदय

८. **अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :**

निवेदन, विद्यालय, विनम्र, मनोभावना, लाभान्वित

## *उच्चारण र हिज्जे*

९. **माथिको पाठ पालैपालो पढेर कक्षामा सुनाऊ ।**

१०. **तलका शब्द शुद्धसँग उच्चारण गर :**

पुरातात्त्विक, सहकार्यकलाप, महत्त्वपूर्ण, उपत्यका, विचार

११. **सच्याएर सार :**

सैक्षिक भर्मन, विध्यार्थी, लछ्य, धारमिक

१२. **पाठको निवेदन राम्रा अक्षरमा कापीमा सार**

## *कार्यमूलक व्याकरण*

१३. **पढ, बुझ र गर :**

(क) म शैक्षिक भ्रमणमा जान्छु ।

(ख) हामी शैक्षिक भ्रमणमा जान्छौँ ।

(ग) तँ शैक्षिक भ्रमणमा जान्छस् ।

(घ) तिमी शैक्षिक भ्रमण जान्छौ ।

(ङ) तपाईं शैक्षिक भ्रमणमा जानुहुन्छ ।

(च) ऊ शैक्षिक भ्रमणमा जान्छ ।

(छ) उनीहरू शैक्षिक भ्रमणमा जान्छन् ।

Curriculum Development Centre

(ज) तिनीहरू शैक्षिक भ्रमणमा जान्छन् ।

(झ) उहाँहरू शैक्षिक भ्रमणमा जानुहुन्छ ।

माथिका वाक्यहरूलाई पुरुषका आधारमा वाक्य परिवर्तन गरिएको छ ।

पुरुषले बोल्ने वक्ता, सुन्ने श्रोता र कुरा गरिने व्यक्ति वा वस्तुलाई जनाउँछ । म, हामी, तँ, तिमी, त्यो, ऊ आदि पुरुषका रूपमा प्रयोग हुने शब्द हुन् ।

कोष्ठकमा दिइएका मिल्दो क्रियापदका आधारमा खाली ठाउँ भर :

(क) तिमी चिठी ...............................। ( लेख्छु, लेख्छस्, लेख्छौ )

(ख) म पाठ.................................... । ( पढ्छु, पढ्छौ, पढ्छ )

(ग) त्यो भनेको ................................। ( मान्छु, मान्छस्, मान्छ )

(घ) हामी मिलनसार...........................। ( छस्, छन्, छौँ )

(ङ) तिमी आफ्नो काम आफैँ ............. । ( गर्छौ, गर्छु, गर्छ )

**१४. तल दिइएका वाक्यलाई भिन्नै पुरुषमा लगी परिवर्तन गर :**

*उदाहरण : म कलम किन्छु - तिमी कलम किन्छौ ।*

*- त्यो कलम किन्छ ।*

(क) तिनीहरू घर जान्छन् ।

(ख) तिनीहरू चिठी लेख्छन् ।

(ग) तँ निवेदन पढ्छस् ।

(घ) तँ खेल जित्छस् ।

(ङ) हामी शैक्षिक भ्रमणमा जान्छौँ ।

**१५. तलका सर्वनाम शब्दलाई वाक्यमा प्रयोग गर :**

म, हामी, तँ, तपाईं, त्यो, तिनी, ऊ, उनी, उनीहरू

**१६. पद सङ्गतिलाई विचार गरेर प्रथम, द्वितीय र तृतीय पुरुषमा तिन ओटा वाक्य लेख ।**



Curriculum Development Centre

१७. **उदाहरणमा देखाए जस्तो गरी तलका वाक्यहरूलाई पूर्ण भूत कालमा परिवर्तन गर**

उदाहरण: तिमीले काठमाडौँ उपत्यकाको शैक्षिक भ्रमण गर्ने विचार लिएका थियौ ।

(क) तिमीले काठमाडौँ उपत्यकाको शैक्षिक भ्रमण गर्ने विचार लिएका छौ ।

(ख) कक्षा शिक्षकले शैक्षिक भ्रमणमा जाने वचन दिनुभएको छ ।

(ग) हामीले पुरातात्त्विक ठाँउका बारेमा जानकारी पाएका छैनौँ ।

(घ) हामीले शैक्षिक भ्रमणबाट धेरै कुरा जानेका छौँ ।

***सिर्जनात्मक अभ्यास***

१८. **घरायसी चिठी र विद्यालय सम्बन्धी निवेदनमा पाइने भिन्नता सम्बन्धमा कक्षाका साथीहरूबिच छलफल गर ।**

१९. **आफू बिरामी परेको कारणबाट छुट्न गएको परीक्षा लिने व्यवस्था मिलाइदिन प्रधानाध्यापकलाई निवेदन लेख ।**

Curriculum Development Centre

पाठ : २०

# श्रीकृष्णको पराक्रम

शौनक आदि ऋषिहरूले कंशका बारेमा जान्ने इच्छा प्रकट गरेपछि शुकदेव स्वामीले भन्न थाले, "शूरका छोरा वसुदेव र देवककी छोरी देवकीको धूमधामसँग बिहे भयो । **बेहुली** पठाउँदा देवकले पनि हात्ती, घोडा, सुन, रथ आदि दिएर छोरीज्वाइँलाई **सन्तुष्ट** पारे । बहिनीको बिहेमा मथुराको युवराज कंश पनि खुब खुसी भयो ।"



कंश आफैंले बहिनी ज्वाइँको **रथ** हाँक्दै थियो । **अचानक** आकाशतिरबाट आवाज आयो, "मूर्ख कंश ! जसको बिहेमा तँ खुसी हुँदै छस्, त्यसकै आठौँ सन्तानबाट तँ मर्ने छस् ।"

---

*बेहुली* : बिहे गरेर घर पठाउन लागिएकी महिला
*सन्तुष्ट* : खुसी
*रथ* : घोडाले तान्ने बग्गी
*अचानक* : एक्कासि

Curriculum Development Centre

युवराज भए पनि कंश दुष्ट थियो । **आकाश वाणी** सुन्ने बित्तिकै उसको अनुहारको रङ फेरियो । उसको खुसी एक प्रकारको ईर्ष्यामा परिणत भयो । ऊ वसुदेव र देवकीलाई मार्ने सुरले अघि सऱ्यो । दाजुको यस्तो व्यवहार देखेर देवकी डरले थरथरी काम्न थालिन् । वसुदेवले नमार्न अनेक बिन्ती गरे तर कंशले मानेन । अन्त्यमा आफूले जन्माएका सबै सन्तान कंशलाई सुम्पने सर्तमा उसले बहिनी ज्वाइँलाई छोडिदियो । केही समयपछि आफ्नै बाबु उग्रसेनलाई बन्दी बनाएर कंश राजा बन्यो ।

यता वसुदेव र देवकीको पहिलो सन्तानको जन्म भयो । वसुदेव र देवकी खुसी भए तर त्यो धेरै बेर रहेन । उनीहरूले सन्तानको मुख मात्र हेर्न पाउने भए । सर्तअनुसार वसुदेव र देवकीले आफ्नो प्राणभन्दा प्यारो सन्तानलाई कंशको जिम्मा लगाए । उसले केही बेर सोच्यो र भन्यो, "लैजाओ यसलाई, यसले मलाई मार्दैन । आठौँ चाहिँ नबिर्सी ल्याउनू ।"



वसुदेव र देवकी खुब खुसी भए । सन्तान दान दिएकामा उनीहरूले कंशको प्रशंसा पनि गरे । उनीहरूले आफ्नो जीवनको सुखद योजना पनि बनाए । उता कंश पनि राजकाजका बारेमा छलफल गर्न लाग्यो । उसले देवकीको सन्तान जन्मेको र त्यसलाई आफूले नमारेको पनि सुनायो । छलफल सकिन लाग्दा एक सल्लाहकार उठेर भने, "महाराज **रिसानी** माफ होस् । देवकीका सन्तानलाई त्यसरी छाड्नु ठिक होइन । उनीहरूले ढाँटेर सन्तान जोगाए भने **अनर्थ** हुन्छ । आठौँ सन्तान लुकाइदिए भने झन् अनर्थ हुन्छ । काल बाजा बजाएर आउँदैन, महाराज ! समयमै बुद्धि पुऱ्याएर सोच्नुपर्छ ।"

---

*आकाश वाणी* : आकाश मार्गबाट आएको खबर    *अनर्थ* : नसोचेको कुरा, हानि
*रिसानी* : रिस

Curriculum Development Centre

सल्लाहकारले यति के भनेका थिए कंश जङ्गियो, "जाओ, तिनीहरूलाई दरबारमा ल्याई बन्दी बनाओ । तिनीहरूका सन्तानको म नै व्यवस्था मिलाउँछु । मैले कालको पूजा गर्ने कला पनि जानेको छु । नभन्दै वसुदेव र देवकीलाई बन्दी बनाइयो । बर्सेनि जस्तै उनीहरूका सन्तान जन्मे । कंशले उनीहरूकै अगाडि प्राणभन्दा प्यारा सन्तान मारिदियो । उसले देवकीका आँसुलाई रगतले पुछिदियो ।

अब आठौँ सन्तान जन्मने बेला भयो । वसुदेव र देवकीमा दुःख र **हर्ष** दुवै देखियो । आठौँ सन्तानबाट सुख होला कि भन्ने आशा पनि पलायो । परिस्थिति थाहा पाएर सन्तान जन्मनुपूर्व नै कंशले वसुदेव र देवकीलाई विशेष खालको जेलमा थुन्यो । वसुदेवलाई त **हतकडी** लगाएर राख्यो । भाग्लान् भन्ने डरले थुप्रै पाले पहरा पनि राख्यो । उसले उनीहरूलाई यमराजका रूपमा हेर्न थाल्यो ।

एक रात कंश मस्तसँग निदाइरहेको थियो । उसले सपनामा एउटा विषालु सर्पले डस्न लागेको देख्यो । उसले बच्ने धेरै कोसिस गर्‍यो तर सकेन । सर्प उसको नजिक आउँदा दुई, तिन, चार हुँदै आठ ओटा भए जस्तो लाग्यो । तिनले घेरेर डस्नै लाग्दा ऊ झसङ्ङ भएर बिउँझियो । आफूले मारेका देवकीका सन्तान र जन्मने आठौँ सन्तान उसको दिमागमा झलझली घुम्न लागे । ऊ तुरुन्त देवकी सुतेको ठाउँमा पुग्यो । त्यहाँ देवकीले शिशु जन्माइसकेकी थिइन् तर वसुदेव हतकडीमै थिए ।

"मेरो मृत्यु ! देख्लास् अब के हालत हुन्छ तेरो । अब म तेरो नामोनिसान मेटाइदिन्छु ।" **अट्टहास** गर्दै कंश देवकीको छेउमा पुग्यो । उसले यसो हेर्‍यो, बच्ची जन्मेकी रहिछन् । ऊ फेरि हाँस्यो । यस्ती फुच्चीले मलाई मार्ने ? असम्भव ! यो हुनै सक्दैन । उसले ती बच्चीलाई खुट्टातिर समाएर भुइँमा पछार्ने सुरले माथि उचाल्यो ।

"दाजु ! यसलाई नमार्नुहोस् । मेरा  पुत्र त मार्नुभयो । यो बच्चीले त के गर्छे र ! छोडिदिनुहोस् यसलाई !" **मातृवात्सल्य** प्रकट गर्दै देवकी चिच्याइन् ।

कंशमा दैत्यको अंश थियो । उसले मानव हृदय किन बुझ्थ्यो । उसको मन त कठोर भइसकेको थियो । उसले कुरै नसुनी बच्चीलाई पछार्न खोज्यो । देवकी घोप्टो परेर कर्मलाई पुकार्न थालिन् । वसुदेवमा पनि एक प्रकारको **सन्त्रास** देखियो । उनलाई पृथ्वी नै काँपे जस्तो लाग्यो तर अचम्म ! बालिका त भुइँमा नखसी कंशको हातबाट फुस्केर आकाशतिर पो उडिन् ।

---

*हर्ष* : खुसी
*हतकडी* : दुवै हातलाई एकै ठाउँ पारेर चलाउन नमिल्ने गरी लगाइने साँचो
*अट्टहास* : ठुलो हाँसो
*मातृवात्सल्य* : आमाले छोराछोरीप्रति प्रकट गर्ने माया
*सन्त्रास* : डर



Curriculum Development Centre

यत्तिकैमा अदृश्य स्थानबाट आवाज आयो, "दुष्ट कंश ! म त तेरो मृत्यु होइन, कारक मात्र हुँ । तेरो मृत्यु त यतिखेर गोकुलमा खेल्दै छ । संसारमा अत्याचार कहिल्यै टिक्दैन अनि सृष्टिको नियम पनि गलत हुँदैन । अबोध शिशुलाई मारेको **प्रायश्चित्त** तैँले गर्नै पर्छ । मृत्यु वरणको तयारी गर् ।"

यो सुन्नासाथ कंश थरथर काम्दै बाहिर निस्क्यो । उसमा एक प्रकारको हीनताभाव र भय पनि देखियो । उसले पछि मात्र थाहा पायो वसुदेव र देवकीका सन्तानलाई त्यस राति देखि नै गोकुलका व्रजराज नन्दबाबा र यशोदाका सन्तानका रूपमा हुर्काइँदै रहेछ । तिनै बालकले पछि कृष्ण बनी कंशको हत्या गरे । कंशको अत्याचार सधैँका लागि अन्त्य भयो ।

---

प्रायश्चित्त : पापबाट मुक्त हुन गरिने कार्य

## *अभ्यास*

१. **उत्तर भन :**

(क) देवकी कसकी छोरी हुन् ?

(ख) आकाशतिरबाट के आवाज आयो ?

(ग) कंशले किन पहिलो सन्तान मारेन ?

(घ) कंशले वसुदेव र देवकीलाई किन बन्दी बनायो ?

(ङ) सपनामा कंशले के देख्यो ?

(च) कंशलाई कसले माऱ्यो ?

२. **कसले कसलाई भनेको हो ?**

(क) मूर्ख कंश ! जसको बिहेमा तँ खुसी हुँदै छस् त्यसकै आठौँ सन्तानबाट तँ मर्ने छस् ।

(ख) यसले मलाई मार्दैन ।

Curriculum Development Centre

(ग) जाओ, तिनीहरूलाई दरबारमा ल्याई बन्दी बनाओ ।

(घ) दाजु ! यसलाई नमार्नुहोस् ।

(ङ) म त तेरो मृत्यु होइन कारक मात्र हुँ ।

३. **उत्तर लेख :**

(क) युवराज कंश किन खुसी भयो ?

(ख) कंशले किन बहिनी ज्वाइँलाई मार्न खोज्यो ?

(ग) सल्लाहकारले कंशलाई कस्तो सल्लाह दियो ?

(घ) देवकीका सबै सन्तान मार्नुको कारण के थियो ?

(ङ) कंशको सपनाको तात्पर्य के थियो ?

(च) बालिका किन आकाशतिर उडेकी होलिन् ?

(छ) के कंशको हत्या गर्नु ठिक थियो ?

४. **व्याख्या गर :**

(क) अबोध शिशुलाई मारेको प्रायश्चित्त तैँले गर्नै पर्छ ।

(ख) काल बाजा बजाएर आउँदैन ।

५. **कंशले बोलेका संवादलाई अभिनयसहित पढ ।**

६. **यस कथाका मुख्य मुख्य कुरा लेखेर शिक्षकलाई देखाऊ ।**

७. **यदि तिमी यस कथाको कंश भएको भए देवकी र वसुदेवप्रति कस्तो व्यवहार गर्थ्यौ ?**

८. **तिम्रो छिमेकमा खराब आचरण भएका मानिस बसेका हुन सक्छन् । तिनलाई सज्जन बन्न अनुरोध गर्नुपरे के के भन्छौ ? पाँच वाक्यमा लेख ।**

Curriculum Development Centre

## शब्द भण्डार

९. **तलका शब्दको अर्थ लेख :**

बिन्ती, सर्त, राजकाज, जेल, वरण

१०. **अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :**

धूमधाम, परिणत, ईर्ष्या, सुम्पनु, सन्तान, सल्लाहकार, दैत्य, बाजा, काल, हतकडी, सन्त्रास, अत्याचार

## उच्चारण र हिज्जे

११. **कथाका अनुच्छेदहरू पालैपालो पढेर कक्षामा सुनाऊ ।**

१२. **तलका शब्द शुद्धसँग उच्चारण गर :**

ऋषि, छोरीज्वाइँ, सन्तुष्ट, ईर्ष्या, प्राण, परिस्थिति, हतकडी, झसङ्ङ, भविष्यवाणी मातृवात्सल्य, व्रजराज

१३. **सच्याएर सार :**

कम्स आफैले वैनीजुवाईंको रथ हाक्दै थ्यो । अचानक अकासतीर बाट आबाज आयो मुरख ! कम्स जस्को बिएमा त खुसी उदँछस् त्यसकै आठौ सन्तानबाट त मर्नेछस ।

१४. **पाठको पहिलो अनुच्छेद राम्रा अक्षरमा कापीमा सार ।**

## कार्यमूलक व्याकरण

१५. **उदाहरण हेरेर वाक्य बनाऊ :**

उदाहरण : कंश बहिनी ज्वाइँको रथ हाँक्दै थियो ।

कंश बहिनी ज्वाइँको रथ हाँक्दै छ ।

(क) सन्तान दान दिएकोमा देवकीले कंशको प्रशंसा गर्दै थिइन् ।

(ख) कंश जङ्गिँदै थियो ।

Curriculum Development Centre

(ग) कंश सपना देख्दै थियो ।

(घ) कृष्ण कंशलाई मार्दै थिए ।

(ङ) कंशको मृत्यु गोकुलमा खेल्दै थियो ।

**१६. तलका वाक्यहरूलाई उदाहरणमा देखाए जस्तै गरी दुई किसिमले परिवर्तन गरेर कापीमा लेख :**

उदाहरण : कंश दुष्ट थिए ।

कंश दुष्ट थियो ।

कंश दुष्ट हुनुहुन्थ्यो ।

(क) कंश दुष्ट थिए ।

(ख) देवकी खुसी भइन् ।

(ग) कंशले देवकीलाई विशेष खालको जेलमा थुने ।

(घ) देवकीले शिशु जन्माइन् ।

(ङ) बालिका आकाशतिर उडिन् ।

(च) देवकीका सन्तानलाई यशोदाले हुर्काइन् ।

**१७. जोडा मिलाऊ :**

| | |
|---|---|
| तिमी | आयो |
| बहिनी | आउनुभयो |
| तपाईं | आउँछिन् |
| ऊ | आउँछौ |
| | आउँछन् |

**१८. वाक्यमा प्रयोग गर :**

तिमी, तपाईं, हजुर, उनी, तिनी, उहाँ

Curriculum Development Centre

१९. **गल्ती वाक्यलाई सच्याएर कापीमा सार :**

(क) दाजु मलाई दया गर ।

(ख) ऊ फेरी हाँसे ।

(ग) बहिनी पाठ पढ्नुहुन्छ ।

(घ) उनी खेल हेर्छ ।

(ङ) तँ आफ्नो काम गर्छौ ।

**सिर्जनात्मक अभ्यास**

२०. **अगाडिको कोष्ठकमा १, २, ३ ........ राखेर वाक्यक्रम मिलाई कथा बनाऊ र कक्षामा सुनाऊ :**

( ) विद्यालय जानु सट्टा बल्छी बोकेर नदीमा माछा मार्न जानु

( ) केटोले गलतिर किन घोरिरहनु भएको छ भनी सोध्नु

( ) नदीको किनारमा एक जना बुढी आमा देख्नु

( ) एक जना केटालाई पटक्कै पढ्न मन नलाग्नु

( ) केटोले यति ठुलो गल घोटेर कसरी सियो बनाउने भनी सोध्नु

( ) बुढी आमा ठुलो ढुङ्गामा गलको टुक्रा घोटिरहनु

( ) आमाले गललाई सियो बनाउनु छ भन्नु

( ) केटाले त्यत्रो गल घोटेर सियो बन्छ भने पढ्न पनि सकिन्छ भन्ने सोच्नु

( ) बुढी आमाले गललाई घोट्न अल्छी नगरी घोटिरहेमा सियो बन्छ भन्नु

( ) केटो बल्छी फालेर स्कुलतिर फर्कनु

२१. **तिमीले जानेको वा सुनेको कुनै धार्मिक वा पौराणिक कथा लेखेर कक्षामा सुनाऊ ।**

Curriculum Development Centre